शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना

आ.व. २०८०/०८१ – २०८४/०८५

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय
मझगाउँ, कञ्चनपुर

फोटो: मनोज ऐर /शु.रा.नि.

प्रकाशक:

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, मझगाउँ, कञ्चनपुर

सन्दर्भ सामग्री (Citation):

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना (२०८०), शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, मझगाउँ, कञ्चनपुर

प्रतिलिपि अधिकार:

२०८०, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, मझगाउँ, कञ्चनपुर

आवरण फोटो (अगाडि तथा पछाडी):

मनोज ऐर, संरक्षण अधिकृत, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना

आ.व. २०८०/०८१ – २०८४/०८५

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय
मझगाउँ, कञ्चनपुर

©मनोज ऐर/शु.रा.नि.

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौँ

दुई शब्द

जैविक विविधता, भू-दृश्य र प्राकृतिक सम्पदाहरूको धनी क्षेत्रको रूपमा रहेको सुदूरपश्चिम प्रदेशमा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको संरक्षण र व्यवस्थापन कार्यमा नेपालका अन्य संरक्षित क्षेत्रको तुलनामा केही थप चुनौतीहरूको सामना गर्नु पर्ने अवस्था छ। वन्यजन्तुको वासस्थानको विनाश तथा क्षयीकरण, अतिक्रमण, वन्यजन्तुको चोरी शिकार तथा अङ्गहरूको अवैध व्यापार, मिचाहा प्रजातिको नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द, घाइते, अशक्त, टुहुरा र असहाय वन्यजन्तुको व्यवस्थापन जस्ता चुनौतीहरू अन्य संरक्षित क्षेत्रको जस्तै यस निकुञ्जले पनि सामना गरिरहेको छ। यिनका अतिरिक्त यस निकुञ्जको वरिपरीको भू-भाग घना वस्तिले घेरिएको कारण काठ, दाउरा, घाँस र चरिचरन लगायतमा स्थानीय जनसमुदायको निकुञ्ज क्षेत्रको श्रोतमा निर्भरता अत्यधिक रहेको पाइन्छ। यसको साथै निकुञ्जको भित्री भाग समेत अतिक्रमणको चपेटाबाट गुज्रिरहेकोले यस्ता थप विद्यमान समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी यस निकुञ्जलाई व्यवस्थापन गर्न आगामी पाँच वर्षको लागि यो व्यवस्थापन योजना तयार भएको पाइयो।

वि.स.२०३३ सालमा कञ्चनपुर जिल्लाको नेपाल-भारत सिमानाको दक्षिण-पश्चिम कुनाको १५५ वर्ग कि.मि. क्षेत्रफललाई विश्वकै ठूलो बाह्रसिँगाको बथान संरक्षणको लागि वन्यजन्तु आरक्षको रूपमा स्थापना भएको थियो भने यसको पूर्वतर्फ थप १५० वर्ग कि.मि. क्षेत्र विस्तार गरेर वि.सं. २०५१।०२।०९ को राजपत्रमा सूचना प्रकाशन गरी ३०५ वर्ग कि.मि.क्षेत्रफल ओगटेको आरक्ष कायम भयो। वि.सं. २०६१ सालमा २४३.५ वर्ग कि.मि. क्षेत्रफलको आरक्ष वरिपरिको क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो। यस क्षेत्रको सम्भावनालाई मध्यनजर गरी पर्यापर्यटन प्रवर्द्धन तथा यहाँ रहेका प्राकृतिक श्रोतको वुद्धिमतापूर्वक दिगो प्रयोग गर्ने उद्देश्यले यस आरक्षलाई मिति २०७३।११।०९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घोषणा गरी संरक्षण तथा व्यवस्थापनको काम हुँदै आएको छ।

वन र वन्यजन्तु संरक्षण कार्य एउटा दीर्घकालीन र निरन्तर प्रक्रिया भएकोले यसमा स्थानीय बासिन्दाहरूको सक्रिय सहभागिताका साथै राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा रहेका संरक्षण साझेदार संघ/संस्था तथा व्यक्तिहरूको सहभागिता तथा प्रतिबद्धता आवश्यक हुन्छ भने यस्ता सम्पदाको संरक्षण तथा व्यवस्थापनमा राज्यले अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेको प्रतिबद्धता तथा राष्ट्रिय दायित्व पुरा गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको यिनै कुराहरूलाई मध्यनजर गरी आगामी पाँच वर्षभित्र गर्नु पर्ने विषयहरूको पहिचान गरेर पेश हुन आएको यस व्यवस्थापन योजना २०८०/०८१-२०८४/०८५ लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ (१क) र दफा ३ ख (१) बमोजिम विभागको तर्फबाट आवश्यक संशोधन गरी स्वीकृत गरिएको छ।

यो व्यवस्थापन योजना तयारीको संयोजन गर्नु हुने शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत किशोर कुमार मेहता र उँहाको टिम र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष लगायतका सरोकारवाला सबैलाई धन्यवाद दिन चाहन्छु। यस व्यवस्थापन योजनाको पुनरावलोकन गर्नु हुने डा. कृष्ण प्रसाद आचार्य, श्याम बजिमय, अजय कार्की एवम् विष्णु प्रसाद थपलिया लगायतका पुनरावलोकन कर्ताहरूलाई आभार व्यक्त गर्न चाहन्छु। साथै यस व्यवस्थापन योजनाको कार्यान्वयनबाट निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्र र पर्यापर्यटन गतिविधिबाट आम समुदाय लाभान्वित हुनेछन् भन्ने विश्वास गर्दै यसको कार्यान्वयनको श्रोतको व्यवस्थापनको लागि सरोकारवाला सबै समक्ष हार्दिक अपिल गर्दछु।

डा. महेश्वर ढकाल
महानिर्देशक
मिति: २०८०/०१/१७

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय
मझगाउँ, कञ्चनपुर

आभार

यस व्यवस्थापन योजनाको तयारी कार्यमा प्राविधिक टोलीको अथक प्रयास सँगसँगै विभिन्न व्यक्तित्वहरूको प्रोत्साहन र दिशानिर्देशहरू महत्त्वपूर्ण रहेको छ। जैविक विविधताको दिगो संरक्षण गरी मानव वन्यजन्तु सह-अस्तित्व कायम गर्ने मुख्य उद्देश्यका साथ तयार गरिएको यस व्यवस्थापन योजनालाई अन्तिम रूप दिन स्थानीय तथा राष्ट्रियस्तरका सरकारी निकायहरू, विज्ञहरू, नागरिक समाज र अन्य सरोकारवालाहरू व्यक्ति तथा संघ संस्थाहरूको साथ र सहयोग विना सम्भव थिएन।

सर्वप्रथम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकाललाई उहाँको निरन्तर मार्गदर्शन, हौसला र सहयोगको लागि धन्यवाद दिन चाहन्छु। त्यसैगरी निरन्तर प्राविधिक सहयोग र योजनाको अन्तिम समिक्षा गर्नुहुने विभागका उप-महानिर्देशक श्री अजय कार्कीलाई धन्यवाद दिन चाहन्छु। नेपाल सरकारका पुर्व सचिव तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक डा. कृष्ण प्रसाद आचार्यलाई अन्तिम मस्यौदाको समिक्षाका लागि समय दिनु भएकोमा धन्यवाद दिन चाहन्छु। यस योजनाको प्रारम्भिक समिक्षाको लागि विभागका पूर्व महानिर्देशक तथा संरक्षित क्षेत्र व्यवस्थापन विज्ञ श्री फणिन्द्र राज खरेललाई पनि धन्यवाद दिन चाहन्छु। त्यसैगरी विभागका पूर्व महानिर्देशक एवं बाह्य समिक्षक श्री श्याम बजिमयलाई योजना कार्यान्वयन योग्य बनाउन आलोचनात्मक समिक्षा र प्रतिक्रियाको लागि विशेष धन्यवाद दिन चाहन्छु।

विभागका व्यवस्थापन अधिकृत श्री बिष्णु प्रसाद श्रेष्ठ, सहायक व्यवस्थापन अधिकृतद्वय श्री ऋषिराम ढकाल र श्री शैलेन्द्र चौधरी र व्यवस्थापन शाखाका सम्पूर्ण कर्मचारीहरूलाई अमूल्य सहयोगको लागि विशेष धन्यवाद दिन चाहन्छु। व्यवस्थापन योजना निर्माण कार्यदलका सदस्य शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री लब बहादुर बिष्ट, सहायक योजना अधिकृत श्री पेम्बा शेर्पा, विभागका अन्य शाखा प्रमुख तथा अधिकृतहरू, ZSL नेपालका विष्णु प्रसाद थपलियालाई उहाँहरुको मूल्यवान् टिप्पणी र प्रतिक्रियाको लागि धन्यवाद दिन चाहन्छु।

आफ्नो पाँच वर्षे योजना तयार गर्न प्रक्रियामा निरन्तर अन्तरक्रिया र सहयोगको लागि मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, मध्यवर्ती क्षेत्र उपभोक्ता समूह, मध्यवर्ती क्षेत्र सामुदायिक वन उपभोक्ता समूह र अन्य सरोकारवालाहरू प्रति धेरै धेरै आभार व्यक्त गर्दछु। त्यसै गरी योजना तयारीको क्रममा आयोजना गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागिता र सुझावको लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका सदस्यहरू, स्थानीय तहका प्रतिनिधिहरू र सरोकारवाला निकायका प्रतिनिधिहरुलाई धन्यवाद दिन चाहन्छु।

यस योजना तयार गर्न आर्थिक सहयोग गर्ने संरक्षण साझेदार संस्था ZSL नेपालले IUCN/KFW र Panthera/USFWS आयोजनाबाट ZSL नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोष-शुक्लाफाँटा कार्यक्रम मार्फत उपलब्ध भएको समिति श्रोतको सर्हाना गर्दै धन्यवाद दिन चाहन्छु। यो योजना तयार गर्न प्राविधिक सहयोग गर्ने परामर्शदाता वातावरण संरक्षण परामर्श केन्द्र प्रा.लि.को प्राविधिक टोलीलाई यस योजनालाई अन्तिम रूप दिन उपभोक्ता स्तरीय अन्तरक्रिया, योजना लेखन, विश्लेषण, केन्द्रीयस्तरको अन्तरक्रिया र राय सुझाव संकलन कार्यको लागि हार्दिक धन्यवाद दिन चाहन्छु। यस योजनामा समावेश गरिएका नक्सा तयारीको लागि सहायक संरक्षण अधिकृत श्री मनोज ऐर लाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृतहरू श्री प्रमोद कुमार यादव, श्री रोशन सिंह ठगुन्ना, रेन्जर प्रयास के.सि., रेन्जर जानकी भण्डारी तथा मेरा सबै सहकर्मी कर्मचारी साथीहरु र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरू, राष्ट्रिय प्रकृति संरक्षण कोष-शुक्लाफाँटा कार्यक्रमका प्रमुख लक्ष्मीराज जोशी लगायत उँहाको टिम र निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाको रुद्रध्वज गणका गणपति प्रमुख सेनानी श्री सागर कार्की लगायत उँहाको सकल दर्जा तथा स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधिहरूलाई योजनाको तयारीमा गरेको बहुमूल्य योगदानको लागि विशेष धन्यवाद दिन चाहन्छु। आ.व. २०८०/०८१ देखि आ.व. २०८४/०८५ सम्मको यस व्यवस्थापन योजनाको सफल कार्यान्वयनको लागि स्थानीय सरकार, प्रदेश सरकार, तथा संरक्षण साझेदार संघ संस्थालाई श्रोतको खोजी तथा सुनिश्चितताको लागि हार्दिक अपिल सहित आभार व्यक्त गर्न चाहन्छु।

किशोर कुमार मेहता
प्रमुख संरक्षण अधिकृत
मिति:२०८०/०१/११

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
व्यवस्थापन शाखा
पत्र संख्या : २०७९/८०-व्य ४६६
जनानी नं. : २९४५
फोन नं. : ४२२०८३०
: ४२२०९१२
: ४२२०९२६
फ्याक्स नं. : ४२२०९७४
पो.ब. नं. – ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

मिति : २०८०/१/१९

विषय: व्यवस्थापन योजना स्वीकृत सम्बन्धमा ।

श्री शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय,
मझगाउँ, कञ्चनपुर ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. ०७९/८० च.नं. १४११ मिति २०८०/१/११ को पत्रसाथ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको पञ्चवर्षिय व्यवस्थापन योजना (२०८०/०८१ - २०८४/०८५) स्वीकृतीको लागि पेश हुन आएको टिप्पणी फाईल उपर कार्वाही हुँदा व्यवस्थापन योजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत भए पश्चात लागु हुने गरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावल, २०३० को नियम ३क. को उपनियम (२) बमोजिम पेश हुन आएको व्यवस्थापन योजना स्वीकृत भएको र स्वीकृत व्यवस्थापन योजनाको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक बातावरणीय परीक्षण (IEE) अध्ययन प्रकृया अगाडि बढाउने भनि मिति २०८०/१/१७ मा विभागीय निर्णय भएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(ऋषिराम ढकाल)
सहायक व्यवस्थापन अधिकृत

फोन नं: ४२२०८५०
४२२०९१२
४२२७९२६
फ्याक्स नं: ४२२७६७४

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

पो.ब.नं - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//: www.dnpwc.gov.np

बबरमहल, काठमाडौं
(व्यवस्थापन शाखा)

संकेत नं:
पत्र संख्या: २०८०/०८१/ व्य. ९६०
चलानी नं: ६५४

मिति: २०८०/०६/०५

विषय: प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

श्री शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय,
मझगाउँ, कञ्चनपुर ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. २०८०/०८१ च.नं. ११६ मिति २०८०/०४/३२ को पत्रबाट सहितको टिप्पणी सहित पेश हुन आएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना (२०८०/०८१ देखि २०८४/०८५) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन विभागको मिति २०८०/०६/०४ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा निर्णयानुसार अनुरोध छ । स्वीकृत व्यवस्थापन योजना तथा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन कार्यान्वयनका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा समेत निर्णयानुसार अनुरोध छ ।

(ऋषि राम ढकाल)
व्यवस्थापन अधिकृत

कार्यकारी सारांश

नेपालको सुदुरपश्चिम प्रदेशको तराईमा अवस्थित कञ्चनपुर जिल्लाको दक्षिण-पश्चिम सिमानाको किनारमा ३०५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वि.सं. २०३३ (सन् १९७६) सालमा राजपत्रमा सूचना प्रकाशित गरी बाह्रसिङ्गाको संरक्षण गर्ने मुख्य उद्देश्य राखेर वन्यजन्तु आरक्षको रूपमा घोषणा भएको थियो। मिति २०७३ (सन् २०१७) मा समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (Community Based Anti-Poaching Unit-CBAPU) दिवसको अवसरमा साविकको आरक्षलाई राष्ट्रिय निकुञ्जको रूपमा घोषणा भएको हो।

यस निकुञ्जको मुख्य विशेषताहरूमा नेपालको सबै भन्दा ठूलो नदि तटीय घाँसेमैदान भएको, विश्वमा संख्याको आधारमा ठूलो बाह्रसिङ्गाको झुण्ड पाइने, देशमा नै अति संकटापन्न अवस्थामा रहेको खर मजुर, लघुकर्ण खरायो र सुनौलो तोपचरा पाइने, राष्ट्रियस्तरमा संरक्षित वन्यजन्तु पाटेबाघ, एक सिङ्गे गैँडा, जंगली हात्ती, सुन गोहोरो, राज धनेश, सारस आदि पाइने, नेपालमा कृष्णसारको सफल पुनर्स्थापना गरिएको उदाहरण, नेपालमा बर्दियाको कृष्णसार संरक्षण क्षेत्र बाहेक कृष्णसार पाइने स्थान, नेपालमा पाइने ६ प्रजातिका मृग मध्ये बाह्रसिङ्गा, चित्तल, लगुना, रतुवा र जरायो गरी ५ प्रजातिका मृग पाइने, राना, थारु र सुनाहा समुदायको बसोबास रहेको, सुदुरपश्चिमको मुख्य पर्यटकीय गन्तव्य, नेपालमा सबैभन्दा बढी पाटेबाघको आहारा प्रजातिको घनत्व भएको पर्दछन्। यस निकुञ्जमा करिब ५६ प्रजातिका स्तनधारी जीव, ४६१ प्रजातिका चराहरु, ५६ प्रजातिका घस्रने जीव, १५ किसिमका उभयचर, ८८ प्रजातिका माछा, १११ प्रजातिका पुतलीहरू पाइने अभिलेख रहेको छ। भू-परिधिस्तरमा यो निकुञ्ज नेपाल र भारतमा फैलिएको तराई भू-परिधिको मध्य बिन्दुमा पर्दछ र दक्षिण पूर्वी क्षेत्रमा रहेको लालझाडी मोहना वन संरक्षित क्षेत्र हुँदै भारतको दुधुवा राष्ट्रिय निकुञ्ज, र उत्तर-पश्चिम क्षेत्रमा रहेको बूम-ब्रह्मदेव वन क्षेत्र र महाकाली नदि हुँदै भारतको नन्धौर वाइल्डलाइफ सेंचुरीसँग जोडिएको छ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको जैविक विविधताको संरक्षण र पुनर्स्थापना गरी मानव-वन्यजन्तु सह-अस्तित्व कायम राखी तराई र चुरेको पारिस्थितिकी प्रणालीलाई स्वस्थ राख्न सहयोग गर्ने दुरदृष्टिका साथ यस व्यवस्थापन योजनाले निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापकिय लक्ष्य:"सङकटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तुको स्वास्थ्य संख्या (healthy population) कायम गर्न र मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्न आधुनिक विज्ञान तथा प्रविधिको प्रयोग गरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको समग्र जैविक विविधता, पारिस्थितिकीय प्रणाली, र भू-दृश्यहरूको संरक्षण, संवर्धन तथा व्यवस्थापन गरी स्थानीय समुदायलाई सोको समुचित लाभ पुर्याउने" लाई हासिल गर्न आवश्यक लक्ष्यहरू लिएको छ।

यस राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा देखापरेका मुख्य चुनौतीहरू वासस्थान विनाश र क्षयीकरण, मानव-वन्यजन्तु द्वन्द, चोरी शिकार तथा वन्यजन्तुको अवैध व्यापार, वन डढेलो व्यवस्थापन, अतिक्रमण नियन्त्रण, मिचाहा प्रजाति नियन्त्रण, समस्याग्रस्त वन्यजन्तु उद्धार तथा व्यवस्थापन रहेका छन्। निकुञ्ज कार्यालयबाट यी चुनौतीहरूको समाधानको लागि वर्षेनि घाँसेमैदान तथा सिमसार व्यवस्थापन, वन्यजन्तु र तिनको वासस्थानको संरक्षण, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, पर्यापर्यटन विकास, अध्ययन अनुसन्धान र क्षमता अभिवृद्धि, वन्यजन्तु उद्धार, टुहुरा तथा समस्याग्रस्त वन्यजन्तु व्यवस्थापनका कार्यक्रमहरू संचालन हुँदै आएका छन् र यस व्यवस्थापन योजनामा उक्त कार्यहरूलाई निरन्तरता दिँदै निकुञ्ज र मध्यवर्ती क्षेत्रको थप प्रभावकारी व्यवस्थापनमा टेवा पुर्याउने गरी कार्यक्रमहरू समावेश गरिएका छन्।

आगामी पाँच वर्षमा निकुञ्ज क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि निकुञ्ज क्षेत्रलाई चार वटा क्षेत्रमा विभाजन गरी आठ वटा विषयगत क्षेत्रहरू: वन्यजन्तु र तिनको वासस्थान संरक्षण, वासस्थान व्यवस्थापन, अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन, वन्यजन्तु स्वास्थ्य व्यवस्थापन, हात्तीसार व्यवस्थापन, र भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धि योजनाहरू तयार गरिएको छ। त्यसै गरी अध्ययन अनुसन्धान तथा क्षमता विकास, प्रजाति संरक्षण विशेष कार्यक्रम, पर्यापर्यटन विकास, मध्यवर्ती क्षेत्र व्यवस्थापन, र निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सम्बन्धि विशेष कार्यक्रम अन्तर्गत जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, र घडियाल गोही स्थानान्तरण सम्बन्धि कार्यक्रमहरू पनि यस योजनामा समावेश गरिएको छ। प्रजाति संरक्षण विशेष कार्यक्रममा बाह्रसिङ्गा, पाटेबाघ, खर मजुर, एक सिङ्गे गैँडा, कृष्णसार, र लघुकर्ण खरायोको प्रजातिगत संरक्षण सम्बन्धि कार्यक्रमहरू समावेश गरिएका छन्। मध्यवर्ती क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि मध्यवर्ती क्षेत्रलाई तिन वटा क्षेत्रमा विभाजन गरी मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण, स्थानीय समुदायको जीवनस्तरमा सुधार, र संरक्षणमा स्थानीयवासीको सक्रिय सहभागिताको प्रवर्धनको लक्ष्य राखी कार्यक्रमहरू तय गरिएका छन्।

यस योजनामा प्रस्तुत गरिएका सम्पूर्ण कार्यक्रमहरू संचालन गर्न कुल रु. १,४०,३६,९१,६००/- (अक्षरेपि एक अर्ब चालीस करोड छत्तिस लाख एकानब्बे हजार छ सय रुपैयाँ मात्र) लागत लाग्ने देखिन्छ जसमा प्रशासनिक खर्च १८.४१ प्रतिशत रहेको छ भने कार्यक्रम खर्च ८१.५९ प्रतिशत रहेको छ। यस योजनामा सबैभन्दा बढी रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमहरूमा (२७.०४%), र क्रमशः वासस्थान व्यवस्थापन (२२.४२%), निकुञ्ज संरक्षण (१८.६०%), पर्यापर्यटन विकास (४.३४%), प्रजाति संरक्षण (२.३५%), कार्यालय र कर्मचारीको क्षमता अभिवृद्धिमा (१.८९%), मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन (१.४५%), र अध्ययन अनुसन्धान (०.८३%) का लागि छुटाइएको छ। योजनामा प्रस्तावित कार्यक्रमहरूको कुल खर्चको औसतमा ४६.१७ % रकम साल बसाली रूपमा नेपाल सरकार र संरक्षण साझेदार संस्थाहरूबाट उपलब्ध हुने देखिन्छ र बाँकी आवश्यक रकम संरक्षण साझेदार संस्था, स्थानीय तह, प्रदेश सरकारबाट र थप राजस्व वृद्धि भइ पुरा हुने अपेक्षा गरिएको छ। व्यवस्थापन योजनामा प्रस्तावित कार्यक्रमहरू संचालन गर्दा सात लाख एक हजार आठ सय पैचालिस (७,०१,८४५/-) श्रम दिन सृजना हुने देखिन्छ।

व्यवस्थापन योजना कार्यान्वयनको मुख्य जिम्मेवारी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयको भएतापनि यस व्यवस्थापन योजनामा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन सम्पूर्ण सरोकारवाला निकाय, संघ, संस्थानहरूसँगको समन्वय र सहकार्यमा नेपाल सरकारको लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति अनुरूप लैंगिक समानता र सिमान्तकृत समुदायको सक्रिय सहभागिता हुने गरी गरिने व्यवस्था गरिएको छ। साथै अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित हुने गरी निकुञ्जको कार्यालयको भौतिक पूर्वाधार, संरक्षण सम्बन्धि प्रचार प्रसार सामग्री, श्रव्यदृश्य र कार्यक्रमहरू निर्माण एवंम् संचालन गर्ने प्रावधान गरिएको छ।

व्यवस्थापन योजना कार्यान्वयनको प्रभावकारिताको आवधिक अनुगमन तथा मुल्यांकन गर्न अनुगमन तथा मुल्यांकनका विधिहरू निश्चित गरी गुणस्तर मापनका सूचकहरू, र वित्तीय पारदर्शिताका सूचकहरू निर्धारण गरी गर्ने व्यवस्था गरिएको छ।

Executive Summary

Shuklaphanta National Park, spread across an area of 305 square kilometers in the Terai region of Sudurpaschim Province, Nepal, is situated on the southern-western border of Kanchanpur district. It was declared in the year 2033 B.S. (1976 AD) through a royal proclamation published in the Gazette, with the main objective of conserving Swamp deer. In the year 2073 B.S. (2017 AD), on Community Based Anti-Poaching Unit (CBAPU) Day, the then wildlife reserve was announced as Shuklaphanta National Park.

Some of the major features of the park are: the largest intact terai alluvial grassland in lowland Nepal, riparian grassland in Nepal, the largest herd of swamp deer on world, among last remaining habitat of critically endangered species such as Bengal florican, Hispid hare, Finn's Weaver in Nepal, home for protected species such as Bengal tiger, One horned rhino, Asian elephant, Golden monitor lizard, Great hornbill, Sarus crane, an successful example of blackbuck reintroduction in Nepal, only protected area with blackbuck population besides the Krishnasar Conservation Area in Bardia, is home to five out of six deer species found in Nepal, harbors culture of rana, tharu, and sunaha communities, one of the major tourist destination in Sudurpaschim province, and holds the highest density of Bengal tigers prey base in Nepal. This sanctuary supports a rich diversity of wildlife, including around 56 species of mammals, 461 species of birds, 56 species of amphibians, 15 species of reptiles, 88 species of fish, and 111 species of butterflies. The park lies almost in the middle point of the Terai Arc Landscape spread across India and Nepal and adjoins Pilibhit Tiger Reserve of India and Dudhwa National Park of India through Laljhadi-Mohana protected biological corridor in southeast and Nandhaur Wildlife Sanctuary, India via Boom-Brahmadev biological corridor and Mahakali river in northwest.

With the vision to conserve and restore the biodiversity of Shuklaphanta National Park and its buffer zone and sustain human-wildlife coexistence and support maintenance of healthy Terai and Chure ecosystems this management plan objectives are aligned to achieve the management goal of supporting conservation and management of biological diversity at landscape level to ensure maintenance of a viable and healthy population of rare, endangered and protected species including other important wildlife species and to promote human-wildlife coexistence wildlife through the application of modern science and technology thereby conserving, preserving, and managing the overall biodiversity, ecosystems, and landscapes of Shuklaphanta National Park and its buffer while ensuring that local communities receive appropriate benefits.

The major challenges for the park management are habitat loss and degradation, habitat fragmentation, human-wildlife conflict, poaching and illegal trade of wildlife (live or its parts/ derivatives), forest fire, encroachment, invasive species, wildlife handling and orphan wildlife management have been identified as the major issues of concern. This management plan is expected to address most of these pertinent issues.

The park area has been divided into four zones for the effective management and further programs for eight thematic areas namely: wildlife and their habitat conservation, habitat management, encroachment control, human-wildlife conflict management, invasive species control, wildlife health management, domesticated elephant management, and infrastructure construction and maintenance have been developed and included in the plan. Additionally, programs related to research, capacity development, species-specific conservation programs, climate change adaptation, solid waste management, and gharial translocation are also included in the plan in separate chapters. Species-specific conservation programs include conservation activities targeting six threatened species namely: Swamp deer, Bengal tiger, One-horned rhinoceros, Blackbuck, Bengal florican and Hispid hare. The buffer zone has been subdivided into three management zones with the main aim to reduce human-wildlife conflicts, uplift livelihoods of the local communities, and enhance active participation of local people in conservation efforts.

The total cost for implementing all the programs presented in this plan is estimated to be NPR 1,403,691,600 (One billion four hundred three million six hundred ninety-one thousand and six hundreds) of which the

administrative and program budget cost is 18.41% and 81.59% respectively. The breakdown of this cost reveals that administrative expenses account for 18.41%, while program expenses make up 81.59%. The highest allocation of funds is dedicated to the buffer zone management programs (27.04%), followed by habitat management (22.42%), park protection (18.60%), tourism development (4.34%), species conservation (2.35%), capacity enhancement of office and staff (1.89%), human-wildlife conflict management (1.45%), and research monitoring (0.83%). On average, 46.17% of the proposed program expenses in the management plan are expected to be covered by the park programs and conservation partner organizations through annual allocations, while the remaining necessary funds are anticipated to be provided by conservation partner organizations, local authorities, provincial governments, and additional revenue generation. From the implementation of the several activities included in the management plan, an estimated 701,845 (seven hundred one thousand eight hundred forty-five) days of labor will be required.

While the primary responsibility for implementing the management plan lies with the Shuklaphanta National Park Office, the programs will be carried out in collaboration and cooperation with relevant governmental agencies, non-governmental organizations, and institutions. As per the Gender Equality and Social Inclusion (GESI) policy of the Government of Nepal, the active participation of the women and marginalized communities will be made sure during the implementation of the plan to ensure gender equality, social inclusion, and active participation of marginalized communities in the planning and execution process. Furthermore, provisions have been made to adapt physical infrastructure, conservation education materials, documentaries, and programs of the park to ensure easy accessibility for individuals with disabilities.

The plan incorporates a system for conducting periodic evaluations and assessments of the impact of the implementation of the management plan. This involves defining indicators for measuring the quality and determining benchmarks for financial transparency.

संक्षिप्त रुप

BCN	Bird Conservation Nepal
BZ	Buffer Zone
CAITS	Conservation Assured Tiger Standards
CBAPU	Community Based Anti-Poaching Unit
CCTV	Close Circuit Television
CITES	Convention on International Trade in Endangered Species of Wild Fauna and Flora
DoFSC	Department of Forest and Soil Conservation
DNPWC	Department of National Parks and Wildlife Conservation
DSLR	Digital Single-Lens Reflex
EIA	Environmental Impact Assesment
ERT	Elephant Response Team
GESI	Gender Equality and Social Inclusion
GIS	Geographical Information System
GoN	Government of Nepal
GPS	Global Positioning System
IBA	Important Bird Areas
IUCN	International Union for Conservation of Nature
JOC	Joint Operation Cell
KBA	Key Biodiversity Areas
LaRC	Langley Research Center
MODIS	Moderate Resolution Imaging Spectroradiometer
MoFE	Ministry of Forests and Environment
NASA	National Aeronautics and Space Administration
NTNC-SCP	National Trust for Nature Conservation-Shuklaphanta Conservation Program
PCC	Plain Cement Concrete
POWER	Prediction of Worldwide Energy Resource
RCC	Reinforced Cement Concrete
RRT	Rapid Response Team
RT/VTR	Real-Time/Video Tape Recorder system
ShNP	Shuklaphanta National Park
SMART	Spatial Monitoring and Reporting Tool
TAL	Terai Arc Landscape
WCCB	Wildlife Crime Control Bureau
ZSL	Zoological Society of London

आ.व.	आर्थिक वर्ष
कि.मि.	किलोमिटर
गा.वि.स.	गाउँ विकास समिति
जि.वि.स.	जिल्ला विकास समिति
जि.स.स.	जिल्ला समन्वय समिति
भि.न.पा	भिमदत्त नगरपालिका
म.सा.व.	मध्यवर्ती सामुदायिक वन
मि.	मिटर
रा.नि. तथा व.ज.सं.वि.	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
रु.	रुपैयाँ
शु.रा.नि.	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज

सामग्रीहरूको तालिका

भाग- क शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको विद्यमान अवस्था १-२६

अध्याय १: परिचय १

१.१ अवस्थिति, स्थापना र विस्तार १
१.२ पहुँच ३
१.३ निकुञ्जको महत्त्व ३
१.४ व्यवस्थापन योजना तर्जुमाको औचित्य ५
१.५ योजना तर्जुमा विधि ६

अध्याय २: निकुञ्ज सम्बन्धी जानकारी र विवरणहरू ७

२.१ सिमाना ७
२.१.१. कानुनी सिमाना ७
२.१.२. प्राकृतिक सिमाना ७
२.२ भौगर्भिक अवस्था र माटो (Geology and soil) ७
२.३ भू-उपयोग ८
२.४ जलवायु/हावापानी ८
२.४.१ वर्षा (Precipitation) ९
२.४.२ तापक्रम (Temperature) ९
२.४.३ सापेक्षित आर्द्रता (Relative Humidity) १०
२.५ जलस्रोत तथा जलाधार क्षेत्र ११
२.६ जैविक विविधता १२
२.६.१ वन्यजन्तु १२
२.६.२ वनस्पति १२
२.६.३ पारिस्थिकीय प्रणाली १३
२.६.४ वासस्थानका किसिम १३

अध्याय ३: निकुञ्ज संरक्षण र व्यवस्थापनका अभ्यासहरु १४

३.१ निकुञ्जको संक्षिप्त इतिहास १४
३.२ निकुञ्ज संरक्षण १४
३.३ वासस्थान व्यवस्थापन: १६
३.३.१ घाँसेमैदान व्यवस्थापन: १६
३.३.२ सिमसार क्षेत्र व्यवस्थापन: १६
३.४ वन्यजन्तु र वासस्थानको सुरक्षा व्यवस्था १७
३.५ पर्यापर्यटन १८
३.६ अध्ययन अनुसन्धान २०
३.७ मानव वन्यजन्तु द्वन्द व्यवस्थापन २०
३.८ टुहुरा तथा उद्धार गरिएका वन्यजन्तु व्यवस्थापन २१
३.९ प्रशासनिक र सांगठानिक संरचना २२
३.१० चालु व्यवस्थापन योजनाको कार्यान्वयनको स्थिति २२
३.११ निकुञ्जको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण २५

भाग- ख शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना २७–८४

अध्याय ४: दुरदृष्टि, लक्ष्य र उद्देश्य.....२८

४.१ दुरदृष्टि.....२८
४.२ व्यवस्थापकिय लक्ष्य.....२८
४.३ व्यवस्थापन योजनाको उद्देश्य २८
४.४ व्यवस्थापनका चुनौतीहरू २८

अध्याय ५: व्यवस्थापकीय रणनीतिहरु ३०
५.१ सिमाना: कानुनी, प्रशासनिक र पारिस्थिकीय.....३०
५.१.१ कानुनी सिमाना.....३०
५.१.२ प्रशासनिक सिमाना.....३०
५.१.३ पारिस्थिकीय सिमाना.....३०
५.२ क्षेत्र विभाजन (Zonation) ३०
५.२.१ व्यवस्थापन सुविधा क्षेत्र (Management Facility Zone) ३०
५.२.२. उपयोगी क्षेत्र (Utility Zone) ३०
५.२.३. कोर क्षेत्र (Core Zone) ३०
५.२.४ मध्यवर्ती क्षेत्र (Buffer Zone).....३०
५.३ विषयगत योजना ३१
५.३.१ वन्यजन्तु र तिनको वासस्थान संरक्षण ३१
५.३.२ वासस्थान व्यवस्थापन ३५
५.३.२.१ घाँसेमैदान व्यवस्थापन ३५
५.३.२.२ सिमसार क्षेत्र व्यवस्थापन ३७
५.३.३ अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन.....३८
५.३.४ मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन ४०
५.३.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ४१
५.३.६ वन्यजन्तु स्वास्थ्य व्यवस्थापन ४३
५.३.७ हात्तीसार व्यवस्थापन.....४५
५.३.८ भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार ४७

अध्याय ६. अध्ययन अनुसन्धान तथा क्षमता विकास ४९
६.१ अध्ययन अनुसन्धानको अवस्था र प्राथमिकता ४९
६.२ अनुसन्धान आयोजना.....५२
६.२.१ घाँसेमैदान अनुसन्धान केन्द्र ५२
६.३ अनुगमन ५२
६.३.१ वन्यजन्तुको संख्या अनुगमन ५२
६.३.२ वासस्थान अनुगमन ५३
६.३.३ वन्यजन्तु स्वास्थ्य अनुगमन ५३
६.३.४ मौसम अनुगमन.....५३
६.३.५ जलस्रोत तथा सिमसारहरूको पानीको गुणस्तर अनुगमन.....५३
६.३.६ वन डढेलो अनुगमन ५३
६.३.७ पर्यटनको असर अनुगमन ५३
६.४ संस्थागत व्यवस्था र क्षमता अभिवृद्धि.....५३
६.४.१ सांगठनिक संरचना ५३
६.४.२ क्षमता अभिवृद्धि.....५५

अध्याय ७. प्रजाति संरक्षण विशेष कार्यक्रम ५७
७.१ बाह्रसिङ्गा ५७
७.२ पाटेबाघ.....५८

७.३ कृष्णसार ५९
७.४ गैंडा ६१
७.५ खर मजुर ६२
७.६ लघुकर्ण खरायो ६३

अध्याय ८. पर्यापर्यटन विकास ६४
८.१ पर्यटनको विद्यमान अवस्था ६४
८.२ पर्यटनको पूर्वाधार ६४
८.३ सवाल ६४
८.४ रणनीति ६४
८.५ कार्यक्रम ६४

अध्याय ९. मध्यवर्ती क्षेत्र व्यवस्थापन ६५
९.१ परिचय ६५
९.१.१ सामाजिक अवस्था ६६
९.१.२ आर्थिक अवस्था ६६
९.१.३ भू-उपयोग ६६
९.२ मध्यवर्ती क्षेत्रको विगत र वर्तमान व्यवस्थापकीय पद्धति ६६
९.२.१ वन क्षेत्र व्यवस्थापन ६६
९.२.२ मध्यवर्ती क्षेत्रको प्रशासनिक संरचना ६६
९.३ मध्यवर्ती क्षेत्र व्यवस्थापन रणनीति ६६
९.३.१ चुनौती ६६
९.३.२ रणनीति ६६
९.३.३ क्षेत्र विभाजन ६७
९.३.३.१ संरक्षण जोन (Conservation Zone) ६७
९.३.३.२ दिगो प्रयोग जोन (Sustainable Use Zone) ६७
९.३.३.३ सघन प्रयोग जोन (Intensive Use Zone) ६७
९.३.४ जैविक विविधता संरक्षण ६७
९.३.५ सामुदायिक विकास ६८
९.३.६ पर्यापर्यटन ६८
९.३.७ सिप विकास र आयआर्जन ६८
९.३.८ क्षमता विकास ६८
९.३.९ मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण ६८
९.३.१० संरक्षण शिक्षा ६८
९.३.११ वन पैदावारको आपूर्ति ६८
९.३.११.१ वन पैदावार ६८
९.३.११.२ नदिजन्य पदार्थ संकलन (ढुंगा, गिट्टी, बालुवा) ६९
९.४ कार्यक्रम कार्यान्वयन रणनीति ७०

अध्याय १०. निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सम्बन्धि विशेष कार्यक्रम ७१
१०.१ जलवायु परिवर्तन र जैविक विविधता संरक्षण ७१
१०.१.१ सवाल ७३
१०.१.२ रणनीति ७३
१०.१.३ कार्यक्रम ७४
१०.२ फोहोरमैला व्यवस्थापन ७४
१०.२.१ विद्यमान अवस्था ७४
१०.२.२ चुनौती ७४
१०.२.३ रणनीति ७५
१०.२.४ कार्यक्रम ७५

१०.३ घडियाल गोही स्थानान्तरण ७५
१०.३.१ विद्यमान अवस्था ७५
१०.३.२ रणनीति ७५
१०.३.३ कार्यक्रम ७५

अध्याय ११. कार्यक्रम बजेट तथा तार्किक खाका ७६
११.१ कार्यक्रम बजेट तथा क्रियाकलाप ७६
११.२ तर्कबद्ध खाका ७७

अध्याय १२. योजना कार्यान्वयन, अनुगमन र मुल्यांकन ८२
१२.१ व्यवस्थापन योजना कार्यान्वयन ८२
१२.१.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equity and Social Inclusion GESI) ८२
१२.१.२ अपाङ्गता भएका व्यक्तिको लागि निकुञ्जको भौतिक संरचना तथा सञ्चार सेवामा पहुँच सम्बन्धि व्यवस्था ८२
१२.२ अनुगमन तथा मुल्यांकन ८२
१२.२.१ अनुगमन तथा मूल्यांकनको विधि ८३
१२.२.२ अनुगमन तथा मूल्यांकनको सूचक ८४
१२.३ संरक्षण क्षेत्रका सरोकारवालाहरू ८४
१२.४ संशोधन तथा अद्यावधिक ८४

सन्दर्भ सामाग्रीहरु ८५–८६

अनुसूचीहरु ८७
अनुसूची १ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सिमाना सम्बन्धि राजपत्रहरू ८८
अनुसूची २ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको भू-उपयोग देखाउने नक्सा ९६
अनुसूची ३ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका ऋतुहरू ९६
अनुसूची ४ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको घाँसेमैदानमा पाईने मुख्य घाँसका प्रजातिहरु ९७
अनुसूची ५ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अभिलेखीकरण गरिएका वन्यजन्तुहरूको प्रजातिगत विवरण सहितको प्रकाशित पुस्तकहरूको सूची ९७
अनुसूची ६ हालसम्म तैनाथ भएका गुल्म र गणको नाम र तैनाथी विवरण ९८
अनुसूची ७ आ.व. अनुसार निकुञ्ज अवलोकनको लागि आएका पर्यटकको विवरण ९८
अनुसूची ८ शिर्षक अनुसार आ.व. २०६८/०६९ देखि २०७८/०७९ सम्मको राजस्व आम्दानीको विवरण ९९
अनुसूची ९ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कार्यालयले वितरण गरेको आ.व. २०७५/०७६ देखि २०७८/०७९ सम्म वन्यजन्तुबाट हुने क्षति वापतको राहत रकमको विवरण १००
अनुसूची १० आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म निकुञ्ज कार्यालयबाट गरिएका वन्यजन्तु उद्धार सम्बन्धिको विवरण १०१
अनुसूची ११ आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म विभिन्न कारणले मृत्यु भएका वन्यजन्तुहरूको विवरण १०३
अनुसूची १२ सांगठनिक संरचना १०४
अनुसूची १३ आ.व. २०७१/०७२ देखि ०७८/०७९ मा संचालन भएका कार्यक्रमहरूको परिमाण सहितको सारांश समेटेको तालिका १०५
अनुसूची १४ हालसम्म गठन भएका आयोग/समिति/कार्यदलहरूको पदाधिकारीहरुको नामावली ११५
अनुसूची १५ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका नदीबाट संकलन गर्न सकिने ढुंगा, गिट्टी, वालुवाको परिमाण ११६
अनुसूची १६ शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तर्फको पाँच वर्षको कार्यक्रम तथा लागत बजेट सहितको विवरण ११७
अनुसूची १७ मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तर्फको पाँच वर्षको कार्यक्रम तथा लागत बजेट सहितको विवरण १३६
अनुसूची १८ व्यवस्थापन योजनाको बारेमा विभागमा गरिएको छलफलको बैठकको पुस्तिकाको प्रतिलिपि विभागीय छलफलको माईन्युट १६४
अनुसूची १९ व्यवस्थापन योजना तयारी अन्तरक्रियामा सहभागीहरू १६५
अनुसूची २० व्यवस्थापन योजना तयार गर्ने टोली १६८
अनुसूची २१ व्यवस्थापन योजना तयारीको क्रममा लिइएका फोटोहरू १६९
अनुसूची २२ व्यवस्थापन योजनाको पुनरावलोकन कर्ताहरूको नामावली १७४

चित्रहरूको सूची

चित्र नं १: शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको अवस्थिति देखाउने गुगल नक्सा २
चित्र नं. २: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका प्रवेशद्वारहरु देखाउने नक्सा ४
चित्र नं. ३: नेपाल र भारतको तराई भूपरिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र र शु.रा.नि. को अवस्थिति देखाउने नक्सा ४
चित्र नं. ४: शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसँग जोडिएको भू-परिधि देखाउने नक्सा ७
चित्र नं. ५: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भिरालोपन र उचाई देखाउने नक्सा..... ८
चित्र नं. ६: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको वर्षाको विवरण..... ९
चित्र नं. ७: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको तापक्रमको विवरण..... १०
चित्र नं. ८: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको सापेक्षित आद्रताको विवरण..... १०
चित्र नं. ९: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रको वार्षिक हावापानीको विवरण..... १०
चित्र नं. १०: निकुञ्ज क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा रहेका नदी, नाला, ताल, तलैया, र पोखरीहरू देखाउने नक्सा..... ११
चित्र नं. ११: निकुञ्ज तथा नेपाली सेनाको पोष्टहरुको अवस्थिति देखाउने नक्सा १४
चित्र नं. १२: हात्तीसार, पोष्ट, रेन्जपोष्ट, गुल्म, सेक्टर, र हेडक्वाटर देखाउने नक्सा १५
चित्र नं. १३: निकुञ्ज क्षेत्रमा घाँसेमैदानहरुको अवस्थिति देखाउने नक्सा..... १६
चित्र नं. १४: निकुञ्ज क्षेत्रमा वनपथहरूको अवस्थिति देखाउने नक्सा..... १८
चित्र नं. १५: निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका मुख्य पर्यटकीय क्षेत्रहरु देखाउने नक्सा १९
चित्र नं. १६: वि.सं. २०६८ देखि २०७९ सम्मको आ.व. अनुसार पर्यटक संख्या १९
चित्र नं. १७: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको वार्षिक मानव-वन्यजन्तु द्वन्दको घटनाहरूको संख्या..... २०
चित्र नं. १८: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको प्रजाति अनुसार मानव-वन्यजन्तु द्वन्दको घटनाहरूको संख्या..... २०
चित्र नं. १९: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको क्षतिको किसिम अनुसार मानव-वन्यजन्तुको घटनाहरु २०
चित्र नं. २०: आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म उद्धार गरिएका वन्यजन्तुहरुको संख्या २२
चित्र नं. २१: आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म (आ.व. २०७५/०७६ बाहेक) प्रजाति अनुसार वन्यजन्तुको मृत्युको संख्या २२
चित्र नं. २२: विगत आठ (८) आ.व. मा वन्यजन्तु आरक्ष/निकुञ्ज आयोजना र हात्तीसार आयोजना अन्तर्गत विनियोजित बजेट र भएको खर्च प्रतिशत २३
चित्र नं. २३: वि.सं. २०५२ देखि २०७७ सम्म निकुञ्ज कार्यालयमा दर्ता भएका मुद्दाहरुको वार्षिक संख्या..... ३२
चित्र नं. २४: वि.सं. २०५२ देखि २०७७ सम्म निकुञ्ज कार्यालयमा दर्ता भएका मुद्दाहरुको कसुरको किसिम ३२
चित्र नं. २५: निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र रहेका अतिक्रमित क्षेत्रहरु देखाउने नक्सा..... ३९
चित्र नं. २६: सन् २००१ देखि २०२० सम्मको निकुञ्ज क्षेत्रमा लागेका वन डढेलोको घटनाहरूको वार्षिक संख्या ४२
चित्र नं. २७: सन् २००१ देखि २०२० सम्मको निकुञ्ज क्षेत्रमा लागेका वन डढेलोको घटनाहरूको महिना अनुसारको संख्या..... ४३
चित्र नं. २८: निकुञ्ज क्षेत्रभित्र वनपथमा रहेका पुलहरू देखाउने नक्सा..... ४८
चित्र नं. २९: मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरुको कार्य क्षेत्र देखाउने नक्सा ६५

तालिकाहरूको सूची

तालिका नं. १: निकुञ्जसंग सम्बन्धित महत्वपूर्ण घटनाक्रमहरु..... ३
तालिका नं. २: योजना तर्जुमा गर्दा अपनाइएको चरण र क्रियाकलाप..... ६
तालिका नं. ३: निकुञ्ज क्षेत्र तथा मध्यवर्ती क्षेत्रको भू-उपयोग सम्बन्धि विवरण..... ९
तालिका नं. ४: शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयको दरबन्दी तेरिज..... ५४

©मनोज ऐर/शु.रा.नि.

भाग- क

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको विद्यमान अवस्था

अध्याय १: परिचय

१.१ अवस्थिति, स्थापना र विस्तार

नेपालको सुदुरपश्चिम प्रदेशको तराईमा अवस्थित कञ्चनपुर जिल्लाको दक्षिण-पश्चिम सिमानाको किनारमा ३०५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वि.सं. २०३३/०४/०४ (सन् १९७६ जुलाई १९) सालमा राजपत्रमा सूचना प्रकाशित गरी वन्यजन्तु आरक्षको रूपमा घोषणा भएको थियो। मिति २०७३/११/०९ गतेका दिन समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (Community Based Anti-Poaching Unit-CBAPU) दिवसको अवसरमा वन्यजन्तु आरक्षबाट निकुञ्जको रूपमा घोषणा भएको हो। यो राष्ट्रिय निकुञ्ज ८०°०३'०८" देखि ८०°२५'५३" पूर्वी देशान्तरसम्म र २८°४२'२९" देखि २८°०३'२७" उत्तरी अक्षांशमा अवस्थित रहेको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको नक्सा देहाय बमोजिम रहेको छ (चित्र नं. १)। यस निकुञ्जको सिमानाको औसत लम्बाई ३३ कि.मि. र चौडाई २८ कि.मि. रहेको छ। यस निकुञ्जले कञ्चनपुर जिल्लाको कुल क्षेत्रफल (१६१० वर्ग कि.मि.) को लगभग १९% क्षेत्रफल ओगटेको छ। जिल्लामा रहेको कुल वन क्षेत्र (८१८.११ वर्ग कि.मि.) को १७% (२७९.०४ वर्ग कि.मि.) निकुञ्ज क्षेत्रभित्र पर्दछ। निकुञ्ज क्षेत्रको उचाई १७६ मि. देखि १३५३ मि. रहेको छ। पूर्व-पश्चिम राजमार्गको ३.९ कि.मि. सडक खण्ड निकुञ्जको अर्जुनी क्षेत्रभित्र पर्दछ। निकुञ्जको पूर्वी सिमानामा स्याली नदी र पश्चिमी सिमानामा महाकाली नदी रहेको छ। चौधर नदीले निकुञ्ज क्षेत्रलाई मध्य भागबाट पश्चिम सेक्टर र पूर्वी सेक्टरमा विभाजन गरेको छ।



चित्र नं. १ : शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको अवस्थिति देखाउने गुगल नक्सा

तालिका नं.१ : निकुञ्जसंग सम्बन्धित महत्वपूर्ण घटनाक्रमहरु

वर्ष	मुख्या घटनाहरु
वि.सं. २०२६ (सन् १९६९)	१३१ वर्ग कि.मि. क्षेत्र शाही शिकार आरक्ष घोषणा (Yadav, Thagunna, and Shah 2000)
वि.सं. २०३३ (सन् १९५६)	नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशन गरी चार किल्ला तोकी (१५५ वर्ग कि.मि.) शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष घोषणा
वि.सं. २०५१ (सन् १९९४)	२०३३/०४/०४ मा नेपाल राजपत्र भाग ३ मा प्रकाशित आरक्षको चार किल्ला सिमाना हेरफेर गरी पूर्वी क्षेत्र (१५० वर्ग कि.मि.) थप गरिएको
वि.सं. २०५७ (सन् २०००)	चितवन राष्ट्रिय निकुञ्ज बाट ४ वटा (१ भाले, ३ पोथी) एक सिङ्गे गैडा स्थानान्तरण गरिएको (DNPWC 2006)
वि.सं. २०६१ (सन् २००४)	नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशन गरी चार किल्ला तोकी शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र घोषणा
वि.सं. २०६९ (सन् २०१२)	Mini Zoo नेपालगन्जबाट २२ वटा, सदर चिडियाखाना बाट 6 वटा, र खैरापुरबाट 14 वटा गरी जम्मा ४२ वटा कृष्णसार निकुञ्जको हिरापुरफाँटामा स्थानान्तरण गरिएको (DNPWC 2016b)
वि.सं. २०७३ (सन् २०१६)	Conservation Assured Tiger Standards (CAITS) सूचीमा रजिस्टर्ड
वि.सं. २०७३ (सन् २०१६)	शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट ५ वटा (३ पोथी, २ भाले) बाह्रसिंगा बर्दिया राष्ट्रिय निकुञ्जको बगौराफाँटामा स्थानान्तरण गरिएको (रा.नि. तथा व.ज.सं. विभाग २०७३)
वि.सं. २०७३ (सन् २०१७)	२०५१/०२/०२ मा नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशन गरी साबिकको ३०५ वर्ग कि.मि. क्षेत्रफल र सिमाना कायम राखी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घोषणा
वि.सं. २०७३ (सन् २०१७)	चितवन राष्ट्रिय निकुञ्जबाट ५ वटा (१ भाले, ४ पोथी) एक सिङ्गे गैडा स्थानान्तरण गरिएको ((DNPWC 2017))
वि.सं. २०७४ (सन् २०१७)	शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट ७ वटा (५ पोथी, २ भाले) बाह्रसिंगा चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण गरिएको (रा.नि. तथा व.ज.सं. विभाग २०७४)

१.२ पहुँच

यस यस निकुञ्जको मुख्य कार्यालय कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगर बाट करिब ५ कि.मि. दक्षिण तर्फ भिमदत्त न.पा. १६, मझगाउँमा रहेको छ। काठमाडौंबाट करिब एक घण्टाको हवाई यात्रा गर्दा कैलाली जिल्लामा रहेको धनगढी विमानस्थलमा पुग्न सकिन्छ। यस विमानस्थलमा दैनिक रुपमा काठमाण्डौ-धनगढीको दुईतर्फि हवाई सेवा संचालन हुने गर्दछ। विमानस्थलबाट करिब ५५ कि.मि. पश्चिममा रहेको निकुञ्ज कार्यालय अन्दाजी १:३० घण्टाको समयमा सार्वजनिक बस, जिप वा निजी सवारी साधन प्रयोग गरी पुग्न सकिन्छ। त्यसै गरी काठमाडौंबाट १८-२० घण्टामा सार्वजनिक बस, जिप वा निजी सवारी साधन प्रयोग गरी महेन्द्रनगर सम्म पुग्न सकिन्छ। त्यस्तै भारतको राजधानी नयाँ दिल्लीबाट उत्तराखण्ड प्रदेशको वनवासा हुँदै भीमदत्त नगरपालिकाको गड्डाचौकी नाकाबाट सडक यातायात मार्फत यस निकुञ्जमा सहजै पुग्न सकिन्छ। निकुञ्ज नजिकै महेन्द्रनगर/मझगाउँ विमानस्थल रहे पनि हाल उक्त विमानस्थल संचालनमा रहेको छैन। निकुञ्ज क्षेत्र प्रवेश गर्न निकुञ्ज कार्यालयले तिन (३) वटा प्रवेश द्वार संचालनमा ल्याएको छ। मझगाउँ प्रवेश द्वार, अर्जुनी प्रवेश द्वार, र बेलडाँडी प्रवेश द्वार मध्ये पर्यटकको मुख्य रोजाइमा मझगाउँ प्रवेश द्वार पर्ने गरेको छ।

१.३ निकुञ्जको महत्त्व

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज जैविक विविधता संरक्षणको दृष्टिकोणले नेपालको सुदुरपश्चिम तराईको Hot Spot मानिन्छ। यो निकुञ्ज Birdlife International ले नेपालबाट सुचिकृत गरेको २७ वटा Important Bird Areas (IBAs) मध्ये एक हो भने अन्तर्राष्ट्रिय स्तरमा रहेका Key Biodiversity Areas (KBAs) मध्ये पनि एक हो (Baral, H. S. and Inskipp, C. 2005; BCN and



चित्र नं. २: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका प्रवेश द्वार देखाउने नक्सा



चित्र नं. ३: नेपाल र भारतको तराई भूपरिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र र शु.रा.नि. को अवस्थिति देखाउने नक्सा

DNPWC 2012; Key Biodiversity Areas Partnership 2023)। यसै गरी यस निकुञ्जले WWF Global 200 Ecoregions मध्ये Terai-Duar savannas and grasslands ecoregion समेटेको छ (Olson and Dinerstein 2009)। यो निकुञ्ज Global Tiger Landscapes को एउटा अभिन्न अंगको रुपमा पनि रहेको छ। यो निकुञ्ज राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा लोपोन्मुख तथा संकटापन्न अवस्थामा रहेका पाटे बाघ, एक सिङ्गे गैंडा, एसियाली हात्ती, कृष्णसार, सालक, बाह्रसिङ्गा, चितुवा, लघुकर्ण खरायो, खर मजुर, सुनौलो तोपचरा, राज धनेश, विभिन्न प्रजातिका गिद्ध, सुन गोहोरो, अजिंगर इत्यादि वन्यजन्तुहरूको प्रमुख वासस्थानको रूपमा रहेको छ (Poudyal et al. 2021; Poudyal and Chaudhary 2020; Rawat et al. 2020)। यो निकुञ्ज नेपालको बागमती नदी देखि भारतको यमुना नदी सम्म नेपालको ६ वटा तथा भारतको ८ वटा गरी जम्मा १४ वटा संरक्षित क्षेत्रमा फैलिएको तराई भू-परिधि क्षेत्र (Terai Arc Landscape-TAL) को मध्यबिन्दुमा अवस्थित छ (चित्र नं. ३) (Chanchani et al. 2014)।

नेपालको तराईका संरक्षित क्षेत्रहरूमा रहेका घाँसेमैदानहरू मध्ये शुक्लाफाँटा सबै भन्दा ठूलो घाँसेमैदानको रूपमा रहेको छ (Poudyal et al. 2021)। त्यस्तै यो राष्ट्रिय निकुञ्जमा विश्वमा नै संख्याको आधारमा ठूलो बाह्रसिङ्गाको झुण्ड पाइन्छ (Poudyal et al. 2021)। देशमा नै अति संकटापन्न अवस्था मा रहेको खर मजुर, सुनौलो तोप चरा, सारस, र लघुकर्ण खरायो पाइने अन्तिम वासस्थान मध्ये यो निकुञ्ज पनि एक हो (Poudyal et al. 2019, 2021; Poudyal and Chaudhary 2020)। निकुञ्जको हिरापुर क्षेत्रमा रहेको कृष्णसार पुनर्स्थापना क्षेत्र नेपालमा कृष्णसारको पहिलो सफल पुनर्स्थापना गरिएको क्षेत्रको उदाहरणको रूपमा रहेको छ (DNPWC 2016b)।

नेपालको कृष्णसार संरक्षण क्षेत्र, खैरापुर, बर्दियामा बाहेक यस निकुञ्जमा मात्रै प्राकृतिक वासस्थानमा कृष्णसार पाइन्छन्। यस क्षेत्रमा नेपालमा पाइने ६ प्रजातिका मृग मध्ये बाह्रसिङ्गा, चित्तल, लगुना, रतुवा र जरायो गरी ५ प्रजातिका मृग पाइन्छ (Poudyal et al. 2021)। यस निकुञ्जको मझगाउँ क्षेत्र वरपर बसोबास गर्ने राना, थारु र सुनाहा समुदायको आफ्नै मौलिक संस्कृति तथा जीवनयापनका तौर तरिकाहरूले पनि विशेष महत्व राख्दछ। जैविक विविधता र सांस्कृतिक विविधताको दृष्टिकोणबाट यो क्षेत्र सुदुरपश्चिमको मुख्य पर्यटकीय गन्तव्यको रुपमा रहेको छ। सन् २०२२ को राष्ट्रिय पाटेबाघ गणना अनुसार सबैभन्दा बढी पाटेबाघको आहारा प्रजातिको घनत्व यस निकुञ्जमा रहेको छ (१४६.२ प्रति वर्ग कि.मि.)।

१.४ व्यवस्थापन योजना तर्जुमाको औचित्य

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१ क) मा "राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत व्यवस्थापन योजना अनुसार गर्नु पर्नेछ" भनि उल्लेख भएको र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को दफा ३(क) मा व्यवस्थापन योजना तयारी तथा स्वीकृति सम्बन्धि कानुनी व्यवस्था रहेको छ। यसै गरी मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती व्यवस्थापन नियमावली, २०५२ को नियम ५ को उपनियम १ मा मध्यवर्ती क्षेत्रको सामुदायिक विकास, वातावरण संरक्षण र सो क्षेत्रको वन पैदावारको सन्तुलित उपयोगका लागि संरक्षकले मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्ययोजना तयार गरी विभाग समक्ष पेश गर्नु पर्नेछ भन्ने कानुनी व्यवस्था रहेकोले सरल, सहभागितामूलक र छिटो छरितो रूपमा व्यवस्थापन योजना तयार गर्न र सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागितामा योजनाको प्रभावकारी कार्यान्वयन गरी निकुञ्ज क्षेत्र स्थापना गर्नुको उद्देश्य हासिल गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले "संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि-२०७३" मिति २०७३/०६/०६ मा नेपाल सरकार (सचिव स्तर) को निर्णयबाट स्वीकृत भइ लागू गरिएकोले सोही कार्यविधिमा उल्लेख भए बमोजिम व्यवस्थापन योजना तयार गर्नुपर्ने भएको हो। त्यसै गरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना तयारी गर्नुपर्ने निम्न कारणहरू रहेका छन्:

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको प्राकृतिक श्रोत साधनको योजनावद्ध ढंगले दिगो संरक्षण, एवं व्यवस्थापन गर्न
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लक्ष्य, उद्देश्य, रणनीति, प्रतिफल र कार्यक्रम दर्शाउन
- आगामी पाँच बर्षमा सञ्चालन हुने कार्यक्रमहरुलाई निर्देशित गर्न
- विगतको व्यवस्थापन योजनाको कार्यान्वयनको प्रभावकारिताको समिक्षा गर्न

१.५ योजना तर्जुमा विधि

व्यवस्थापन योजना तयारी गर्दा संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि - २०७३ को अनुसूची ३ मा उल्लेख भए बमोजिमका चरणहरू पुरा गरी व्यवस्थापन योजनामा समेट्नु पर्ने विषयवस्तुहरू समावेश गरी गरिएको छ। सोही कार्यविधिको अनुसूची ५ मा उल्लेख भए बमोजिमको व्यवस्थापन योजनाको खाका रहेको छ।

तालिका नं. २: योजना तर्जुमा गर्दा अपनाइएका चरण र क्रियाकलाप

सि.नं.	चरण	क्रियाकलाप
१	व्यवस्थापन योजना तयारी पूर्वको चरण	१.१ प्रस्ताव तयारी
		१.२ कार्यदल गठन (प्रस्ताव स्वीकृति, कार्यदल गठन, कार्यदलको कार्यसूची स्वीकृति, बजेटको व्यवस्था)
२	व्यवस्थापन योजना तयारीको चरण	२.१ पुनरावलोकन (रणनीति, ऐन, नीति नियम, व्यवस्थापन योजना, वार्षिक प्रतिवेदन, सन्दर्भ सामग्री)
		२.२ तथ्याङ्क तथा सूचना अद्यावधिक
		२.३ नक्साङ्कन
		२.४ सरोकारवालाहरुसंग परामर्श
		२.५ व्यवस्थापन योजनाको मस्यौदा तयारी
		२.६ सुझाव संकलन तथा विज्ञको राय
		२.७ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी

अध्याय २: निकुञ्ज सम्बन्धी जानकारी र विवरणहरू

२.१ सिमाना

२.१.१. कानुनी सिमाना

यस निकुञ्जको पूर्वतर्फ स्याली नदी रहेको छ भने पश्चिममा महाकाली नदी साथै दोधारा चाँदनी नगरपालिकासँग जोडिएको नेपाल र भारत बीचको अन्तरराष्ट्रिय सिमाना पर्दछ। त्यस्तै उत्तरमा वन क्षेत्र र आवादी क्षेत्र हुँदै कञ्चनपुर र डडेल्धुरा जिल्लाको चुरे पहाडको सिमानासम्म फैलिएको छ भने दक्षिणतर्फ आवादी क्षेत्र र नेपाल-भारत अन्तर्राष्ट्रिय सिमाना पर्दछ (चित्र नं. ४)। निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको सिमाना उल्लेख गरिएको नेपाल राजपत्रहरूको प्रतिलिपि अनुसूची-१ समावेश गरिएको छ।

२.१.२. प्राकृतिक सिमाना

यसको दक्षिणी सिमाना भारतको पीलीभित टाइगर रिजर्वसँग जोडिएको छ जसले गर्दा वन्यजन्तुको सिमापार ओहोरदोहोरमा सहजता भएको पाइन्छ। अन्तर्राष्ट्रिय सिमाना नजिक रहेका नेपाल र भारतका संरक्षित क्षेत्रमा रहेका वन्यजन्तुको सिमापार आवतजावतले वंशाणुगत विविधता वृद्धि तथा वन्यजन्तुको संख्या वृद्धिमा सहयोग पुग्ने देखिन्छ। यसको दक्षिण-पूर्वी सिमाना लालझाडी-मोहना जैविक मार्ग हुँदै भारतको दुधुवा नेशनल पार्कसँग जोडिएको छ जुन एसियाली हात्तीको ओहोरदोहोर गर्ने महत्वपूर्ण मार्ग हो। यसको उत्तरी सिमामा जोडिएको बुम-ब्रह्मदेव वन क्षेत्रले वन्यजन्तुको तराई देखि चुरे क्षेत्र र भारतको नन्धौर वाइल्ड लाइफ सेंचुरीमा आवतजावत गर्ने जैविक मार्गको काम गर्दछ। त्यस्तै यस निकुञ्जको विस्तारित क्षेत्रको सिमानाले कञ्चनपुर र डडेल्धुरा जिल्लाको वन क्षेत्र र चुरे पहाडलाई जोड्दछ। यस राष्ट्रिय निकुञ्जको पश्चिमी सिमानामा रहेको महाकाली नदीको उपल्लो तटीय क्षेत्रमा निर्माण गरिएका टनकपुर र शारदा व्यारेजले तल्लो तटीय क्षेत्रको जलीय परिस्थितिकीय प्रणालीमा प्रतिकूल असर पुर्याएको छ भने महाकाली नदीको पश्चिम किनारमा निर्माण गरिएका तटबन्धले गर्दा शुक्लाफाँटा घाँसेमैदान समेत बाढी र कटानको जोखिममा रहेको छ।



चित्र नं. ४: शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसँग जोडिएको भू-परिधि देखाउने नक्सा

२.२ भौगर्भिक अवस्था र माटो (Geology and soil)

नेपालको सुदुरपश्चिम प्रदेशको तराई र शिवालिक (चुरे) क्षेत्रमा अवस्थित यो राष्ट्रिय निकुञ्ज समुन्द्र सतहबाट १७६ मिटर देखि १३५३ मिटरसम्मको उचाईमा फैलिएको छ। निकुञ्जको अधिकांश भू-भाग समथर १०° भिरालोपन भएको तराई क्षेत्रले ओगटेको छ भने चुरे क्षेत्रमा पर्ने केहि भागमा ५०° सम्मको भिरालोपन रहेको छ।

निकुञ्जको चुरे क्षेत्रमा मुख्य गरी sandstone, crystalline rocks, clays, and conglomerates प्रकारका ढुंगाहरु र बालुवा बढी मात्रामा पाइन्छ भने तराई क्षेत्रमा रहेका साल वन क्षेत्रमा loamy माटो र महाकाली,



चित्र नं. ५: शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको उचाई देखाउने नक्सा

चौधर र स्याली नदी छेउछाउका घाँसेमैदानहरुमा बलौटे माटो बढी पाइन्छ। तल्लो भू-भागमा रहेका मुख्य गरी महाकाली र चौधर नदीको तटीय क्षेत्र (Alluvial flood plain) हो जहाँ हरेक वर्ष बर्सातको समयमा नदी कटानको समस्या हुन्छ। महाकाली किनारमा रहेको घाँसेमैदान तथा शुक्लाफाँटा घाँसेमैदानमा वर्षातको समयमा flash flood हरु आउने गर्दछ। यस निकुञ्ज क्षेत्रको माटो फिक्का रङ्गको इन्सेप्टीसोल (Inceptisol) प्रकारको हो। माथिल्लो सतहको माटो अक्साइडको समिश्रण रहेको चिम्टाईलो खालको रहेको छ र लोमी स्याण्ड (Loamy Sand), स्याण्डी लोम (Sandy Loam), सिल्ट लोम (Silt Loam) र क्ले लोम (Clay Loam) किसिमको Soil Texture यस क्षेत्रमा पाईन्छ। Soil PH हल्का अम्लीय पना (Slightly Acidic) र ६.५ देखि ८ सम्म क्षार युक्त रहेको छ।

२.३ भू-उपयोग

कञ्चनपुर जिल्लामा रहेको जम्मा वन क्षेत्रको करिब १७% वन क्षेत्र निकुञ्ज क्षेत्र भित्र पर्दछ। त्यस्तै घाँसेमैदानको हकमा जिल्ला भरमा रहेको घाँसेमैदान क्षेत्रको करिब ७४% निकुञ्जको क्षेत्र भित्र पर्दछ। निकुञ्जको अधिकांश क्षेत्र वन र घाँसेमैदानले ओगटेको छ। निकुञ्जको करिब ७१% क्षेत्रमा विभिन्न किसिमका वनहरू फैलिएका छन्। घाँसेमैदानले निकुञ्जको करिब १९% क्षेत्र ओगटेको छ। निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेको भू-उपयोग देखाउने नक्सा अनुसूची २ मा समावेश गरिएको छ।

२.४ जलवायु/हावापानी

यस राष्ट्रिय निकुञ्जले तराई र चुरे क्षेत्र समेटेको हुँदा यहाँको हावापानी उष्ण र उपोष्ण प्रकारको रहेको छ। यस निकुञ्जमा तपसिलमा उल्लेख भए बमोजिमको दुई किसिमको जलवायु रहेको पाइन्छ (Karki et al. 2016)।

क) उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी (Tropical Savannah):

- यस निकुञ्जको अधिकांश क्षेत्रको जलवायु) Tropical Savannah) उपोष्ण हावापानी किसिमको छ।
- निकुञ्जको करिब १२०० मि. (४००० फिट) सम्म उचाई भएको क्षेत्रमा यो किसिमको जलवायु पाइन्छ।

तालिका नं. ३: निकुञ्ज क्षेत्र तथा मध्यवर्ती क्षेत्रको भू-उपयोगी सम्बन्धि विवरण

भू-उपयोगको किसिम	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	मध्यवर्ती क्षेत्र	कैफियत
	प्रतिशत	प्रतिशत	
Water	१.६०	१.४३	
Trees	७१.२३	२१.७१	
Flooded Vegetation	१.२८	०.००	
Agricultural Land	२.७४	५८.२४	
Built-up Area	०.०६	१२.६४	(निकुञ्ज कार्यालय, नेपाली सेना र मध्यवर्ती समितिको भवनहरूले ओगटेको क्षेत्र) निकुञ्ज क्षेत्र भित्रको हकमा
Barren Soils	३.६५	२.७७	
Grasslands	१९.४४	३.२१	

- यी क्षेत्रहरूमा गर्मीयाममा औषत तापक्रम ३० डिग्री -४० डिग्री सेल्सियस सम्म हुन्छ भने हिउदको औषत तापक्रम ५ डिग्री -१५ डिग्री सेल्सियस सम्म हुने गर्दछ।
- बर्षातको महिनामा यहाँ सरदार २०० सि.मि. (१३००-२६०० मिलिमीटर) सम्म बर्षा हुने गर्दछ।
- जाडोमा शितलहर र गर्मीमा हावाहुरी तथा लु को खतरा हुने गर्दछ।

ख) न्यानो समशीतोष्ण वा उष्ण प्रदेशीय हावापानी (Temperate Climate with Dry Winter and Hot Summer):

- निकुञ्जको १२०० मिटर भन्दा बढी उचाई भएका चुरे क्षेत्रमा यस किसिमको हावापानी पाइन्छ।
- गर्मीयाममा यहाँको तापक्रम २४-३० डिग्री सेल्सियस सम्म हुने गर्दछ।

ऋतुहरूको कुरा गर्दा यहाँ चार किसिमको ऋतुहरू वर्षा (Monsoon), ग्रीष्म (Summer), शरद (Autumn), र शिशिर (Winter) ऋतुहरू रहेका छन्। ऋतुहरूको बारेमा थप विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

यस निकुञ्जको सन् १९८१ देखि सन् २०२१ सम्मको जलवायु सम्बन्धीका तथ्यांकहरु NASA Earth Science/Applied Science Program ले आर्थिक सहयोग गरेको National Aeronautics and Space Administration (NASA) Langley Research Center (LaRC) Prediction of Worldwide Energy Resource (POWER) Project बाट लिईएको हो। सन् १९८१ देखि सन् २०२१ सम्मको वार्षिक तथा महिना अनुसारको वर्षा (Precipitation), अत्याधिक तापक्रम (Maximum Temperature), न्यूनतम तापक्रम (Minimum Temperature), सापेक्षित आर्द्रता (Relative Humidity), र वायुको वेग (Wind speed) सम्बन्धी तथ्यांकहरु (https://power.larc.nasa.gov/data-access-viewer/) बाट डाउनलोड गरिएको हो।

२.४.१ वर्षा (Precipitation)

नेपालको वर्ष भरीको वर्षाको जम्मा परिमाणको ८०% वर्षा जुन र सेप्टेम्बर महिनाको बिचमा हुने गर्दछ जुन यस निकुञ्ज क्षेत्रमा अत्याधिक वर्षा हुने समय पनि हो (चित्र नं. ६)। यस समयमा महाकाली, चौधर, र स्याली नदी लगायत कञ्चनपुर जिल्लामा रहेका अन्य नदी नालाहरूको पानीको सतह बढी छेउछाउमा रहेका मानव वस्ति तथा घाँसेमैदान र वन क्षेत्रहरूमा बाढी आउने जोखिम उच्च हुने गर्दछ। शुक्लाफाँटा घाँसेमैदानमा महाकाली नदीको झाला क्षेत्रबाट बाढी आउने गर्दछ। अत्याधिक बर्सातका कारण निकुञ्ज क्षेत्र भित्र आवतजावतमा पनि कठिनाई हुने गर्दछ।



चित्र नं. ६: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको वर्षाको वितरण

२.४.२ तापक्रम (Temperature)

यस निकुञ्जमा अप्रिल, मे, र जुन महिनामा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस भन्दा बढी हुने गर्दछ भने December र January मा न्यूनतम तापक्रम १० डिग्री सेल्सियस भन्दा कम हुने गर्दछ (चित्र नं. ७)। त्यसै गरी



चित्र नं. ७: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको तापक्रमको वितरण

मार्च देखि जुलाई सम्म हावाहुरी समेत चल्ने गर्दछ। विगतका वर्षहरूमा हावाहुरीका कारण निकुञ्ज भित्र ठूलो संख्यामा सालका रुखहरू ढलेको घटना पनि छ। मुख्य गरी अप्रिल र मे महिनामा वन डढेलो पनि अत्याधिक लाग्ने गर्दछ।

२.४.३ सापेक्षित आर्द्रता (Relative Humidity)

वर्षको अधिकांश महिनामा सापेक्षित आर्द्रता (Relative Humidity) ५०% भन्दा बढी रहने गर्दछ। मुख्य गरी जुन देखि सेप्टेम्बर सम्म सापेक्षित आर्द्रता (Relative Humidity) ७५% भन्दा बढी रहने गर्दछ (चित्र नं. ८)। हिउँदमा लाग्ने तुषारो र वर्षामा हुने वर्षाका कारण बिहान बेलुकाको सापेक्षित आर्द्रता (Relative Humidity) मा फरक हुने गर्दछ।



चित्र नं. ८: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रमा महिना अनुसार भएको सापेक्षित आग्रताको वितरण

सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रको वार्षिक हावापानीको वार्षिक भिन्नता चित्र नं. ९ मा देखाइएको छ।



चित्र नं. ९: सन् १९८१ देखि २०२१ सम्म निकुञ्ज क्षेत्रको वार्षिक हावापानीको विवरण

२.५ जलस्रोत तथा जलाधार क्षेत्र

यस निकुञ्जको पानीको मुख्य श्रोतको रूपमा महाकाली, चौधर र स्याली नदी प्रणाली रहेको छ भने निकुञ्ज किनार भएर बग्ने महाकाली सिँचाइको मुख्य तथा शाखा नहरहरू, शुक्लाफाँटा घाँसेमैदानको किनार भएर पश्चिम-पुर्व बग्ने बाहुनी नाला, प्राकृतिक ताल तलैया र विभिन्न समयमा वन्यजन्तुका लागि निर्माण गरिएका पोखरीहरू पनि मुख्य जलस्रोतको रूपमा रहेका छन् (चित्र नं. १०)। महाकाली नदी नेपाल र भारतको अन्तर्राष्ट्रिय सिमाना भइ बग्दछ र यसको जलाधार क्षेत्र नेपाल र भारतको चुरे, महाभारत, हिमाली र उच्च हिमाली क्षेत्र रहेको छ जुन भू-भाग निकुञ्ज सिमाना भन्दा बाहिर पर्दछ। चौधर र स्याली नदीको जलाधार क्षेत्र निकुञ्जको उत्तरमा रहेको चुरे पहाड क्षेत्र रहेको छ। तिखेचुली खोला, बडेपानी खोला, हात्तीथला गाड, धेर्तुम खोला, लिप्ना खोला, साज खोला, चुल्लु गद, चुनेपानी खोला, तातापानी खोला, बछेला खोला, चुनेपानी खोला २, मुसेपानी खोला, गौजी खोला, रौटेला खोला, सुख्खा खोला, भासी खोला, काली खोला, कनकट्टी खोला, राधा नदी, चम्पा नदी, र भुजेला खोलाहरु चौधर नदीको शाखा तथा सहायक नदीको रुपमा रहेका छन्। त्यसै गरी खामाचुली गाड, खर गाड, च्युरी गाड, र केला गाड निकुञ्जको हिरापुर क्षेत्रमा स्याली नदीमा मिसिन्छन् भने टोटि नाला, भामर्भोज नाला, फुलेली नाला, लालबनिया नाला, फुलेलि गाड, र कोइराल सोता सुनवरा नदीमा मिलेर कालागौड़ी क्षेत्रमा स्याली नदीमा मिसिन्छन्।

यस निकुञ्ज क्षेत्रमा २८ वटा र यसको मध्यवर्ती क्षेत्रमा ३ वटा गरी जम्मा ३१ वटा प्राकृतिक तालहरू रहेका छन् भने निकुञ्ज क्षेत्रमा ९६ वटा मानव निर्मित ताल पोखरीहरू रहेका छन्। यसरी निकुञ्ज क्षेत्रमा र यसको मध्यवर्ती क्षेत्रमा गरी कुल जम्मा १२७ वटा प्राकृतिक तथा मानव निर्मित ताल पोखरीहरू रहेका छन्। निकुञ्जमा रहेका तालहरू मध्ये शिकारी ताल र कालिकिच तालको क्षेत्रफल १०० हेक्टर भन्दा बढी रहेको छ। रानी ताल, बाबा ताल, स्वामी ताल, तारा ताल र कालिकिच ताल पर्यटकीय हिसाबले प्रसिद्ध ताल रहेका छन्। अधिकांश ताल तथा पोखरीहरूको पानीको श्रोत भनेको बर्षातको पानी नै रहेको छ तथापि केही पोखरीहरूमा सोलार जडित पम्प र ट्युबवेल बाट बाह्रै महिना पानी आउने व्यवस्था गरिएको छ।



चित्र नं. १०: **निकुञ्ज क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा रहेका नदी, नाला, ताल, तलैया, र पोखरीहरू देखाउने नक्सा**

२.६ जैविक विविधता

२.६.१ वन्यजन्तु

यस निकुञ्ज क्षेत्रमा पाटेबाघ, एकसिङ्गे गैंडा, एसियाली हात्ती, बाह्रसिङ्गा, कृष्णसार, सालक, लघुकर्ण खरायो, खर मजुर, सारस, अजिङ्गर, लगायतका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ द्वारा संरक्षित वन्यजन्तु पाइन्छन्। बाघको आहारा प्रजातिको रुपमा रहेका नेपालमा पाइने ६ प्रकारका मृग प्रजाति मध्ये ५ प्रजाति (बाह्रसिङ्गा, चित्तल, लगुना, रतुवा, जरायो) यस निकुञ्जमा पाइन्छन् भने अन्य आहारा प्रजातिमा बँदेल, निलगाई पाइन्छन्। यस निकुञ्जमा बाघको आहारा प्रजातिको घनत्व तराईका सबै संरक्षित क्षेत्र मध्य उच्च रहेको छ। यस निकुञ्जमा करिब ५६ प्रजातिका स्तनधारी जीव, ४६१ प्रजातिका चराहरु, ५६ प्रजातिका घस्रने जीव, १५ किसिमका उभयचर, ८८ प्रजातिका माछा, १११ प्रजातिका पुतलीहरू पाइने अभिलेख रहेको छ (Poudyal 2021; Poudyal et al. 2021; Poudyal and Chaudhary 2020; Rawat et al. 2020, 2021)।

निकुञ्जमा पाइने ५६ प्रजातिका स्तनधारी मध्ये १७ प्रजाति विश्वव्यापी रूपमा खतरामा (Threatened) रहेका, २३ प्रजाति राष्ट्रिय स्तरमा खतरा (Threatened) मा रहेका, ३ प्रजाति International Union for Conservation of Nature (IUCN) Red List को Near Threatened सूचिमा रहेको, १० प्रजाति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित (Protected) सूचिमा राखेका, र ३४ प्रजातिहरू Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITIES) को अनुसूची (Appendix) मा राखिएका छन् (Poudyal et al. 2021)।

यस निकुञ्जले विभिन्न प्रजातिका संकटापन्न एवम् लोपन्मुख चराहरुको वासस्थानको रूपमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय महत्व बोकेको छ। यस निकुञ्जका ताल तलैयाहरुमा हिउँदे आगन्तुक चराहरु पनि धेरै संख्यामा आउने गर्दछन्। त्यसैगरी यस निकुञ्ज क्षेत्रबाट ७ प्रजातिका गिद्धहरू रेकर्ड गरिएका छन् (Poudyal and Chaudhary 2020)। यहाँ पाईने ४६१ चरा प्रजातिहरू मध्ये २४ प्रजाति विश्वव्यापी रूपमा Threatened सूचिमा, ७४ प्रजाति राष्ट्रिय स्तरमा खतरामा रहेका, ६ प्रजाति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित सूचिमा राखेका, र ६९ प्रजातिहरू CITIES को अनुसूचीमा राखिएका छन्।

घस्रने प्रजातिको हकमा ३९ प्रजाति IUCN Red List सुचीमा रहेको छन् जसमा १ प्रजाति (Elongated Tortoise) अति संकटापन्न र १ प्रजाति (Narrow-headed Softshell Turtle) संकटापन्न सुचिमा रहेका छन् (Rawat et al. 2020)। घस्रने प्रजातिहरू मध्ये सबै भन्दा बढी सर्प प्रजाति रहेका छन् (३० प्रजाति)। यहाँ पाइने सुनगोहोरो (Golden Monitor Lizard) र अजिंगर (Burmese Python) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित सूचिमा राखेको छ। यस निकुञ्जमा अभिलेखीकरण गरिएका वन्यजन्तुहरूको प्रजातिगत विवरण सहितको प्रकाशित पुस्तकहरूको सूची अनुसूची ५ मा समावेश गरिएको छ।

यस निकुञ्जमा सन् २०२२ को राष्ट्रिय बाघ सर्वेक्षण अनुसार ३६ वटा पाटेबाघ रहेका छन् (DNPWC and DFSC 2022), सन् २०२१ को राष्ट्रिय गैंडा गणना अनुसार १७ वटा एकसिङ्गे गैंडा रहेका छन्, सन् २०२२ को प्रत्यक्ष गणना (Direct Count) अनुसार २३१३ बाह्रसिङ्गा, र Block count method बाट (Ram 2022) ले गणना गर्दा २२-२६ वटा जंगली हात्ती रहेको अनुमान गरिएको छ। त्यसै गरी निकुञ्जको पूर्वी सेक्टर अर्जुनी अन्तर्गत रहेको हिरापुर फाँटामा मिति २०७९/१२/०३ मा गरिएको गणना अनुसार ८९ भाले, ११० पोथी, ५२ बच्चा गरी जम्मा २५१ वटा कृष्णसार रहेका छन्।

२.६.२ वनस्पति

(Bhuju et al. 2007) ले तयार गरेको "Nepal Biodiversity Resource Book Protected Areas, Ramsar Sites, and World Heritage Sites" रिपोर्ट अनुसार यस निकुञ्जमा ३ प्रकारका परिस्थितिकीय प्रणाली र ३ किसिमको वनस्पतिको प्रकारहरू पाइन्छन्। (BPP 1995) ले निकुञ्ज क्षेत्रमा ७०० प्रजाति का वनस्पति, ५५३ किसिमका vascular plants, १८ प्रजातिको pteridophytes, ४१० प्रजातिको dicots, र १२५ monocots पाइन्छन्।

निकुञ्जको ७१% क्षेत्र विभिन्न प्रजातिका रुखहरूको समिश्रण रहेको वन क्षेत्रले ओगटेको छ। सबैभन्दा बढी क्षेत्र साल *(Shorea robusta)* वनले ओगटेको छ। उक्त किसिमको वनमा साल रुखको बाहुल्यता ८०% भन्दा बढी हुने गर्दछ भने अन्य प्रमुख रुख प्रजातिहरूमा साझ *(Terminalia alata)*, हर्रो *(Terminalia chebula)*, वर्रो *(Terminalia belerica)*, बोट धायंरो *(Largerstroemia parviflora)*, विजयसाल *(Pterocarpus marsupium)*, क्यमुना *(Cleistocalyx operculatus)*, चिरौंजी *(Buchanania latifolia)*, रोहिणी *(Mallotus philippinensis)*, कुम्भी *(Careya arborea)*, इत्यादि पाइन्छन्। त्यस्तै नदि तटीय वन, मिश्रित वन, र घाँसेमैदानहरुमा खयर *(Acacia catechu)*, कर्मा *(Adina cordifolia)*, वेल *(Aegle marmelos)*, सेतो सिरिस (Albizia

procera), कालो सिरिस *(A. lebbeck)*, अमिल टाँकी *(Bauhinia malabarica)*, सिमल *(Bombax ceiba)*, पलाँस *(Butea monosperma)*, राजवृक्ष Cassia fistula, जामुन *(Syzygium cumini)*, सिसौ *(Dalbergia sissoo)*, दतिन्गाल *(Ehretia laevis)*, डुम्री *(Ficus racemosa)*, आँप *(Mangifera indica)*, टुनी *(Toona ciliata)*, गुटेल *(Trewia nudiflora)*. अमला *(Phyllanthus emblica)*, बाँझी *(Anogeissus latifolia)*, इत्यादि प्रजातिका रुखहरू पाइन्छन्। घाँसेमैदानहरुमा पाइने मुख्य घाँस प्रजातिहरूको सूची अनुसूची ४ मा समावेश गरिएको छ। यस क्षेत्रमा सर्पगन्धा, झुस्के, कालो मुसेली लगायतका जडीबुटीहरू पनि पाईने गर्दछ।

२.६.३ पारिस्थिकीय प्रणाली

Terai tropical Sal forest, Khair-Sissoo riverine forest, र Terai cultivated land गरी तिन किसिमका पारिस्थिकीय प्रणालीहरु यस निकुञ्जमा पाइन्छन् (Bhuju et al. 2007)।

२.६.४ वासस्थानका किसिम

निकुञ्ज कार्यालयले संचालन गर्ने व्यवस्थापन कार्यहरूको आधारमा यस निकुञ्जमा साल वन, मिश्रित वन, नदी तटिय वन, घाँसेमैदान, र सिमसार क्षेत्र गरी पाँच (५) किसिमको वासस्थान रहेका छन्।

साल वन *(Shorea robusta forest)*

यस किसिमको वन चुरे पहाडको भागदेखि तराईको समथर भाग सम्म फैलिएको छ। यस प्रकारको वनमा साल प्रजातीको बाहुल्यता बढी भएको पाइन्छ भने यसको अन्य सह प्रजातीहरुमा कर्मा, असना, हर्रो, बर्रो, जामुन, बोटधगेंरो, सिँदुरे, खयर, सतिसाल, बिजयसाल, मौवा, कुम्भी, टाटरी आदि पर्दछन्।

नदी तटीय वन

खयर सिसौ वन (Acacia catechu–Dalbergia sisoo forest)

यस निकुन्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका साना ठुला खोला तथा नदिको किनारमा खयर सिशौंको वन रहेको छ। नदि किनारमा रहेको जमिनमा नदीले बगाएर ल्याएको बालुवा, माटो आदि थुप्रिन गई अथवा नदीले वहाव क्षेत्र परिवर्तन भई कायम भएको ठाँउहरुमा यस्ता वनहरु रहेका छन्।

अन्य नदी तटिय (Other Riverain forest)

यस किसिमको वन विभिन्न नदि तथा खोलाहरू महाकाली, चौधर, स्याली नदि, बाहुनी नाला, बर्कौला क्षेत्रको किनारहरूमा पाइन्छ। यस्ता वनहरूको मुख्य प्रजातिको रूपमा कन्जु, चाँदी, गुटेल, खयर, शिरिष, असना आदी प्रजातिहरूको बाहुल्यता रहेको छ।

मिश्रित चौडापाते वन

यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको केहि भू–भागहरूमा सिन्दूरे, कर्मा, असना आदी प्रजातिहरूको बाहुल्यता रहेको अन्य चौडापाते वन समेत रहेको पाइन्छ।

घाँसेमैदान

निकुञ्जमा १०२ वटा प्लट रहेको घाँसेमैदान क्षेत्रले ७४६७.८१ हेक्टर क्षेत्रफल ओगटेको छ। घाँसेमैदानहरुले निकुञ्जको करिब १९% क्षेत्र ओगटेको छ। यस निकुञ्जका मुख्य घाँसेमैदानहरु शुक्लाफाँटा, करैयाफाँटा, सुन्दरीफाँटा, बर्कौलाफाँटा, ढकानाघाट फाँटा, सिंहपुरफाँटा, राधापुर फाँटा, हरैयाफाँटा, अन्डैयाफाँटा, पटैयाफाँटा, अर्जुनी फाँटा, भतपुरीफाँटा, पराउफाँटा, तारापुर फाँटा, हिरापुरफाँटा आदी रहेका छन्।

घाँसेमैदानहरुमा पाईने मुख्य घाँस प्रजातिहरूमा सिरु *(Imperata cylindrical)*, काँश *(Saccharum spontaneum)*, र जोभ *(Vetiveria zizanoides)*, *Arundo donax* र *Phragmites karka* पर्दछन्।

शुक्लाफाँटा घाँसेमैदान नेपालको तराईका संरक्षित क्षेत्रहरुमा पाईने सबैभन्दा ठूलो घाँसेमैदान हो। यस घाँसेमैदानमा संसारकै ठुलो झुण्डमा बाह्रसिंगा पाईनुको साथै यो घाँसेमैदानअन्य दुर्लभ वन्यजन्तु जस्तै खर मजुर, लघु कर्ण खरायो, पाटेबाघ, गैडा, हात्तीको पनि महत्वपुर्ण वासस्थान समेत रहेको छ।

सिमसार क्षेत्र:

प्राकृतिक र मानव निर्मित गरी यस निकुञ्ज क्षेत्रमा १२४ ताल तलैया र पानी पोखरी रहेका छन्। सिंहपुर रेञ्जपोष्टको जिम्मेवारी क्षेत्रमा रहेको शिकारी ताल क्षेत्र सबै भन्दा ठूलो सिमसार क्षेत्र हो जसको क्षेत्रफल ८१४.२० हेक्टर रहेको छ भने क्रमशः कालिकिच ताल (११५.७७ हे.) र ऐतिहासिक रानी ताल (६५.४४ हे.) यस निकुञ्जमा अवस्थित अन्य ठूला तालहरूको रूपमा रहेका छन्।

निकुञ्जमा पाइने जलचर, उभयचर, र हिउँदे आगन्तुक चराहरुको वासस्थानको रुपमा यी सिमसार क्षेत्रहरू ज्यादै महत्वपूर्ण रहेका छन्। यी सिमसार क्षेत्रहरू गर्मीयाम तथा सुख्खायामको समयमा निकुञ्जका वन्यजन्तुहरूको लागि पानीको महत्वपूर्ण श्रोतको रुपमा रहेका छन्।

अध्याय ३: निकुञ्ज संरक्षण र व्यवस्थापनका अभ्यासहरु

३.१ निकुञ्जको संक्षिप्त इतिहास

नेपालको सुदूर पश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको दक्षिण-पश्चिम भागमा अवस्थित यो राष्ट्रिय निकुञ्ज ३०५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। यस क्षेत्रको वन्यजन्तु संरक्षण गर्न वि.सं. २०२६ सालमा चौधर नदी भन्दा पश्चिमको भू-भागलाई शाही शिकार वनको रूपमा घोषणा गरी संरक्षण सुरुवात गरिएको थियो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम वि.सं. २०३३ साल श्रावण ४ गते चौधर नदी देखि पश्चिम महाकाली नदीसम्मको १५५ वर्ग किलोमिटर क्षेत्रफल समेटी शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको रूपमा यो संरक्षित क्षेत्र स्थापना भएको हो। वि.सं. २०५१ सालमा नेपाल सरकारले यस निकुञ्जको सिमाना हेरफेर गरी चौधर नदी देखि पूर्वतर्फ स्याली नदीसम्मको क्षेत्रको १५० वर्ग किलोमिटर क्षेत्रफल थप गरे पश्चात यस निकुञ्जको कुल क्षेत्रफल ३०५ वर्ग किलोमिटर भएको हो। त्यस्तै यस निकुञ्ज वरिपरिको २४३.५ वर्ग किलोमिटर क्षेत्रलाई वि.सं. २०६१ साल जेष्ठ ९ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो। यस निकुञ्जलाई मिति २०७३/११/०९ गतेका दिन समुदायमा आधारित चोरी शिकारी नियन्त्रण दिवस (CBAPU Day) को अवसरमा नेपाल सरकारले "राष्ट्रिय निकुञ्ज" घोषणा गरेको थियो।

३.२ निकुञ्ज संरक्षण

यस निकुञ्जको समग्र संरक्षण र व्यवस्थापनको जिम्मेवारी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयको रहेको छ। यस निकुञ्जको संरक्षण तथा व्यवस्थापनको लागि निकुञ्जको मझगाउँ स्थित मुख्य कार्यालय अन्तर्गत २ वटा सेक्टर, ५ वटा रेञ्जपोष्ट, ८ वटा पोष्ट रहेका छन् भने नेपाली सेनाको



चित्र नं. ११: निकुञ्ज तथा नेपाली सेनाको पोष्टहरुको अवस्थिति देखाउने नक्सा

मझगाउँ स्थित गण अन्तर्गत ४ वटा आश्रित गुल्म र १४ सुरक्षा पोष्टहरु रहेका छन् (चित्र नं. ११)। निकुञ्ज क्षेत्रमा दैनिक पैदल, साइकल र मोटरसाइकलमा गस्ती गरिने तथा समय समयमा छोटो, मध्यम, र लामो दुरीको गस्ती समेत संचालन गरिन्छ।

निकुञ्जको सुरक्षार्थ नेपाली सेना मिति २०३६/०६/२३ बाट तैनाथ भएको थियो। नेपाली सेनाको मुख्य कार्यालय मझगाउँमा रहेको छ जहाँबाट फौज परिचालन तथा बन्दोबस्ती सम्बन्धिका निर्णयहरू हुने गर्दछन्। वि.सं. २०६५ सम्म नेपाली सेनाको गुल्मले सुरक्षा प्रदान गर्दै आएकोमा वि.सं. २०६५/१०/१७ देखि गणले जिम्मेवारी लिएको हो। हालसम्म तैनाथ भएका गुल्म र गणको नाम र तैनाथी विवरण अनुसूची ६ मा समावेश गरिएको छ।

त्यसै गरी निकुञ्जको पिपरिया रेन्जपोष्ट, मालुमेला पोष्ट, र शुक्लाफाँटा पोष्टमा रहेका हात्तीसारको पोष्टहरुमा गरी जम्मा ७ वटा हात्ती रहेका छन् (चित्र नं. १२)। वर्षायामको समयमा तथा बाटो नभएको र पैदल जना नसक्ने दुर्गम निकुञ्जको क्षेत्रमा गस्ती गर्न यी हात्तीहरूको महत्वपूर्ण भूमिका रहन्छ। निकुञ्ज क्षेत्रमा रहेका नदी तथा तालहरूमा समय समयमा डुंगा र हात्तीको प्रयोग गरी गस्ती गरिन्छ। भारतसँगको सिमाना क्षेत्रमा सिमा सुरक्षार्थ खटिएको सशस्त्र प्रहरी बलसँग समन्वय गरी गस्ती कार्य गरिन्छ।

यस निकुञ्जको मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापनको कार्य मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति मार्फत हुने गर्दछ। यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा ९ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, ४२ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, ३ प्रस्तावित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह (म.सा.व.) र ९ वटा समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण उपसमिति समुदायस्तरमा जैविक विविधता संरक्षण कार्यमा सक्रिय छन्। यस निकुञ्जको संयोजकत्वमा गठित कञ्चनपुर जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाईले वन्यजन्तुको चोरी शिकार तथा यिनीहरुको अवैध व्यापार नियन्त्रणको लागि समन्वयात्मक रूपमा कार्य गरीरहेको छ।

निकुञ्जको मुख्य कार्यालयमा निकुञ्ज प्रशासन तथा नेपाली सेना बिच छिटो छरितो समन्वय गरी अपराध नियन्त्रण कार्यलाई प्रभावकारी गर्न गराउन संयुक्त कार्यसंचालन केन्द्र Joint Operation Cell (JOC) संचालनमा रहेको छ। यस केन्द्रले अवैध चोरी शिकार



चित्र नं. १२: हात्तीसार, पोष्ट, गुल्म, सेक्टर, र पोष्ट देखाउने नक्सा

नियन्त्रण तथा निकुञ्जको चोरी शिकारको आधारमा संवेदनशिल क्षेत्रहरूको निगरानीका लागि स्वचालित क्यामेरा (Spy Camera) परिचालन गर्ने, Real time Spatial Monitoring and Reporting Tool (SMART) गस्तीबाट निरन्तर निगरानी गर्ने, कुनै पनि अवैध घटना सम्बन्धि तुरुन्तै प्रतिक्रिया गर्न तथा कार्वाही अगाडी बढाउन सम्बन्धित क्षेत्रमा नजिक रहेको निकुञ्ज वा सेनाको पोष्टलाई जानकारी उपलब्ध गराउने, प्रत्येक महिनाको अन्तिममा महिना भरि भए गरेका अवैध चोरी शिकारका घटनाहरुको विवरण तथा चोरी शिकार नियन्त्रण गर्न गरिएका प्रयासहरू बारे प्रमुख संरक्षण अधिकृत र प्रमुख सेनानीलाई जानकारी गराउने कार्य गर्दछ। साथै यस केन्द्रले निकुञ्जमा जडान गरिएका Close Circuit Television (CCTV) बाट प्राप्त भिडियोको पनि निरन्तर निगरानी राख्दछ।

निकुञ्ज कार्यालयमा दर्ता भएका मुद्दाहरूको अभिलेख, विगतका वर्षहरूमा घटेका घटनाहरू, तथा गस्ती र सुराकीको सूचनाको आधारमा निकुञ्जको संरक्षणको नजरबाट संवेदनशिल रहेका क्षेत्रहरूको रूपमा पहिचान गरिएको छ। मुख्य गरी चुरे क्षेत्र, महाकाली किनारको क्षेत्र, र नेपाल-भारत सिमाना क्षेत्र संवेदनशिल क्षेत्रमा पर्दछन्।

निकुञ्ज संरक्षणको समग्र व्यवस्थापकीय कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ ले दिशा निर्देश गर्दछ। यस्तै ऐन र नियमावली अन्तर्गत तर्जुमा गरिएका निर्देशिका, मापदण्ड, कार्यविधिले व्यवस्थापन कार्यलाई सरल र सहज बनाएको छ। निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापकीय क्रियाकलापहरूलाई शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजनाले दिशानिर्देश गर्दछ।

३.३ वासस्थान व्यवस्थापन:

वासस्थान व्यवस्थापन अन्तर्गत मुख्य गरेर घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापन गरिँदै आएको छ।

३.३.१ घाँसेमैदान व्यवस्थापन:

यस निकुञ्जमा रहेका १०२ वटा घाँसेमैदानहरुले ७४६७.८१ हेक्टर क्षेत्रफल ओगटेको छ जुन यस निकुञ्जको कुल क्षेत्रफलको करिब १९% प्रतिशत हुन



चित्र नं. १३: निकुञ्ज क्षेत्रमा घाँसेमैदानहरुको अवस्थिति देखाउने नक्सा

आउँछ। घाँसेमैदान व्यवस्थापन अन्तर्गत अग्ला घाँसेमैदान मेसिनले काट्ने, मिचाहा प्रजाति हटाउने र नियन्त्रित आगो लगाउने कार्य मुख्य रूपमा गरीन्छ। प्रत्येक वर्ष पौष देखि जेष्ठ सम्म घाँस काट्ने कार्य हुन्छ भने, माघ र फाल्गुण महिनामा नियन्त्रित आगो लगाउने कार्य संचालन गरीन्छ। त्यस्तै नयाँ क्षेत्रमा घाँसेमैदान निर्माण तथा हैसियत बिग्रेको घाँसेमैदानको हैसियत सुधार गर्न झाडी बुट्टयान हटाउने, पोथ्रा, रुखहरू र मिचाहा प्रजातिका वनस्पति हटाउने कार्य पौष देखि जेष्ठ सम्म नै गरिँदै आइएको छ। स्थानीय जनताको लागि वार्षिक रूपमा खुल्ने खरखडाइ कार्यले गर्दा पनि घाँसेमैदान व्यवस्थापनमा केही सहयोग पुगेको देखिन्छ।

३.३.२ सिमसार क्षेत्र व्यवस्थापन:

प्राकृतिक र मानव निर्मित गरी यस निकुञ्ज क्षेत्रमा १२४ ताल तलैया र पानी पोखरी रहेका छन् (चित्र नं. १०)। सिंहपुर रेञ्जपोष्टको जिम्मेवारी क्षेत्रमा रहेको शिकारी ताल क्षेत्र सबै भन्दा ठूलो सिमसार क्षेत्र हो जसको क्षेत्रफल ८१४.२० हेक्टर रहेको छ भने क्रमशः कालिकिच ताल (११५.७७ हे.) र ऐतिहासिक रानी ताल (६५.४४ हे.) यस निकुञ्जमा अवस्थित अन्य ठूला तालहरूको रूपमा रहेका छन्।

सिमसार क्षेत्रमा गेग्रान थुप्रने, जलकुम्भी, वेसर्मा जस्ता मिचाहा प्रजातिको प्रकोप, ताल/पोखरीमा पानी सुक्ने जस्ता विषय सिमसार क्षेत्र व्यवस्थापनको मुख्य समस्याको रूपमा रहेका छन्। मानव निर्मित साना ताल/पोखरीको क्षेत्र विस्तार गर्ने, मिचाहा प्रजाति हटाई सिमसार क्षेत्र सफा गर्ने, सोलार वोरिङ्ग मार्फत पानीको आपूर्ति गर्ने, गेग्रान हटाउने जस्ता विधिहरू अपनाई सिमसार क्षेत्रको व्यवस्थापन गरीदै आएको छ। त्यस्तै वन्यजन्तुको पानीको सहज आपूर्तिलाई दृष्टिगत गरी पानी पोखरी निर्माण गर्ने कार्य समेत हुँदै आएको छ।

३.४ वन्यजन्तु र वासस्थानको सुरक्षा व्यवस्था

निकुञ्जको मुख्य कार्य भनेकै वन्यजन्तु र यिनीहरुको वासस्थान सुरक्षा एवं संरक्षण गर्नु हो। वन्यजन्तु र यिनीहरुको वासस्थान सुरक्षाको लागि दैनिक रूपमा साइकल, पैदल, हात्ती, गाडीबाट गस्ती गरीन्छ भने नियमित रूपमा संचालन हुने स्विपीङ्ग/क्याम्पिङ्ग अपरेसन, एम्वुस अप्रेसनहरू पनि संचालन हुँदै आएका छन्। गस्ती कार्यलाई प्रभावकारी एवं उपलब्धिमुलक बनाउन SMART Real Time Patrolling System को प्रयोग गरीदै आइएको छ। त्यस्तै निकुञ्ज क्षेत्रमा हुन सक्ने अबैध क्रियाकलापलाई निगरानी राख्न वि.सं. २०७३ देखि जासुसी (Spy) क्यामरा समेतको प्रयोग गरीदै आइएको छ। प्रविधिको प्रयोग र गस्ती कार्य एवं जासुसी (Spy) क्यामराबाट प्राप्त हुने सूचनाहरूको निगरानी राख्न तथा Real Time मा Response गर्न निकुञ्ज र नेपाली सेना संयुक्त अपरेसन कक्ष (JOC) स्थापना गरी अनुगमन गर्दै आइएको छ।

त्यस्तै वन्यजन्तुको चोरी शिकार र यिनीहरुको अवैध व्यापार नियन्त्रणको लागि जिल्ला-स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाईले समन्वयात्मक रुपमा कार्य गरीरहेको छ। त्यस्तै जङ्गल क्षेत्रमै वास वस्ने (Camping) गरी मध्यम र लामो दुरीका गस्ती/पट्रोलिंग पनि नियमित रुपमा संचालन हुदै आएको छ।

यो निकुञ्ज मित्र राष्ट्र भारतको संरक्षित क्षेत्र पीलिभित टाइगर रिजर्वसँग जोडिएको हुँदा सीमापार अपराध नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन नियमित रूपमा सिमापार बैठक राखी सूचना आदान प्रदान गर्ने तथा सिमा क्षेत्रमा संयुक्त रुपमा गस्ती गर्ने गरिएको छ।

गस्ती तथा निगरानी कार्यलाई सहज रूपमा संचालन गर्न गोरेटो बाटो (Foot Trail) र वन पथ सरसफाई तथा मर्मत सम्भार, काठेपुल निर्माण तथा मर्मत, मचान निर्माण तथा मर्मत जस्ता कार्यहरू गरिँदै आइएको छ। निकुञ्ज क्षेत्रमा वन पथ, अग्निरेखा, र पर्यटक पथको जम्मा लम्बाई २४३.७७ कि.मि. रहेको छ। करिब १२ कि.मि. वनपथ पानीपिच गरिएको भएता पनि बाकी वन पथ वर्षयाम प्रयोग गर्न नसकिने अवस्थामा पुग्ने गरेको छ। वि.सं. २०३३ मा नै पश्चिमी क्षेत्र आरक्ष घोषणा भएको तथा शुक्लाफाँटा आउने पर्यटकको व्यवस्थापनको लागि निकुञ्जको पश्चिमी क्षेत्रमा पूर्वी सेक्टर भन्दा बढी वनपथ निर्माण भएको देखिन्छ (चित्र नं. १४)।



चित्र नं. १४: **निकुञ्ज क्षेत्रमा वनपथहरूको अवस्थिति देखाउने नक्सा**

३.५ पर्यापर्यटन

यो निकुञ्ज सुदुरपश्चिम प्रदेशको मुख्य पर्यटकीय गन्तव्यको रुपमा रहेको छ। बाह्रसिँगाको सबै भन्दा ठूलो बथान, रानी ताल, शुक्लाफाँटा घाँसेमैदान, बाबाताल, सलगौडी ताल, तारातात, हात्तीसारमा रहेका हात्ती, दोधारा चाँदनीको झोलुंगे पुल, शिलालेख, कालिकिच ताल, तारा ताल, राना, थारु संस्कृति यस क्षेत्रको मुख्य पर्यटकीय आकर्षणहरू हुन् (चित्र नं. १५)। यस निकुञ्जको मुख्य कार्यालय मझगाउँमा पर्यटकहरुको सुविधाको लागि पर्यटक प्रवेशद्वार रहेको छ, जहाँबाट तोकिएको शुल्क बुझाई प्रवेश गर्न सकिन्छ।

विगत ११ वर्षको पर्यटकको तथ्यांक हेर्दा यस निकुञ्जमा जम्मा २५६२७ जना पर्यटक आएको देखिन्छ। जसमा सबै भन्दा बढी आ.व. २०७५/०७६ मा ६०६९ जना र सबै भन्दा कम २०६९/०७० मा ४७१ जना पर्यटकले यस निकुञ्ज भ्रमण गरेको देखिन्छ (चित्र नं. १६)। पर्यटकको किसिमको अनुपात हेर्दा यस निकुञ्जमा सबैभन्दा बढी नेपाली पर्यटक (२२४८३ जना) ले भ्रमण गरेको देखिन्छ भने क्रमशः विदेशी (११९७ जना) र सार्क मुलुकका (९३३ जना) पर्यटकहरू आएको देखिन्छ। यस निकुञ्जमा आउने पर्यटकको लैंगिक अनुपात हेर्दा पुरुष पर्यटक करिब ६१% र महिला पर्यटक करिब ३९% रहेको देखिन्छ। यस निकुञ्जमा बढी पर्यटक आउने समय कार्तिक महिना र फाल्गुन देखि बैशाख महिना सम्मको समय रेहको छ। वि.सं. २०७३ सालमा शुक्लाफाँटा वन्यजन्तु आरक्षलाई निकुञ्ज घोषणा गरेपछि पर्यटकको संख्यामा क्रमशः वृद्धि हुने क्रम भएतापनि वि.सं. २०७६ सालमा आएको कोरोना भाइरस (COVID 19) महामारीको कारण आ.व. २०७५/०७६ पश्चात् पर्यटकको संख्यामा भारी गिरावट आएको देखिन्छ। आ.व. २०६८/०६९ देखि आ.व. २०७८/०७९ सम्म यस निकुञ्जमा घुम्न आएका पर्यटकहरू सम्बन्धिको विवरण अनुसूची ७ मा समावेश गरिएको छ।

यस निकुञ्जको राजश्वको प्रमुख श्रोतहरू हावाहुरी बाट ढलेको तथा निकुञ्ज क्षेत्र भित्र विभिन्न आयोजनाहरू निर्माण गर्दा निस्केको काठ बिक्री, कार्यालय बाट गरिने दण्ड जरिवाना, मध्यवर्ती क्षेत्रमा रहेका नदीहरू बाट ढुंगा, गिट्टी, र वालुवा संकलन, बार्षिक रुपमा निकुञ्ज कार्यालय द्वारा खर संकलनका लागी खोलिने खरखडाई, पर्यटक प्रवेश तथा तिनिहरूको सवारी प्रवेश शुल्क, र न्यायिक दण्ड जरिवाना रहेका छन्। शिर्षक अनुसार आ.व. २०६८/०६९ देखि २०७८/०७९ (२०७५/०७६)



चित्र नं. १५: निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका मुख्य पर्यटकीय क्षेत्रहरु देखाउने नक्सा



चित्र नं. १६: वि.सं. २०६८ देखि २०७९ सम्मको आ.व. अनुसार पर्यटक संख्या

बाहेक राजश्व आम्दानीको विवरण अनुसूची ८ मा संलग्न गरिएको छ।

यस निकुञ्जमा आउने पर्यटकहरू मध्ये नेपाली पर्यटकहरूको संख्या धेरै रहेको छ। पर्यटकहरूलाई निकुञ्ज, वन्यजन्तु, स्थानीय संस्कृतिको जानकारीमुलक भ्रमण गराउनका लागि तालिम प्राप्त स्थानीय प्रकृति पथ प्रदर्शकहरूको सुविधा प्राप्त गर्न सकिन्छ। पर्यटकीय सुविधाको लागि निकुञ्ज क्षेत्रमा वनपथ निर्माण गरिएका छन् भने निर्माण गरिएका वनपथ सालबसाली रूपमा मर्मत सम्भार गरिँदै आइएको छ। त्यस्तै पर्यटकहरूलाई दृश्यावलोकन गर्न गराउनको लागि मचान निर्माण तथा मर्मत र सहज आवागमनको लागि पुल निर्माण तथा मर्मत कार्य समेत हुँदै आएको छ। त्यस्तै पर्यटकहरूको सुविधाको लागि स्थानीयस्तरमा निकुञ्जको मध्यवर्ती क्षेत्रमा थारू संस्कृतिको होमस्टे संचालनमा रहेका छन्

भने महेन्द्रनगर बजारमा स्तरीय होटल तथा गेस्टहाउसको सुविधा पनि उपलब्ध रहेको छ।

३.६ अध्ययन अनुसन्धान

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मुख्य गरि घाँसेमैदान, मिचाहा प्रजाति, बाह्रसिंगा, खर मजुर, लघुकर्ण खरायो, मानव वन्यजन्तु द्वन्द, पाटेबाघ, गैंडा, हात्ती, तथा अन्य दुर्लभ र लोपोन्मुख वन्यजन्तुको अवस्था तथा तिनको वासस्थानको अवस्था, वन्यजन्तुको विचरण सम्बन्धि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी, संघ, संस्था, संरक्षण साझेदार संस्था, र निकुञ्ज कार्यालयबाट अध्ययन अनुसन्धान भएका छन्।

३.७ मानव वन्यजन्तु द्वन्द व्यवस्थापन

नेपालमा रहेका अन्य संरक्षित क्षेत्रमा जस्तै यस निकुञ्जमा पनि बर्सेनि मानव-वन्यजन्तु द्वन्दका घटनाहरू घट्ने गर्दछन्। मुख्य गरि यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा वन्यजन्तुबाट हुने क्षतिको किसिम मध्ये खाद्यान्न वालीको क्षति सबैभन्दा बढि हुने क्रमशः पशुधन क्षति, मानवीय क्षति, र घर गोठ क्षति हुने गरेको छ भने मानव-वन्यजन्तु द्वन्दका कारण वन्यजन्तुहरू पनि घाइते तथा मर्ने घटनाहरू पनि हुने गरेको छ (चित्र नं. १९)। आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको निकुञ्ज कार्यालयमा रहेको वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणको तथ्यांक अनुसार जम्मा १२६१ वन्यजन्तुबाट क्षतिको घटनाहरू भएको देखिन्छ (चित्र नं. १७)। क्षति गर्ने मुख्य वन्यजन्तुमा जंगली हात्ती, बँदेल, र चितुवा क्रमशः रहेका छन् (चित्र नं. १८)।

जंगली हात्तीको कारण सबैभन्दा बढी खाद्यान्न बाली क्षति, मानविय क्षति, र घर/गोठ क्षतिको घटनाहरू घट्ने गर्दछन् भने दोस्रो स्थानमा बँदेलबाट हुने खाद्यान्न बालीको क्षति रहेको छ र तेस्रो स्थानमा चितुवा बाट हुने पशुधनको क्षतिको घटनाहरू रहेका छन्। निकुञ्जको मध्यवर्तीमा रहेका सबै स्थानीय तहमा मानव-



चित्र नं. १७: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको वार्षिक मानव वन्यजन्तु द्वन्दको घटनाहरूको संख्या



चित्र नं. १८: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको प्रजाति अनुसार मानव वन्यजन्तु द्वन्दको घटनाहरूको संख्या



चित्र नं. १९: आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको क्षतिको किसिम अनुसार मानव-वन्यजन्तुको घटनाहरु

वन्यजन्तु द्वन्दका घटनाहरू घट्ने गरेका छन्। तराईका अन्य निकुञ्जमा जस्तो यस निकुञ्जमा पाटेबाघबाट हुने मानवीय क्षतिको घटनाहरू हाल सम्म नभएको देखिन्छ।

आ.व. २०७६/०७७ देखि २०७८/०७९ सम्मको निकुञ्ज कार्यालयमा रहेको वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणको

तथ्याँक अनुसार जंगली हात्तीको कारणले भएको ४८७ वटा खाद्यान्न बाली क्षति, २६ वटा घर गोठ क्षति, र १४ वटा मानवीय क्षतिको गरी जम्मा ५२७ वटा मानव-वन्यजन्तु द्वन्दको घटनाहरू घटेका छन् भने बँदेलको कारणले ४९८ वटा मानव-वन्यजन्तु द्वन्दको घटनाहरू घटेका छन् (चित्र नं. १८)। यस निकुञ्जमा मानव-हात्ती द्वन्द मुख्य चुनौती रहेको छ।

निकुञ्ज अन्तर्गतका ९ वटै बागेश्वरी, बेदकोट, हिमालय, कालिकिच, सगरमाथा, शोभाताल, शुक्लाफाँटा, सुनदेवी, र त्रिशक्ति मध्यवर्ती उपभोक्ता समितिको क्षेत्रमा मानव-हात्ती द्वन्दका घटनाहरू घटेका छन्। निकुञ्जको नयाँबस्ती, तारापुर, बेलडाँडी, पलिया, मझगाउँ क्षेत्र हात्तीबाट हुने अन्नबाली क्षति र सिमलफाँटा, हात्तीथला, ढक्का क्षेत्र हात्तीबाट हुने मानवीय क्षतिको उच्च जोखिममा रहेका छन्। हात्तीले मुख्य गरी धान पाक्ने सिजन भाद्र-असोज र गहुँ पाक्ने सिजन चैत्र-वैशाखमा बढी खाद्यान्न बाली क्षति गर्ने गरेको पाइएको छ।

हात्ती-मानव द्वन्द न्यूनीकरणका लागी विद्युतीय तारवार र आर.सि.सि. पर्खाल निर्माण गर्ने कार्य भएको छ भने तत्कालै हात्ती आएको सूचना दिन सोलार साइरन जडान, सोलार बत्ति जडान, मचान निर्माण, टर्च लाईट वितरण गर्ने कार्य गरिएको छ। समय-समयमा मानव- वन्यजन्तु द्वन्द न्यूनीकरण तथा वन्यजन्तुको आनी बानी सम्बन्धि सचेतना र अभिमुखीकरण तालिम उपभोक्ता स्तर र कर्मचारी स्तरमा संचालन गरिन्छ। मध्यवर्ती क्षेत्रमा ९ वटा हात्ती प्रतिकार कार्यदल (Elephant Response Teams-ERT) पनि गठन गरी संचालनमा ल्याइएको छ।

त्यसै गरि मध्यवर्ती क्षेत्रमा चितुवाबाट पशुधनको क्षति, निलगाई, चित्तल, बँदेलबाट अन्नबाली क्षति हुने घटनाहरू हुने गर्दछ। निलगाई, चित्तल, बँदेलबाट हुने अन्नबाली क्षति नियन्त्रणका लागी प्रभावित क्षेत्रमा आर.सी.सी. सहितको मेषजाली, र काँडे तरबार निर्माण तथा मर्मत गर्ने कार्य गरिदै आइएको छ।

मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गत वन्यजन्तुले गरेको क्षति वापत तत्काल राहत उपलब्ध गराउन वन्यजन्तु बाट भएको क्षतिको तत्काल राहत उपलब्ध गराउने कोष स्थापना तथा संचालन गरिएको छ। हाल सम्म सगरमाथा, शोभाताल, र बेदकोट मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत वन्यजन्तुबाट भएको क्षतिको तत्काल राहत उपलब्ध गराउने कोष स्थापना भै संचालनमा रहेको छ। यसका साथै निकुञ्ज कार्यालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन) बमोजिम निकुञ्जको मध्यवर्ती लगायत डिभिजन वन कार्यालय, कञ्चनपुर, पहलमानपुर, कैलाली, बैतडी, डडेल्धुरा, र अछाममा वन्यजन्तुबाट भएको क्षति वापतको राहत उपलब्ध गराउँदै आएको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कार्यालयले उपलब्ध गराएको आ.व. २०७५/०७६ देखि २०७८/०७९ सम्म वन्यजन्तुबाट हुने क्षति वापतको राहत रकमको विवरण अनुसूची ९ मा समावेश गरिएको छ।

३.८ टुहुरा तथा उद्धार गरीएका वन्यजन्तु व्यवस्थापन

निकुञ्जको मध्यवर्ती क्षेत्र लगायतका स्थानहरू निकुञ्ज क्षेत्रबाट वन्यजन्तुहरू बाहिर निस्कि कुकुरको टोकाई, विषको अवैध प्रयोग र अन्य कारणले घाइते हुने, वन्यजन्तुहरूको बच्चाहरू फेला पर्ने, स्थानिय जनताहरूको घरखेतमा अजिंगर लगायतका फेला पर्ने संरक्षित वन्यजन्तुहरूको निकुञ्ज कार्यालयबाट उद्धार गरीदै आइएको छ यस निकुञ्जमा मध्यवर्ती क्षेत्रबाट उद्धार गरिएका वन्यजन्तु बाहेक अन्य जिल्लाहरूबाट उद्धार गरिएका वन्यजन्तुहरूको पनि स्याहार, सुसार, रेखदेख, घाईते भएमा उपचार समेत गरेर निकुञ्ज क्षेत्र भित्र अनुकूल वासस्थानमा छोड्ने कार्य गरिदै आएको छ। सुदूरपश्चिम प्रदेशकै लागि यस निकुञ्ज कार्यालय र राष्ट्रिय प्रकृति संरक्षण कोष - शुक्लाफाँटा संरक्षण कार्यक्रम (NTNC-SCP) ले वन्यजन्तु उद्धार र पुनर्स्थापनाका लागि महत्वपूर्ण भूमिका रहेको छ।

आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म निकुञ्ज कार्यालयबाट जम्मा ६०३ वन्यजन्तु उद्धारको कार्यहरू गरिएको देखिन्छ जसमा सबैभन्दा बढि अजिंगरको (३२५) उद्धारको कार्य गरिएको देखिन्छ (चित्र नं. २०)। यसै गरि निकुञ्ज कार्यालयबाट यस अवधिमा बढि संख्यामा उद्धार गरिएका वन्यजन्तुहरूमा चित्तल, मगर गोही, विभिन्न प्रजातिका सर्प, सुन गोहोरो, बँदेल, गिद्ध, कछुवा, गोहोरो, नीलगाई आदी रहेका छन्। त्यस्तै विगतका वर्षहरूमा डिभिजन वन कार्यालय, डोटी बाट भालुको बच्चा, डिभिजन वन कार्यालय, कञ्चनपुरबाट चितुवा, नीलगाईको बच्चा, निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बैजनाथ मध्यवर्ती सामुदायिक वन क्षेत्रबाट हात्तीको बच्चाहरूको उद्धार गर्ने कार्य भएको छ। आ.व. २०७१/०७२ देखि २०७८/०७९



चित्र नं. २०: आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म उद्धार गरिएका वन्यजन्तुहरुको संख्या



चित्र नं. २१: आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म (आ.व. २०७५/०७६ बाहेक) प्रजाति अनुसार वन्यजन्तुको मृत्युको संख्या

सम्म निकुञ्ज कार्यालयबाट गरिएका वन्यजन्तु उद्धार सम्बन्धिको विवरण अनुसूची १० मा समावेश गरिएको छ।

त्यस्तै विभिन्न समयमा निकुञ्ज क्षेत्र भित्रको सडकहरूमा दुर्घटनामा परेर, सिँचाई नालाहरूमा डुबेर, भुसिया कुकुरको आक्रमणमा परेर, मध्यवर्ती क्षेत्रमा बिष राखिएको घरपालुवा चौपायाको सिनो खाएर, र क्षतिग्रस्त मेषजालीमा अल्झिएर वन्यजन्तुहरूको मृत्यु हुने गरेको देखिन्छ। यि कारणहरूले गर्दा आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म (आ.व. २०७५/०७६ बाहेक) उद्धार गर्ने क्रममा वा मरिसकेको अवस्थामा जम्मा ४१९ वन्यजन्तुको मृत्यु भएको देखिन्छ जसमा सबैभन्दा बढि संख्यामा चित्तलको (२०४) मृत्यु भएको देखिन्छ (चित्र नं. २१)। आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म माथि उल्लेखित विभिन्न कारणले मृत्यु भएका वन्यजन्तुहरूको विवरण अनुसूची ११ मा समावेश गरिएको छ।

३.९ प्रशासनिक र सांगठानिक संरचना

यस निकुञ्ज कार्यालयको स्वीकृत दरबन्दी तेरिज बमोजिम प्रमुख संरक्षण अधिकृत (रा.प.द्वितीय प्रा.) को नेतृत्वमा कुल १२७ जना कर्मचारीको दरबन्दी कायम गरिएको छ। निकुञ्ज क्षेत्रलाई कार्य क्षेत्रको आधारमा दुई सेक्टर (पूर्वी सेक्टर अर्जुनी र पश्चिमी सेक्टर मझगाउँ), ५ वटा रेन्जपोष्ट, ८ वटा पोष्टमा विभाजन गरिएको छ। स्वीकृत दरबन्दी तेरिज र संगठनिक संरचना अनुसूची १२ बमोजिम रहेको छ।

३.१० चालु व्यवस्थापन योजनाको कार्यान्वयनको स्थिति

हाल निकुञ्जले संरक्षण र व्यवस्थापनको कार्यहरू सालबसाली रूपमा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम भइरहेको छ। विगत आठ वर्षमा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम गरिएका मुख्य कार्यक्रमहरूको सारांश यस प्रकार रहेको छ।

वासस्थान संरक्षण सुधार तर्फ वृक्षारोपण, नर्सरी स्थापना तथा बिरुवा उत्पादन, घासे मैदान व्यवस्थापन, घाँसेमैदान निर्माण, सिमसार क्षेत्र व्यवस्थापन, मिचाहा प्रजाति नियन्त्रण, अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन, पानी पोखरीमा बोरिंग सहितको सोलार जडान, वन्यजन्तुका पोखरीमा पानी व्यवस्थापन, वन्यजन्तुको लागी पानी पोखरी निर्माण, र वन्यजन्तुको लागी पानी पोखरी मर्मत जस्ता क्रियाकलापहरू संचालन भएका थिए।

निकुञ्जको वन तथा वन्यजन्तुको सुरक्षा गर्न वनपथ निर्माण, वनपथ मर्मत सुधार, बाटो ग्राभलिंग, चोरीशिकार



चित्र नं. २२: विगत आठ (८) आ.व. मा वन्यजन्तु आरक्ष/निकुञ्ज आयोजना र हात्तिसार आयोजना अन्तर्गत विनियोजित बजेट र भएको खर्च प्रतिशत

नियन्त्रण स्विप अपरेसन, गोष्ठी, अन्तर्क्रिया, सुराकी परिचालन, चोरीशिकार नियन्त्रण तालिम, चोरीशिकार नियन्त्रणका लागी संयुक्त टोलि परिचालन, चोरीशिकार नियन्त्रणका लागी युवा परिचालन, वन्यजन्तु अपराध नियन्त्रण कार्यक्रम, टुहुरा तथा समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन, टुहुरा तथा समस्याग्रस्त वन्यजन्तुका लागी औषधि खरिद, मानव वस्ति बाट वन्यजन्तु उद्धार र व्यवस्थापन, वन्यजन्तु उद्धार होल्ड़ीग केज निर्माण, मुद्दा अनुसन्धान तथा तहकिकात, बरामद वन पैदावार व्यवस्थापन, CBAPU परिचालन, कान्जी हाउस निर्माण, विद्युतीय वायरिंग र क्याम्प साईट र डुंगा र कान्जी हाउस र गोलघर मर्मत सुधार, भवन (कार्यालय र पोष्ट र सुरक्षा पोष्ट र सूचना केन्द्र र सभाहल र शौचालय) मर्मत, पोष्ट भवन निर्माण, कार्यालय भवन मर्मत, सार्वजनिक सौचालय निर्माण, शौचालय मर्मत, पोष्ट भवन मर्मत, गेस्टहाउस मर्मत सुधार, खानेपानी निर्माण, खानेपानी ट्युबवेल निर्माण, खानेपानी ट्युबवेल मर्मत, खानेपानी ट्यांकी निर्माण, खानेपानी मर्मत, मचान निर्माण, मचान मर्मत, काठेपुल मर्मत, काठेपुल, मचान र पानी पोखरी मर्मत, र कलभर्ट निर्माण जस्ता कार्यहरू संचालन गरिएको थियो।

सिमसार व्यवस्थापन कार्यक्रम अन्तर्गत सिमसार क्षेत्र पुनर्स्थापना, सिमसार संरक्षण सम्बन्धि प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, सिमसार संरक्षण सम्बन्धि संचार माध्यमबाट प्रचार प्रसार, र संरक्षित क्षेत्रका सिमसार क्षेत्रहरूको अध्ययन र अभिलेखीकरण जस्ता कार्यहरु गरिएको थियो।

भौतिक पूर्वाधार निर्माण अन्तर्गत ३ वटा शौचालय निर्माण, ३ वटा मोटरसाइकल खरिद, ५ वटा पोष्ट भवन निर्माण, डिजिटल क्यामेरा खरिद, बैनाकुलर खरिद, जि.पि.एस. खरिद, वन्यजन्तु उद्धारका फिल्डगेयर खरिद (ग्लोब, हेलमेट, बुट, खुकुरी, हार्ड ड्रेस आदि), प्रिन्टर खरिद, स्क्यानर, र कार्यालयलाई आवश्यक फर्निचर खरिद गरिएको छ।

वन डढेलो नियन्त्रण कार्यक्रम अन्तर्गत डढेलो नियन्त्रण, गाउँ बस्ती नजिक डढेलो जोखिमयुक्त वन क्षेत्रको Burning Material व्यवस्थापन, वन डढेलो सचेतना तालिम (उपभोक्ता स्तर), वन डढेलो सचेतना तालिम (कर्मचारी स्तर), वन डढेलो सम्बन्धि प्रचार प्रसार पम्प्लेट डिस्प्ले, वन डढेलो सम्बन्धि प्रचार प्रसार एफ. एम. स्थानीय पत्रिका, संरक्षित क्षेत्रमा सरोकारवालाहरू संग अन्तरक्रिया, सेना, प्रहरी, प्रशासन, नागरिक समाजसँगको समन्वय तथा सहकार्यमा डढेलो नियन्त्रण, संरक्षित क्षेत्रमा पानी पोखरी निर्माण मर्मत सम्भार, नयाँ अग्निरेखा निर्माण, सुधार, मर्मत, डढेलो नियन्त्रणको लागी अग्निरेखा निर्माण, डढेलो नियन्त्रणको लागी पानी पोखरी निर्माण, र डढेलो नियन्त्रणका सामाग्री व्यवस्थापन गर्ने कार्य गरिएको थियो।

मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण गर्नको लागि निकुञ्ज कार्यालयबाट वन्यजन्तुबाट टुहुरा बनाइएका बालबालिकालाई छात्रवृत्ति, वन्यजन्तु पिडित परिवारलाई आयआर्जन कार्यक्रम, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन (विद्युतीय तरबार/आर.सि.सि. वाल निर्माण), पि.सि.सि. वाल सहित मेषजाली निर्माण, मानव-वन्यजन्तु द्वन्द

न्यूनीकरण सम्बन्धि डकुमेन्ट्री निर्माण, मेषजाली सहित तरबार निर्माण, र हात्ती/चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान कार्यक्रमहरु संचालन भएका थिए।

अन्य वन्यजन्तु आरक्ष आयोजना/राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना अन्तर्गत संचालन भएका कृयाकलापहरुमा साईन बोर्ड, सूचना बोर्ड निर्माण, साईन बोर्ड, सूचना बोर्ड मर्मत, कान्जी हाउस मर्मत, गोलघर निर्माण, गोलघर मर्मत, मोटर ग्यारेज निर्माण, नदी पहिरो नियन्त्रण कार्य, बेलडाडी पर्यटक प्रवेशद्वार निर्माण, पोष्टमा विद्युतीकरण, विद्युत वाईरिंग मर्मत, सोलार फेन्स निर्माण, तरबार र सोलार फेन्स र कम्पाउण्ड वाल मर्मत, तरबार र सोलार फेन्स मर्मत, निकुञ्जको सुबिधा प्राप्त बाटो मार्गको झाडी सफाई, संरक्षित क्षेत्रमा डिजिटल डिमार्केसन सिस्टम स्थापना र संचालन, निर्माण भएका भौतिक पूर्वाधारहरूको जि.पि.एस. सहितको अभिलेख व्यवस्थापन, बाह्रसिँगा सर्वेक्षण तथा अनुगमन, WCCB बैठक, बाह्रसिँगा गणना, बाह्रसिँगा स्थानान्तरण, वेबसाइट निर्माण, मुद्दा अनुसन्धान तालिम, मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण सचेतना गोष्ठी, नेपाली सेना र संरक्षित क्षेत्र कार्यालयको पोष्ट प्रमुखहरुको अन्तर्क्रिया, वन्यजन्तुको आनीबानी सम्बन्धि सचेतना गोष्ठी, जैविक विविधता संरक्षण अन्तर्क्रिया गोष्ठी सरोकारवाला निकायहरु संगको समन्वय बैठक/गोष्ठी, जि.पि.एस. तथा जि.आई.एस. सम्बन्धि तालिम, गेम स्काउट, सेना र हात्ती परिचालकलाई पुनर्ताजकी तालिम, खर मयुर अध्ययनको लागी १ हेक्टर घाँसेमैदान व्यवस्थापन, वन्यजन्तु सप्ताह, विश्व वातावरण दिवस, सिमसार दिवस, संरक्षण दिवस, जैविक विविधता दिवस, बाघ दिवस, विश्व वन्यजन्तु दिवस तथा चोरी शिकार नियन्त्रण युवा जागरण दिवस, र म.सा.व. कार्ययोजना तयरी तथा नबिकरण पर्दछन्।

त्यस्तै पर्यटकीय पूर्वाधार विकास तर्फ क्याम्पसाईट निर्माण, खानेपानी र शौचालय निर्माण, काठेपुल निर्माण, वन्यजन्तुको लागी पानी पोखरी निर्माण, मचान निर्माण, पर्यापर्यटन प्रवर्धन कार्यक्रम, पर्यटकीय पदमार्ग निर्माण, पर्यटक बिश्राम स्थल निर्माण, फोहोर मैला व्यवस्थापनको लागी खाडल निर्माण, बर्कौला देखि मझगाउँ हुदै सिंहपुर सम्म ग्राभेल रोलिङ्ग सहित पानी पिच, चौधर नदीमा कजवे वा पुल र रोड ग्रावेल पानी पिच, पर्यटकीय टिकट काउन्टर मर्मत सुधार, विद्युतीय पर्यटक सूचना केन्द्र व्यवस्थापन, र पर्यटकीय क्षेत्रको फोहोर मैला व्यवस्थापन जस्ता कार्यहरू गरिएका छन्।

जनचेतना अभिवृद्धि तथा संरक्षण शिक्षा कार्यक्रम अन्तर्गत संचार माध्यमबाट संरक्षण सम्बन्धि प्रचार प्रसार कार्यक्रम र संरक्षण सम्बन्धि पर्चा, पम्प्लेट, क्यालेन्डर प्रकाशन तथा वितरण गर्ने कार्य गरिएको थियो। प्रजाति संरक्षण तथा व्यवस्थापन शिर्षक अन्तर्गत वन्यजन्तु संरक्षण र अनुसन्धान र कृष्णसार संरक्षण तथा व्यवस्थापन कार्य गरिएको थियो।

वन्यजन्तु संरक्षण लागी क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना अन्तर्गत ११३ किलोमिटर वन पथ ग्राभेलिंग, ३३० किलोमिटर वनपथ मर्मत सुधार, १३.५० किलोमिटर सबै मौसम चल्ने बाटो निर्माण, पोष्ट भवन निर्माण, वनपथ मर्मत सुधार, काठेपुल/पुल निर्माण, काठेपुल मर्मत, ग्याबियन निर्माण, खानेपानी ट्युबवेल निर्माण, मचान मर्मत, ३६६.५५ हेक्टर घाँसेमैदान व्यवस्थापन, बाघ र यसको आहारा प्रजातिको नियमित अनुगमन/क्यामरा ट्र्यापिंग, Rapid Response Team (RRT) परिचालन, र चोरीशिकार नियन्त्रण स्विप अप्रेसन जस्ता कार्यहरू संचालन गरिएका थिए।

मध्यवर्ती क्षेत्र कार्यक्रम अन्तर्गत समितिको कार्यालय भवन निर्माण, म.सा.व. तरबार निर्माण, मानव वन्यजन्तु द्वन्द न्यूनीकरण पूर्वाधार निर्माण, चरिचरण नियन्त्रण तथा व्यवस्थापन, चरिचरण नियन्त्रण तथा व्यवस्थापन, काडेतरबार निर्माण, जैविक तटबन्ध निर्माण, मेषजाली युक्त तरबार निर्माण, ट्रेन्च निर्माण, डुड, चारा मेसिन सहयोग, पशु चारा खुवाउने डुड निर्माण, वन्यजन्तु प्रभावित क्षेत्रमा सोलार बत्ति जडान, आर.सि.सि. मचान मर्मत सुधार, काडेतरबार निर्माण, सामुदायिक भवन निर्माण मर्मत, शौचालय निर्माण, बाटो ग्रेभलिंग, निकुञ्ज वस्तीको सिमाना तरबार, जैविक तटबन्ध निर्माण, मिटिंग हल निर्माण, कार्यालय भवन मर्मत, मन्दिर, गुम्बा, माने, चिहान मर्मत, वन्यजन्तु पिडितहरुलाई घर निर्माणको लागी आर्थिक सहयोग, सुधारिएको बाख्रा पालन खोर निर्माण सहयोग, निकुञ्जमा दाउरा निर्भरता कम गर्न एल.पि. ग्यास अनुदान, वृक्षारोपण, खरको छाना बिस्थापित गर्न वन्यजन्तु प्रभावित परिवारलाई जस्तापाता सहयोग, जडीबुटी खेति तालिम, जडिबुटी खेति सहयोग, पशुपालन तालिम, बंगुर पालन तालिम, लक्षित वर्गमा आयआर्जनको लागी सहयोग, आयमुलक घुम्तिकोष स्थापना, पशु चारा काट्ने मेसिन वितरण, सुधारिएको बाख्रा पालन खोर निर्माण सहयोग, माछा पालन कार्यक्रम आंशिक सहयोग, आयआर्जनको लागी घुम्तिकोष, संरक्षण सम्बन्धि स्कुल

कार्यक्रम, गोष्ठी, अन्तर्क्रिया, संरक्षण सम्बन्धि दिवस समारोह, सूचना प्रचार प्रसार, अन्तरसमिति अवलोकन भ्रमण, चरिचरण नियन्त्रणको लागी समन्वय गोष्ठी/अन्तर्क्रिया, CBAPU परिचालन, मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागी जनचेतना कार्यक्रम, उपभोक्ता समूह सचेतीकरण/अन्तर्क्रिया जस्ता क्रियाकलापहरू संचालन गरिएको थियो।

प्रकृतिमा आधारित पर्यटन कार्यक्रम, राष्ट्रपति चुरे-तराई मधेश विकास कार्यक्रम, तराई भू-परिधि कार्यक्रम, Strengthening Wildlife Protection in Shuklaphanta Wildlife Reserve (IDA) Program, जुलोजिकल सोसाईटी अफ लण्डन नेपाल (ZSL-Nepal) कार्यक्रम मार्फत Securing Shuklaphanta Wildlife Reserve Grassland and Wellbeing of local communities सम्बन्धि ३ वर्षे आयोजना, र NTNC-SCP बाट समेत विभिन्न वन्यजन्तु संरक्षण र वासस्थान व्यवस्थापनको गतिविधिहरू संचालन गरिएका थिए। माथि उल्लेखित कार्यक्रमहरूको परिमाण सहितको सारांश समेटेको तालिका अनुसूची १३ मा समावेश गरिएको छ।

यसरी निकुञ्ज कार्यालय तथा विभिन्न साझेदार संस्था तथा निकायहरू बिचमा राम्रो समन्वय र सहकार्यमा निकुञ्ज संरक्षण तथा व्यवस्थापनको लागि रहेका मुख्य चुनौतीहरूको समाधानको लागि प्रयास भएको देखिन्छ। विगत आठ (८) आ.व. मा वन्यजन्तु आरक्ष/निकुञ्ज आयोजना अन्तर्गत विनियोजित बजेटको औसतमा ७८.९२ प्रतिशत खर्च र हात्तीसार आयोजना अन्तर्गत विनियोजित बजेटको औसतमा ८३.२८ प्रतिशत खर्च भइ अधिकांश कार्यक्रमहरू संचालन भएको देखिन्छ।

३.११ निकुञ्जको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण

सवल पक्ष:

- तराईका संरक्षित क्षेत्रहरू मध्ये सबै भन्दा ठूलो घाँसेमैदान रहेको
- संसारमै सबै भन्दा ठूलो झुण्डमा बाहसिँगा पाईने राष्ट्रिय निकुञ्ज
- Global Tiger Conservation Landscape, र तराई भू-परिधिको मध्यभागमा रहेको
- CA/TS सूचिमा दर्ता भएको
- संसारमै लोपोन्मुख र दुर्लभ चरा प्रजाति र जैविक विविधता संरक्षणका लागि महत्वपूर्ण भएकोले Bird-Life International ले IBA र KBA मा सूचीकृत गरेको
- नेपालमा कृष्णसार पाईने दुई मध्ये १ (एक) मात्र संरक्षित क्षेत्र तथा, कृष्णसारको सफल पुनर्स्थापना गरिएको संरक्षित क्षेत्र
- सुदूरपश्चिम प्रदेशमा पाटेबाघ, गैडा, हात्ती, कृष्णसार पाईने एक मात्र राष्ट्रिय निकुञ्ज
- महाकाली र चौधर नदीको तटीय क्षेत्रको संरक्षणका लागि महत्वपूर्ण निकुञ्ज
- तराई बाट चुरे क्षेत्रमा वन्यजन्तु विचरण गर्न महत्वपूर्ण जैविक मार्ग
- संरक्षणमा स्थानीयको राम्रो सहभागिता
- सुदूरपश्चिम प्रदेशमा पर्यटनका लागी महत्वपूर्ण गन्तब्य
- निरन्तर सिमापार समन्वय र सहकार्य रहेको

कमजोर पक्ष:

- पर्या-पर्यटन बाट धेरै कम राजश्व संकलन
- कार्यालयको भौतिक संरचनाको कमी
- सवारी साधन तथा दरबन्दी अनुसार हात्तीको संख्या नहुनु
- कार्यक्षेत्रको अनुपातमा कर्मचारी संख्या कम हुनु
- भौगोलिक अवस्थिति र आवश्यक भौतिक पूर्वाधारको कमीले गर्दा अन्य संरक्षित क्षेत्र भन्दा न्यून विदेशी पर्यटक अवलोकन गर्न आउनु
- निकुञ्जको पूर्वी क्षेत्रमा महाकाली सिँचाई नहर, पूर्व-पश्चिम राजमार्ग, हुलाकी राजमार्ग, कलुवापुर-बेलौरी सडकले गर्दा वासस्थान खण्डिकरण तथा वन्यजन्तुहरूको तराईबाट चुरेमा विचरण प्रभावित भएको
- घाँसेमैदान तथा वन डढेलो सम्बन्धी पर्याप्त कार्यक्रम नभएको
- निकुञ्ज क्षेत्रभित्र आरक्ष विस्तारका क्रममा विस्थापितहरूको बस्ति रहेको र सो को हाल सम्म उचित व्यवस्थापन हुन नसकेको
- मध्यवर्ती क्षेत्रको बस्ती निकुञ्ज सिमानासँग जोडिएकोले मानव-वन्यजन्तु द्वन्दको सम्भाव्यता उच्च रहेको

- चुरे क्षेत्र र नेपाल-भारत सिमाना क्षेत्रमा पहुँच कम रहेको

अवसर:

- पाटेबाघ, गैँडा, हात्तीको संख्यामा वृद्धि
- तराईका नदी तटीय घाँसेमैदान सम्बन्धी अध्ययन अनुसन्धान तथा व्यवस्थापनका लागी नमुना बन्न सक्ने
- कृष्णसारको सफल पुनर्स्थापना
- लघुकर्ण खरायो र खर मजुरको संरक्षणका लागी उपयुक्त वासस्थान रहेको
- स्वदेशी र भारतीय पर्यटकलाई आकर्षण गर्न सक्ने गन्तव्य
- सुदूरपश्चिम प्रदेशमा वन्यजन्तु उद्धार र पुनर्स्थापनाका लागी क्षमता विकास गरि व्यवस्थापन गर्न सकिने
- चौधर नदीको तटिय क्षेत्रमा थप गैँडा स्थानान्तरण गर्न सकिने
- महाकाली र चौधर नदीमा घडियाल स्थानान्तरण तथा पुनर्स्थापना गर्न सकिने
- कृष्णसारलाई पूर्ण रुपमा प्राकृतिक वासस्थान बडनिखेडा र लालपानी क्षेत्रमा पुनर्स्थापना गर्न सकिने
- सुदुरपश्चिम प्रदेशको मौलिक कला संस्कृतिको जगेर्ना हुने
- शिकारी ताललाई रामसारमा सुचिकृत गर्न सकिने

चुनौती:

- वासस्थान विनाश तथा क्षयीकरण
  - o प्राकृतिक सिमसार, ताल तथा जलाशय सुक्ने एवम् पुरिने
  - o नदी कटान (महाकाली, चौधर, स्याली)
  - o घाँसेमैदानको रूपान्तरण (Invasion of Grasslands)
    - - मिचाहा प्रजातिको फैलावट
    - - रुखहरू र झाडी प्रजातिको वनस्पतिले ढाक्नु (grassland conversion into woodlands)
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अतिक्रमण
- पूर्वाधार निर्माणले वासस्थान खण्डिकरण
- मध्यवर्ती क्षेत्रमा वन क्षेत्र न्यून रहेकोले मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाको दैनिक उपभोग्य वन पैदावारका लागि निकुञ्ज क्षेत्रमा निर्भरता उच्च रहेको
  - o अनियन्त्रित चरिचरण
  - o दैनिक अवैध वन पैदावार संकलन
- मानव वन्यजन्तु द्वन्द
  - o हात्ती, चितुवा, बँदेल, भुसिया कुकुर
  - o सडक दुर्घटना
  - o भविष्यमा हुन सक्ने मानव-बाघ द्वन्द
- चोरी शिकार
- जलवायु परिवर्तनको वन्यजन्तु, तिनको वासस्थान, जलस्रोत, र परस्थितिकिय प्रणालीमा असर

भाग- ख

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना

अध्याय ४: दुरदृष्टि, लक्ष्य र उद्देश्य

४.१ दुरदृष्टि:

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको जैविक विविधताको संरक्षण र पुनर्स्थापना गरी मानव-प्रकृति सह-अस्तित्व कायम राखी तराई र चुरेको पारिस्थितिकी प्रणालीलाई स्वस्थ राख्न सहयोग गर्ने

४.२ व्यवस्थापकिय लक्ष्य:

सङकटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तुको स्वास्थ्य संख्या (healthy population) कायम गर्न र मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्न आधुनिक विज्ञान तथा प्रविधिको प्रयोग गरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको समग्र जैविक विविधता, पारिस्थितिकीय प्रणाली, र भू-दृश्यहरुको संरक्षण, संवर्धन तथा व्यवस्थापन गरी स्थानीय समुदायलाई सोको समुचित लाभ पुर्याउने

४.३ व्यवस्थापन योजनाको उद्देश्य:

१. राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा अति संकटापन्न, दुर्लभ, लोप हुने खतरामा रहेका र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तुको सुचिमा सुचिकृत गरेका वन्यजन्तुहरू (पाटेबाघ, एकसिंगे गैडा, हात्ती, खर मजुर, लघुकर्ण खरायो, कृष्णसार, बाह्रसिँगा, सालक आदी) को स्वास्थ्य संख्या (healthy population) तथा तिनको वासस्थानको संरक्षण र व्यवस्थापन गर्नु,

२. प्रजाति संरक्षण, वासस्थान व्यवस्थापन, वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण, संरक्षण शिक्षा एवम् प्रचार प्रसार मार्फत समग्र जैविक विविधता संरक्षण गर्ने।

३. मानव-वन्यजन्तु सह-अस्तित्व कायम राख्न मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण गर्ने,

४ पर्या-पर्यटन र जैविक विविधताको संरक्षणमा सन्तुलन कायम गरी दिगो प्रकृतिमा आधारित पर्या-पर्यटनको विकास तथा नियमन गर्दै मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने बासिन्दाहरु एवं समुदायहरुको परम्परागत रीति रिवाज एवं संस्कृतिको जर्गेना गर्ने र अर्थतन्त्रमा टेवा पुर्याई स्थानीय समुदायको जीवनस्तर सुधारमा सहयोग गर्ने र निकुञ्जको राजश्व संकलनको दायरा बढाई निकुञ्जलाई आर्थिक तवरले स्वचालित बनाउने,

५. मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम मार्फत संरक्षण तथा सामुदायिक विकासका कार्यक्रुरु सञ्चालन गर्ने।

६. जलवायु परिवर्तन जन्य समस्याको पहिचान, समस्या तथा चुनौतीको अध्ययन तथा कार्यक्रम तय गर्दै सरोकारवालाहरूको सहभागितामा जोखिम न्यूनीकरण तथा समयानुकूल व्यवस्थापन (Adaptive Management) का कार्यहरू गर्ने।

७. अध्ययन अनुसन्धान, क्षमता अभिवृद्धि, समन्वय र सहकार्य मार्फत निकुञ्ज कार्यालय र मध्यवर्ती समितिहरूको संस्थागत क्षमताको विकास तथा सुदृढ गर्ने।

८. पारिस्थितिकीय प्रणालीहरु (Ecosystems) र वन्यजन्तुको वासस्थान स्वस्थ एवं क्रियाशिल (functional) राख्नका लागि अध्ययन अनुसन्धान गर्नु र अध्ययन अनुसन्धान बाट आएका सुझावहरूलाई कार्यान्वयन गरी व्यवस्थापन पक्षलाई सहयोग गर्नु।

४.४ व्यवस्थापनका चुनौतीहरू:

- वासस्थान विनाश तथा क्षयीकरण
  - प्राकृतिक सिमसार, ताल तथा जलाशय सुक्ने एवम् पुरिने
  - नदी कटान (महाकाली, चौधर, स्याली)
  - घाँसेमैदानको रूपान्तरण (Invasion of Grasslands)
    - मिचाहा प्रजातिको फैलावट
    - रुखहरू र झाडी प्रजातिको वनस्पतिले ढाक्नु (grassland conversion into woodlands)

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अतिक्रमण
- पूर्वाधार निर्माणले वासस्थान खण्डिकरण
- मध्यवर्ती क्षेत्रमा वन क्षेत्र न्यून रहेकोले मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाको दैनिक उपभोग्य वन पैदावारका लागि निकुञ्ज क्षेत्रमा निर्भरता उच्च रहेको
  - अनियन्त्रित चरिचरन
  - दैनिक अवैध वन पैदावार संकलन
- मानव वन्यजन्तु द्वन्द
  - हात्ती, चितुवा, बँदेल, भुसिया कुकुर
  - सडक दुर्घटना
  - भविष्यमा हुन सक्ने मानव-बाघ द्वन्द
- चोरी शिकार
- जलवायु परिवर्तनको वन्यजन्तु, तिनको वासस्थान, जलस्रोत, र परस्थितिकिय प्रणालीमा असर

©कबि राज बोहरा/शु.रा.नि.

अध्याय ५: व्यवस्थापकीय रणनीतिहरु

५.१ सिमाना: कानुनी, प्रशासनिक र पारिस्थिकीय

५.१.१ कानुनी सिमाना

यस निकुञ्जको कानुनी सिमाना नेपाल सरकारले नेपाल राजपत्र भाग ३ मा सर्वप्रथम मिति २०३३/०४/०४ मा र पछि मिति २०५१/०२/०२ मा चार किल्लाको विवरण सहितको सूचना प्रकाशित गरी वन्यजन्तु आरक्षको रूपमा कायम गरेको थियो। मिति २०७३/११/०९ मा नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशित गरी सोही चार किल्ला भित्रको क्षेत्रलाई नेपाल सरकारले राष्ट्रिय निकुञ्जको रूपमा घोषणा गरेको थियो। त्यसै गरी नेपाल राजपत्र भाग ३ मा मिति २०६१/०२/०९ मा चार किल्लाको विवरण सहितको सूचना प्रकाशित गरी नेपाल सरकारले यस निकुञ्जको वरिपरिको क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरेको थियो।

५.१.२ प्रशासनिक सिमाना

यस निकुञ्जको र यसको मध्यवर्ती क्षेत्र नेपालको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा पर्दछ। यस निकुञ्जको दक्षिणी सिमानामा नेपाल-भारत अन्तर्राष्ट्रिय सिमाना पर्दछ भने उत्तरी सिमानाम डडेल्धुरा जिल्लासँग सिमाना रहेको छ। निकुञ्ज क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न कार्य क्षेत्रको आधारमा निकुञ्ज क्षेत्र भित्र दुई सेक्टर (पूर्वी सेक्टर, अर्जुनी र पश्चिमी सेक्टर, मझगाउँ), ५ वटा रेन्जपोष्ट, र ८ वटा पोष्टहरु कायम गरिएको छ।

५.१.३ परिस्थिकीय सिमाना

यो निकुञ्जले WWF Global 200 Ecoregions मध्ये Terai-Duar savannas and grasslands ecoregion समेटेको छ। यो निकुञ्ज विश्वमा पाटेबाघ पाईने भू-परिधि (Global Tiger Landscapes) को एउटा अभिन्न अंग पनि हो। यो निकुञ्ज नेपालको बागमती नदीबाट भारतको यमुना नदी सम्म नेपालको ६ वटा तथा भारतको ८ वटा गरी जम्मा १४ वटा संरक्षित क्षेत्रमा फैलिएको तराई भू-परिधि क्षेत्रको मध्यबिन्दुमा अवस्थित छ (Chanchani et al. 2014)। यस निकुञ्जको दक्षिण-पश्चिम सिमानामा भारतको पीलीभित टाइगर रिजर्व रहेको छ भने दक्षिण-पूर्वी सिमानामा लालझाडी-मोहना वन संरक्षण क्षेत्र रहेको छ। यसको उत्तर-पूर्वी सिमाना डडेल्धुराको चुरे क्षेत्रसँग जोडिएको छ। उक्त पूर्वी सेक्टर अर्जुनिको कार्य क्षेत्र अन्तर्गत पर्ने ३.९ कि.मि. चौडाई भएको निकुञ्ज क्षेत्रले तराई र चुरेको विचमा वन्यजन्तुलाई आवतजावत गर्न महत्वपुर्ण जैविक मार्गको रुपमा काम गरेको छ। त्यसै गरी लालझाडी-मोहना वन संरक्षण क्षेत्रबाट भारतको दुधुवा नेशनल पार्क सम्म र बूम-ब्रह्मदेव वन क्षेत्रबाट भारतको नन्धौर वाइल्डलाइफ सेंचुरी सम्म पनि वन्यजन्तुहरूको आवतजावत हुने गरेको छ।

५.२ क्षेत्र विभाजन (Zonation):

यस निकुञ्जको उद्देश्य हासिल गर्न, श्रोत, साधन र कार्यक्रम उपयुक्त स्थानमा प्रभावकारी ढंगले परिचालन एवम् संचालन गर्न निकुञ्ज क्षेत्रलाई चार वटा क्षेत्रमा विभाजन गरिएको छ। ती क्षेत्रहरूको संक्षिप्त विवरण तपसिल बमोजिम रहेको छ।

५.२.१ व्यवस्थापन सुविधा क्षेत्र (Management Facility Zone)

- निकुञ्जको संरक्षण र व्यवस्थापनलाई टेवा पुर्याउने उद्देश्यले निकुञ्ज कार्यालय तथा नेपाली सेनाद्वारा निर्माण गरिएका पूर्वाधारहरू भएको क्षेत्र।
- यस क्षेत्रमा निकुञ्जको कार्यालय भवन (मुख्य कार्यालय, सेक्टर, रेन्जपोष्ट, पोष्ट, हात्तीसार), कर्मचारी आवास, अतिथि गृह, वनपथ, मचान, पुल, सूचना बोर्ड, JOC भवन, नेपाली सेनाको गण हेडक्वाटर, गुल्म, सुरक्षा पोष्ट, चेक पोष्ट, आवास भवनले ओगटेको क्षेत्र पर्दछन्।
- यो क्षेत्र मुख्य गरी निकुञ्ज कार्यालयबाट मध्यवर्ती क्षेत्रका बासिन्दा, अनुसन्धानकर्ता, र पर्यटक लगायतका सेवाग्राहीहरूलाई दैनिक प्रशासनिक एवम् प्राविधिक सेवा प्रदान गर्न प्रयोग गरिनेछ।

५.२.२. उपयोगी क्षेत्र (Utility Zone)

- प्रकृतिमा आधारित मनोरञ्जनात्मक र पर्यटकीय क्रियाकलापहरू संचालनको लागि छुट्टाइएको क्षेत्र।
- यस क्षेत्रमा वन्यजन्तु संग्रहालय, पर्यटक सूचना केन्द्र,

वन्यजन्तु प्रजनन केन्द्र, पर्यटक प्रवेशद्वार, टिकट काउन्टर, पर्यटक पथ, हात्ती सफारी पथ, पर्यटकका लागि निर्माण गरिएका शौचालय तथा बिश्रामस्थलले ओगटेको क्षेत्र पर्दछन्।

- यस क्षेत्रको व्यवस्थापनको मुख्य उद्देश्य निकुञ्ज क्षेत्रमा पर्यटन गतिविधिहरुलाई व्यवस्थित र नियमन गर्ने रहेको छ।

५.२.३. कोर क्षेत्र (Core Zone)

- माथि उल्लेखित व्यवस्थापन सुविधा क्षेत्र र उपयोगी क्षेत्र बाहेकका निकुञ्जको बाकी सम्पूर्ण क्षेत्रहरू यस क्षेत्रमा पर्दछन्।
- यस क्षेत्रको व्यवस्थापनको मुख्य उद्देश्य निकुञ्ज क्षेत्रमा पाईने सङकटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति (Fauna and Flora) लगायत जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरु संरक्षण एवं व्यवस्थापन गर्ने, र वन्यजन्तु र तिनको वासस्थान सम्बन्धि अध्ययन अनुसन्धान गर्ने रहेको छ।
- यस क्षेत्र अन्तर्गतको चौधर नदीको तटिय क्षेत्र भविष्यमा यस व्यवस्थापन योजनामा समावेश भए बमोजिम वन्यजन्तु स्थानान्तरण गरी छोड्न तथा कृष्णसारलाई प्राकृतिक वासस्थानमा पुनर्स्थापना गर्न उपयुक्त क्षेत्र भएको हुँदा उक्त क्षेत्रमा अध्ययन अनुसन्धान बाहेक अन्य किसिमको मानवीय गतिविधिहरू संचालन गरिने छैन।

५.२.४ मध्यवर्ती क्षेत्र (Buffer Zone)

- नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको चार किल्ला भित्र रहेका मध्यवर्ती क्षेत्रको स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन, निकुञ्जको वन क्षेत्रमा निर्भरता हटाउन, मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न, र जनचेतना जगाई वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा स्थानीय बासिन्दाको सक्रिय सहभागिता बढाउने उद्देश्यले विभिन्न गतिविधिहरू संचालन गर्नका लागि छुटाइएको क्षेत्र।

५.३ विषयगत योजना

आठ वटा विषयगत क्षेत्रहरू: वन्यजन्तु र तिनको वासस्थान संरक्षण, वासस्थान व्यवस्थापन, अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन, वन्यजन्तु स्वास्थ्य व्यवस्थापन, हात्तीसार व्यवस्थापन, र भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार पहिचान गरी सो सम्बन्धि योजनाहरू तपसिल बमोजिमका उप-शीर्षकमा व्याख्या गरिएको छ। त्यसै गरी अध्ययन अनुसन्धान तथा क्षमता विकास, प्रजाति संरक्षण विशेष कार्यक्रम, पर्यापर्यटन विकास, मध्यवर्ती क्षेत्र व्यवस्थापन, र निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सम्बन्धि विशेष कार्यक्रम अन्तर्गत जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, र घडियाल गोही स्थानान्तरण सम्बन्धि कार्यक्रमहरू छुट्टै अध्याय बनाई समावेश गरिएको छ।

५.३.१ वन्यजन्तु र तिनको वासस्थान संरक्षण

विद्यमान अवस्था

यस निकुञ्जको संरक्षण तथा व्यवस्थापनको लागि निकुञ्ज कार्यालय अन्तर्गत २ वटा सेक्टर, ५ वटा रेञ्जपोष्ट, ८ वटा पोष्ट रहेका छन् भने नेपाली सेनाको गण

©मनोज ऐर/शु.रा.नि.



चित्र नं. २३: **वि.सं. २०५२ देखि २०७७ सम्म निकुञ्ज कार्यालयमा दर्ता भएका मुद्दाहरुको वार्षिक संख्या**

अन्तर्गत ४ वटा आश्रित गुल्म र १४ सुरक्षा पोष्टहरु रहेका छन्। निकुञ्ज क्षेत्रमा दैनिक निकुञ्ज र सेनाको संयुक्त तथा एकल पैदल, साइकल र मोटरसाइकलमा गस्ती गरिने तथा समय समयमा छोटो, मध्यम, र लामो दूरीको गस्ती समेत संचालन गरीन्छ। त्यस्तै पिपरिया, मालुमेला, र शुक्लाफाँटा हात्तीसारमा रहेका हात्तीहरूको प्रयोग गरी हात्तीद्वारा गस्ती गरी निकुञ्जको भित्री क्षेत्रको अवस्थाको जानकारी लिने गरिएको छ।

निकुञ्ज कार्यालयमा वि.सं. २०५२ देखि २०७७ सम्म १९५ वटा वन तथा वन्यजन्तु सम्बन्धि कसुर भएर मुद्दा दायर गरिएको देखिन्छ (चित्र नं. २३)। दर्ता भएका



चित्र नं. २४: **वि.सं. २०५२ देखि २०७७ सम्म निकुञ्ज कार्यालयमा दर्ता भएका मुद्दाहरुको कसुरको किसिम**

मुद्दाहरूको अनुसन्धानको सिलसिलामा ५४१ जना पक्राउ परेको देखिन्छ (चित्र नं. २३)। जम्मा दर्ता दायर मुद्दा मध्ये १४० वटा वन पैदावार संग सम्बन्धित, ४७ वटा वन्यजन्तु संग सम्बन्धित र ८ वटा अतिक्रमणको कसुरसँग सम्बन्धित रहेका छन् (चित्र नं. २४)। समग्रमा हेर्दा वन्यजन्तुको चोरी शिकारको घटनाहरू न्यून नै रहेको देखिन्छ।

सवाल

- निकुञ्जको चोरी शिकार नियन्त्रणको लागि संवेदनशिल क्षेत्रमा संचारको नेटवर्क नहुनु
- नदी तथा जलाशयहरूमा गस्ती गर्न डुंगा र राफ्ट बोट नहुनु
- केही पोष्टहरुमा हालसम्म पनि बिजुली जडान तथा सफा खानेपानीको व्यवस्था नहुनु
- वर्षायाममा निकुञ्जभित्रका वनपथहरू प्रयोग गर्न सकिने अवस्थामा नहुनु
- घाँसेमैदान र नदी तटिय क्षेत्रको छिटो छरितो निगरानी गर्न ड्रोन नहुनु
- दरबन्दी अनुसार हात्तीको संख्या नहुनु
- दरबन्दी अनुसार गेमस्काउटहरुको संख्या पुरा नहुनु
- चुरे क्षेत्र, शिकारी ताल क्षेत्र, नेपाल-भारत २८ नं. र २३ नं सिमाना पिल्लर भएको क्षेत्र लगायत अन्य संवेदनशिल क्षेत्रहरूमा पहुँच कम हुनु
- गस्ती तथा अवैध गतिविधि नियन्त्रण गर्न सवारी साधन कमी

- विभिन्न स्थानहरूमा कल्भर्ट र पुलको कमीले गर्दा वनपथ संचालन नभएको
- चोरी शिकारी नियन्त्रण गर्न आधुनिक प्रविधिको साधनको कमि
- समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (CBAPU)

रणनीति

- बाह्रै महिना गस्ती तथा पहुँच हुन सक्ने गरी पूर्वाधारहरूको निर्माण तथा स्तरउन्नति गर्ने
- वर्षको केही महिना अस्थायी पोष्ट खडा गरी संवेदनशिल क्षेत्रमा उपस्थिति बढाउने
- नविनतम् प्रविधि जस्तै Spy Camera, Drone र CCTV को प्रयोग बढाउने
- कर्मचारीहरूको लागि नविनतम् प्रविधि प्रयोग गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने
- Real time SMART गस्तीलाई थप प्रभावकारी बनाउने
- चोरी शिकार तथा वन्यजन्तु र तिनको अंगको अवैध व्यापार नियन्त्रणका लागि स्थानीय समूह, समिति र समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (CBAPU) मार्फत अभियानको परिचालन तथा क्षमता अभिवृद्धि गर्ने
- वन्यजन्तु अपराध नियन्त्रण इकाई (WCCB) र सिमापार बैठक मार्फत अन्तरनिकाय तथा सिमापार समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने
- चोरी शिकार तथा वन्यजन्तु र तिनको अंगको अवैध व्यापार नियन्त्रणका लागि स्थानीय समूह, समिति, समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (CBAPU) को क्षमता अभिवृद्धि गर्ने र सचेतना अभियान संचालन गर्ने
- समुदाय तथा स्थानीय सुराकीबाट सूचना संकलन थप प्रभावकारी बनाउने
- निकुञ्जको संवेदनशिल क्षेत्रहरूमा वनपथ निर्माण गरी पहुँच बढाउने
- वन तथा वन्यजन्तु सम्बन्धि डेटाबेस तयार गर्ने

कार्यक्रम

- वनपथ निर्माण:
  - चुरे क्षेत्र (बडेपानी, खरिगाड क्षेत्रमा) (३ कि.मि.)
  - नेपाल-भारत २८ नं. र २३ नं. सिमाना पिल्लर भएको क्षेत्रमा (१० कि.मि.)
  - शिकारी ताल क्षेत्रमा (५ कि.मि.)
  - कालापानी क्षेत्र (१० कि.मि.)
  - राधापुर देखि २८ नं नेपाल-भारत सिमाना पिल्लर (५ कि.मि.)
- वनपथ मर्मत:
  - नेपाल-भारत २८ नं. देखि २४ नं सिमाना पिल्लर हुदै ढकना घाटसम्म
  - पिपरिया देखि ढकना घाटसम्म
  - कालापानी पोष्ट देखि बडेपानी जाने वनपथ सम्म
  - तारापुर देखि भतपुरी फाँटा हुदै लल्लरे पोष्ट सम्म
  - चम्पापुर देखि बड्निखेडा
  - बाबाताल देखि कुवा डाँडासम्म
- वनपथलाई पानीपिच गरी स्तरउन्नति गर्ने
- वनपथको दुवैतर्फ नाला निर्माण गरी वनपथको दिगो उपयोग गर्ने
- पुल निर्माण:
  - शिकारी ताल क्षेत्रमा
  - २४ नं सिमाना पिल्लर हुँदै ढकना घाटसम्म
  - बाबाताल देखि कुवा डाँडा ३ वटा काठेपुल
- पुल मर्मत:
  - तारापुर, लालपानी, अर्जुनी फाँटा
- काठको मचान निर्माण तथा मर्मत:
  - खरीगाड क्षेत्र, भत्केको पोष्ट, शिकारी ताल
- पोष्ट निर्माण (संगठनिक संरचनामा रहेका र संवेदनशिल क्षेत्रहरूमा):
  - बडेपानी क्षेत्र, खरीगाड क्षेत्र, महाकाली १० नं. घाट क्षेत्र, शिकारी ताल क्षेत्र,
  - हात्तीथला पोष्ट
  - बड्निखेडा पोष्ट
  - तारापुर पोष्ट
  - मालुमेला पोष्ट
  - पलिया पोष्ट
- पोष्ट मर्मत:
  - सिंहपुर रेन्जपोष्ट
  - ढक्का रेन्जपोष्ट
  - बेलडाँडी रेन्जपोष्ट
  - चम्पापुर पोष्ट
- सेक्टर भवन निर्माण:

- पश्चिम सेक्टर कार्यालय भवन (बेलडाँडी)
- आवास भवन (२ वटै सेक्टरमा)

- टिकट काउन्टर निर्माण:
  - पूर्वी सेक्टर अर्जुनी प्रवेशद्वार, बेलडाँडी प्रवेशद्वार
- बिजुली जडान :
  - सिंहपुर गुल्म र सिंहपुर रेन्जपोष्ट (३५०० मि.)
  - हिरापुर रेन्जपोष्ट (१२०० मि.)
  - तारापुर पोष्ट (१६०० मि.)
  - बड्निखेडा पोष्ट (१२०० मि.)
  - शुक्लाफाँटा पोष्ट र सुरक्षा पोष्ट (४८०० मि. सिंहपुर रेन्जपोष्ट देखि)
  - बर्कौला सुरक्षा पोष्ट (४२०० मि. शुक्ला पोष्ट देखि)
  - सोलार बत्ति जडान (पोष्टहरु)
- खानेपानी जडान:
  - सिंहपुर रेन्जपोष्ट, शुक्लाफाँटा पोष्ट, तारापुर पोष्ट (आर्टिजन बोरिङ)
  - पूर्वी सेक्टर अर्जुनी, ढक्का रेन्जपोष्ट, बेलडाँडी रेन्जपोष्ट, पिपरिया रेन्जपोष्ट, चम्पापुर पोष्ट, दोधरा पोष्ट (खानेपानी पाईप जडान)
  - मंगलशेरा पोष्ट, जोनापुर पोष्ट, राधापुर पोष्ट, बर्कौला पोष्ट, हात्तीथला पोष्ट, मालुमेला पोष्ट, पलिया पोष्ट, (ट्युबवेल जडान)
- Closed circuit television (CCTV) जडान:
  - मुख्य कार्यालय, टिकट काउन्टर, हात्तीसार
  - थुनुवा घर, स्टोर कक्ष
  - पूर्व पश्चिम राजमार्ग (अर्जुनी), हुलाकी राजमार्ग, कलागौडी पुल देखि ढक्का रेन्जपोष्ट सम्मको कलुवापुर-बेलौरी सडक
  - बड्निखेडा चेकपोष्ट, बेलडाँडी चेकपोष्ट, ढक्का चेकपोष्ट, सिंहपुर चेकपोष्ट, बर्कौला चेकपोष्ट, पिपरिया चेकपोष्ट
  - नेपाल-भारत २८ नं. सिमाना पिल्लर र २४ नं सिमाना पिल्लर क्षेत्र
- कल्भर्ट/कजवे निर्माण:
  - पुर्व पश्चिम राजमार्ग (अर्जुनी)
  - बड्निखेडा चेकपोष्ट
  - शुक्लाफाँटा घाँसेमैदान क्षेत्रमा रहेका वनपथ, पर्यटक पथहरूमा
  - चौधर नदीमा कजवे निर्माण
- राफ्ट र डुंगा खरिद:
- वन र वन्यजन्तुको अपराध हुने संवेदनशिल क्षेत्रको पहिचान तथा नक्सांकन
- वन र वन्यजन्तु अपराधको डिजिटल डेटाबेस तयारी
- थुनुवा घर निर्माण
- थुनुवा घर मर्मत
- JOC संचालन सहयोग
- सुराकी परिचालन
- CBAPU परिचालन: ९ वटा
- Spy Camera, Drone र CCTV को प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि तालिम
- दरबन्दी बमोजिम हात्तीको पद पूर्ति:
- चेकपोष्टहरुमा Real-Time/Video Tape Recorder system (RT/VTR) system जडान
  - बड्निखेडा चेकपोष्ट, बेलडाँडी चेकपोष्ट, ढक्का चेकपोष्ट, सिंहपुर चेकपोष्ट, बर्कौला चेकपोष्ट, पिपरिया चेकपोष्ट (६ वटा)
- स्पिड गन (Speed Gun) खरिद: ५ वटा
- सवारी साधन खरिद:
  - ३ वटा 4WD जीप/ वन्यजन्तु एम्बुलेन्स
  - २० वटा अफरोड मोटरसाइकल
  - साइकल खरिद (४० वटा)
- उपकरण खरिद:
  - १ वटा थर्मल ड्रोन, ३ वटा ड्रोन,
  - २० वटा गस्ती दुरबिन,
  - २० वटा नाइट भिजन दुरबिन,
  - ४ वटा थर्मल क्यामेरा
- जिल्ला-स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई (WCCB) बैठक
- स्थानीय सिमापार समन्वय बैठक संचालन
- वन्यजन्तु मैत्री पूर्वाधार निर्माण (सडक विभाग तथा सडक आयोजनाले गर्ने गरी):
  - पुर्व पश्चिम राजमार्ग (अर्जुनी)
  - हुलाकी राजमार्ग
  - कलागौडी पुल देखि ढक्का रेन्जपोष्ट सम्मको कलुवापुर-बेलौरी सडक
- हात्तीसार सम्बन्धि:
  - हात्तीको दरबन्दी अनुसार पदपुर्ति
  - बार्षिक रुपमा हौदा खरिद
  - हात्तीको रासनको व्यवस्था
  - हात्तीसारको पोष्ट निर्माण (बेलडाँडी, हिरापुर)

- हात्तीसारको पोष्ट मर्मत (शुक्लाफाँटा पोष्ट, मालुमेला पोष्ट)
- वन्यजन्तु स्वाथ्य परीक्षण केन्द्र स्थापना
- बुढा तथा अशक्त हात्तीहरूको स्याहार सुसारको व्यवस्था

- टेलिकमको टावर निर्माण:
  - लालपानी क्षेत्र, चुरे क्षेत्र, ढकनाघाट क्षेत्र, बाबा ताल क्षेत्र (नेटवर्कको क्षेत्र बढाउने)

५.३.२ वासस्थान व्यवस्थापन

५.३.२.१ घाँसेमैदान व्यवस्थापन

विद्यमान अवस्था

निकुञ्ज भित्र १०२ वटा प्लटमा छरिएर रहेका घाँसेमैदानहरुले ७४६७.८१ हेक्टर निकुञ्जको (करिब १९%) क्षेत्र ओगटेको छ। यस निकुञ्जका मुख्य घाँसेमैदानहरु शुक्लाफाँटा, करैयाफाँटा, सुन्दरीफाँटा, बर्कौला फाँटा, ढकानाघाट फाँटा, सिंहपुर फाँटा, राधापुर फाँटा, हरैया फाँटा, अन्डैया फाँटा, पटैया फाँटा, अर्जुनी फाँटा, भतपुरी फाँटा, पराउ फाँटा, तारापुर फाँटा, हिरापुर फाँटा आदी रहेका छन्।

शुक्लाफाँटा घाँसेमैदान नेपालको तराईका संरक्षित क्षेत्रहरुमा पाईने सबैभन्दा ठूलो घाँसेमैदान हो। यस घाँसेमैदानमा संसारकै ठूलो झुण्डमा बाह्रसिङ्गा पाईनुको साथै यो घाँसेमैदान अन्य दुर्लभ वन्यजन्तु जस्तै खर मजुर, लघु कर्ण खरायो, पाटेबाघ, गैँडा, हात्ती, सुनौलो तोपचरा, सानो खरमजुरको पनि महत्वपुर्ण वासस्थानको रुपमा रहेको छ।

त्यसै गरी निकुञ्जको पूर्वी सेक्टर अर्जुनी अन्तर्गत रहेको हिरापुर फाँटामा नेपालको सबै भन्दा बढी संख्यामा कृष्णसार पाईन्छ। मिति २०७९/१२/०३ मा गरिएको गणना अनुसार ८९ भाले, ११० पोथी, ५२ बच्चा गरी जम्मा २५१ वटा कृष्णसार रहेका छन्।हाल सम्म घाँसेमैदान व्यवस्थापनका क्रियाकलापहरू शुक्लाफाँटामा बढी केन्द्रित भएको देखिन्छ। वर्षेनी १०० हेक्टर शुक्लाफाँटा घाँसेमैदानको क्षेत्रमा घाँस काट्ने र घाँस काटेपछि पश्च्यात आगो लगाई व्यवस्थापन गर्ने कार्य गरीन्छ। यसका साथै शुक्लाफाँटा घाँसेमैदानको केहि क्षेत्रमा नियन्त्रित आगो लगाई समेत घाँसेमैदान व्यवस्थापनको कार्य गरीन्छ। हालसालै शुक्लाफाँटा घाँसेमैदानमा ४० मि. * ४५ मि. को क्षेत्र छुट्याई विभिन्न घाँसेमैदान व्यवस्थापन विधिहरुको परीक्षण गर्ने कार्य समेत शुरु गरिएको छ।

सवाल

- गैँडे काँडा *(Argimone maxicana)*, गन्धे झार *(Ageratum conyzoides)*, *Solanum viarum*, चकमके *(Cassia tora)*, चरी अमिलो *(Oxalis latifolia)*, भेडे कुरो *(Xanthium strumarium)*, काडे साग *(Amaranthus spinous)*, बनमारा *(Lantana camara)*, तुलसी झार *(Hyptis sauveolens)*, कनिके घाँस *(Parthenium hysterophorus)* मिचाहा प्रजातिको फैलावट हुनु

©मनोज ऐर/शु.रा.नि.

- *Bombax ceiba, Butea monsoperma, Sterculia villosa, Acacia catechu,* र *Dalbergia sissoo* रुखहरू र *Ficus palmata, Zizyphus mauritiania, Grewia sapida* झाडीहरूले क्षेत्र ओगट्नु
- वर्षौ देखिको चरिचरन रोक्का र खर घाँस संकलनमा कमीले गर्दा साना घाँस प्रजाति भएका घाँसेमैदान अग्लो घाँस प्रजातिले ढाकेर परिणत हुनु
- महाकाली नदीद्वारा बर्कौला फाँटा र ढकनाघाट फाँटा, चौधर नदीद्वारा पटैया फाँटा र अन्डैया फाँटा, र स्याली नदीद्वारा तारापुर फाँटा, खजुवा फाँटा घाँसेमैदानहरूको वर्षेनि कटान भई क्षेत्र घट्नु
- घाँसेमैदान व्यवस्थापनको लागि श्रोत, साधन, तथा छुट्टै व्यवस्थापन कार्ययोजनाको अभाव
- वर्षेनि लाग्ने वन डढेलो
- घाँसेमैदान मेसिनले काटेर वर्षेनि व्यवस्थापन गर्ने कार्य खर्चिलो हुनु
- हालको खरिद ऐन बमोजिम घाँसेमैदान व्यवस्थापनको कार्य ठेक्का प्रक्रियाबाट गर्दा व्यवहारिक नभएको
- पूर्वी सेक्टर अन्तर्गतका घाँसेमैदानहरुमा अत्याधिक अनियन्त्रित चरिचरन
- छिपिएका घाँसहरू वन्यजन्तुको आहाराको लागि उपयुक्त नहुनु

रणनीति

- रुख तथा झाडी प्रजाति हटाउने वा जरा उखाड गर्ने
- घाँसेमैदानहरूको खण्ड विभाजन सहितको कार्ययोजना तयार गरी व्यवस्थापन गर्ने
- घाँसेमैदान व्यवस्थापनको लागि थप श्रोत साधनको व्यवस्था गर्ने
- घाँसेमैदानहरूको दीर्घकालीन अध्ययन अनुसन्धान गर्ने
- घाँसेमैदान व्यवस्थापनमा आगोको भूमिका र हाल सम्मको प्रयोगको बारेमा अध्ययन अनुसन्धान गर्ने
- मिचाहा प्रजातिको फैलावट रोक्ने र प्रभावित घाँसेमैदानहरुको पुनर्स्थापना गर्ने
- घाँसेमैदानमा आश्रित सबै किसिमका वन्यजन्तुलाई मध्यनजर गरी व्यवस्थापन गर्ने

कार्यक्रम

- प्रत्येक घाँसेमैदानहरूको अजैविक, जैविक, तथा पारिस्थितिक प्रोफाइल तयार गर्ने
- प्रत्येक घाँसेमैदानहरूमा हाल सम्म भएको आगलागिको spatio-temporal नक्सांकन गर्ने
- घाँसेमैदानमा आश्रित सबै किसिमका वन्यजन्तुहरूको लागि उचित हुने गरी घाँसेमैदान व्यवस्थापनको कार्यतालिका सहितको कार्ययोजना तयार गर्ने
- घाँसेमैदानहरूको व्यवस्थापनका लागि २ वटा ट्रेक्टर खरिद गर्ने
- घाँसेमैदानहरूमा परीक्षण प्लट स्थापना गरी विभिन्न घाँसेमैदान व्यवस्थापनका विधिहरू (treatments) को परिक्षण गरी तिनको वन्यजन्तुको घाँसेमैदान उपयोगमा असर बारेमा दीर्घकालीन अध्ययन अनुसन्धान गर्ने
- सिंहपुरमा घाँसेमैदान अनुसन्धान केन्द्र स्थापना गर्ने
- चर्ने र घाँस खाने वन्यजन्तुलाई पोषिलो र कलिलो घाँसको वर्षभरी नै उपलब्ध गराउनको लागि वर्षमा कम्तिमा २ पटक र बढिमा ४ पटक सम्म एउटै प्लटमा व्यवस्थापनको कार्य गर्ने
- मिचाहा प्रजातिको फैलावटको नक्सांकन तथा नियन्त्रणका उपाय सम्बन्धि अध्ययन रिपोर्ट तयार गर्ने
- प्रत्येक घाँसेमैदानहरूको चरिचरन चाप (Grazing Pressure) प्रोफाइल तयार गर्ने
- मिचाहा प्रजाति अनुसारको नियन्त्रणका क्रियाकलाप संचालन गर्ने
    - o शुक्लाफाँटा, करैया फाँटा, सुन्दरीफाँटा, राधापुरफाँटा, हरैयाफाँटा, भतपुरीफाँटा, सिमलफाँटा, बर्कौलाफाँटा र सिंहपुरफाँटामा *Bombax ceiba, Butea monsoperma, Sterculia villosa, Acacia catechu, and Dalbergia sissoo* प्रजातिको रुखहरू काट्ने र जरा हटाउने (Uprooting)
    - o शुक्लाफाँटा, करैया फाँटा, सुन्दरीफाँटा, राधापुरफाँटा, हरैयाफाँटा, भतपुरीफाँटा, सिमलफाँटा, बर्कौलाफाँटा र सिंहपुरफाँटामा *Ficus palmata, Zizyphus mauritiania, Grewia sapida* प्रजातिका झाडीहरु हटाउने
    - o बनमारा तथा अन्य मिचाहा प्रजाति गैडे काँडा *(Argimone maxicana)*, गन्धे झार *(Ageratum conyzoides), Solanum viarum,* चकमके *(Cassia tora)*, चरी अमिलो (Oxalis latifolia), भेडे कुरो *(Xanthium strumarium)*, काडे साग *(Amaranthus spinous)*, तुलसी झार *(Hyptis sauveolens)*,

कनिके घाँस *(Parthenium hysterophorus)* को फुल फुल्नु अगावै नियन्त्रणका कार्य गर्ने

- नदी कटान नियन्त्रणका लागि (अन्य सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा गर्ने):
  - o महाकाली नदीद्वारा बर्कौला फाँटा र ढकनाघाट फाँटाको कटान भएको क्षेत्रमा checkdam, gabion wall, spurs, embankment,
  - o चौधर नदीद्वारा पटैया फाँटा र अन्डैया फाँटाको कटान भएको क्षेत्रमा checkdam gabion wall, spurs, embankment,
  - o स्याली नदीद्वारा तारापुर फाँटा, खाजुवा फाँटा, राधापुर क्षेत्रको जामुन वनमा कटान भएको क्षेत्रमा checkdam, gabion wall spurs, embankment जस्ता संरचनाहरू निर्माण गर्ने
- महाकाली नदीको Flood Plain Dynamics र भविष्यमा जलवायु परिवर्तन (Climate Change) तथा विश्वव्यापी परिवर्तन (Global Change) को असर बारे अध्ययन गर्ने
- हालको खरिद ऐन बमोजिम घाँसेमैदान व्यवस्थापनको कार्य ठेक्का प्रक्रियाबाट गर्दा व्यवहारिक नभएको हुँदा सो परिमार्जन गर्न विभागमा पहल गर्ने

५.३.२.२ सिमसार क्षेत्र व्यवस्थापन

विद्यमान अवस्था

निकुञ्जभित्र प्राकृतिक ताल २८ वटा र मानव निर्मित ९६ वटा पोखरीहरू गरी जम्मा १२४ वटा सिमसारहरू रहेका छन् भने मध्यवर्ती क्षेत्रमा ३ वटा प्राकृतिक तालहरू रहेका छन्। त्यसै गरी महाकाली, चौधर, स्याली नदी तथा बडेपानी खोला, खरी गाड, बौनी खोला, गन्धा खोला, बांगे खोला, लालपानी खोला, अम्खैया नाला र गोंद्री नालाहरू पनि वन्यजन्तुको लागि पानीको मुख्य श्रोतको रूपमा रहेका छन्। रानी ताल, शिकारी ताल, कालिकिच ताल, तारापुर ताल, करैया ताल, लामिताल, घुमताल आदी मुख्य तालका रुपमा रहेका छन्। यि मध्ये १०६ वटा सिमसारहरूको पानीको मुख्य श्रोत बर्षायामको पानी रहेको छ भने १४ वटामा सोलार पम्प वा आर्टीजन बोरिंग र ७ वटामा सिँचाई नहरबाट पानी आउने व्यवस्था मिलाइएको छ।

सवाल

- सुख्खा (Dry season) सिजनमा प्राय प्राकृतिक तालहरुको पानीको सतह धेरै कम हुने र पोखरीहरु पनि सुक्ने

- प्राकृतिक ताल तथा सिमसारहरू पुरिने (Sedimentation)
- सिमसारहरूमा घाँस तथा झाडी प्रजातिको फैलावट (Eutrophication)
- अवैध माछा मार्ने कार्य
- मिचाहा प्रजातिको फैलावट (Jal kumbhi (Eichhornia crassipes), Ipomoea fistulata, Leersia hexandra)
- भविष्यमा जलवायु परिवर्तन (Climate Change) तथा विश्वव्यापी परिवर्तन (Global Change) को नदी तथा सिमसारमा हुन सक्ने असर
- नदीहरूबाट अवैध ढुंगा, गिट्टी, र बालुवा संकलन

रणनीति

- स्वस्थ सिमसार पारिस्थितिकिय प्रणाली कायम राख्ने
- हैसियत बिग्रिएका सिमसारहरूको पुनर्स्थापना गर्ने
- सिमसार क्षेत्रहरू बारे अध्ययन अनुसन्धान गर्ने
- मिचाहा प्रजातिको फैलावट नियन्त्रण गर्ने
- जलवायु परिवर्तन (Climate change) तथा विश्वव्यापी परिवर्तन (Global change) अनुकूल सिमसार व्यवस्थापन गर्ने
- समुदायलाई सिमसार संरक्षण सम्बन्धि सचेतना गराई सिमसार व्यवस्थापनमा सक्रिय सहभागी गराउने
- नदीहरूबाट अवैध ढुंगा, गिट्टी, र बालुवा संकलनको नियमन गर्ने

कार्यक्रम

- प्राकृतिक ताल तलैया र नालाहरूमा रहेको झाडी तथा मिचाहा प्रजातिका वनस्पतिहरू हटाई पुनर्स्थापना गर्ने
  - रानीताल, कालिकिच ताल, तारा ताल, बाहुनी नाला, राधापुर नाला, सलगौडी ताल
- गेग्रान थुप्रिएर पुरिन थालेका ताल, तलैया, पोखरीहरूको गेग्रान हटाएर सफाई गर्ने
  - रानीताल, कालिकिच ताल, तारा ताल, सलगौडी ताल, वन्यजन्तुको लागि निर्मित पोखरीहरू
- नियमित सिमसार तथा नदी नालाहरूको पानीको गुणस्तर मापन गर्ने
  - रानीताल, कालिकिच ताल, तारा ताल, सलगौडी ताल, शिकारी ताल, लामी ताल, बाबा ताल,
  - महाकाली नदी, चौधर नदी, स्याली नदी, बाहुनी नाला, गोबरिया नाला
- पोखरी निर्माण गर्ने
  - साईलेंट सफारी फायरलाईन क्षेत्र
  - शुक्लाफाँटा घाँसेमैदान क्षेत्र
  - मंगलसेरा क्षेत्र
  - बठनिया ताल भन्दा तलको क्षेत्र
- पोखरी मर्मत गर्ने
- पोखरीहरूमा सोलार पम्प जडान
- पोखरीहरूमा सोलार पम्प मर्मत
- सिँचाई आयोजनाहरूसँग समन्वय र सहकार्य गरी सुख्खा सिजनमा निकुञ्जभित्रको नाला तथा पोखरीमा पानी उपलब्ध गराउने
- सिमसार संरक्षण सम्बन्धि उपभोक्ता स्तर तालिम
- निकुञ्ज क्षेत्रमा रहेका पानीको स्रोतमा भएको परिवर्तन सम्बन्धि अध्ययन अनुसन्धान गर्ने

५.३.३ अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

विद्यमान अवस्था

निकुञ्जको कुल जम्मा ५१४.३१ हेक्टर क्षेत्रफल अतिक्रमणको चपेटामा रहेको छ जसमध्ये निकुञ्जको ढक्का, तारापुर, र लल्लरे डाँडा क्षेत्र ओगटेर करिब ३७४.४२ हेक्टर क्षेत्रमा ढक्कामा ६०४, तारापुरमा १५५ र लल्लेरीमा १३ घरधुरी गरी जम्मा ७७२ घरधुरी अतिक्रमण गरी बसिरहेको अवस्था छ (चित्र नं. २५)। बाँकी अतिक्रमित नेपाल-भारत सिमाना पिल्लर नं. २८ क्षेत्रमा भारतीय नागरिकहरुले करिब १३९.८९ हेक्टर निकुञ्ज क्षेत्र अतिक्रमण गरी खेती गरिरहेका छन् (चित्र नं. २५)।

सर्वप्रथम वि.सं. २०३३ सालमा शुक्लाफाँटा वन्यजन्तु आरक्षको घोषणा हुँदा आरक्षको जम्मा क्षेत्रफल १५५ वर्ग किलोमिटर थियो भने वि.सं. २०५१ सालमा पूर्वतर्फको १५० वर्ग किलोमिटर क्षेत्रलाई विस्तार गरी आरक्षको जम्मा क्षेत्रफल ३०५ वर्ग किलोमिटर बनाइएको थियो।

सर्वप्रथम आरक्ष घोषणा हुँदा आरक्षको सिमाना भित्र पर्ने रौतेली विचुवाको हरैयाफाँटा र सिंहपुर वस्तीको परिवारहरूलाई आरक्ष बाहिर स्थानान्तरण गर्दा हरैयाफाँटाका परिवारलाई तत्कालिन सुडा गा.वि.स.को



चित्र नं. २५: निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र रहेका अतिक्रमित क्षेत्रहरु देखाउने नक्सा

बन्दरपुर र सिंहपुरका परिवारलाई श्रीपुर गा.वि.स.मा बसोबास गराइएको देखिन्छ। त्यसै गरी आरक्षको पूर्वी क्षेत्र विस्तार हुँदा रौतेली विचवा गा.वि.स.को १ देखि ६ सम्म र ८ नं वडा, झलारी गा.वि.स. वडा नं. १ र ८, पिपलाडी गा.वि.स. वडा नं. १ र ९, दैजी गा.वि.स. ९, देखतभूली गा.वि.स. १, ढक्का समेतका नम्बरी जग्गाधनि परिवारहरूलाई भि.न.पा. १९ वागफाँटा, भि.न.पा. १४ पलिया कटान, हालको बेलडाँडी गा.पा. वडा नं. ८ कालिका मन्दिर, बेलौरी गा.वि.स. रामपुर, विलासीपुर, लक्ष्मीपुर; सुडा गा.वि.स. सुन्दरपुरमा सट्टाभर्ना दिई बसाइएको देखिन्छ। तर सट्टा भर्ना जग्गा नपाएको र आफूलाई आरक्ष पीडित भनि पुनः निकुञ्जको क्षेत्र अतिक्रमण गरी बसोबास शुरु गरेको देखिन्छ। आरक्षको विस्तारसँगै यस सम्बन्धी जग्गाको समस्या शुरु भएपछि त्यसको निवारणको लागि २०३७ सालदेखि आयोग र समिति/कार्यदल गठन गर्ने प्रकृया शुरु भएको देखिन्छ। उक्त अतिक्रमित क्षेत्र खाली गर्न र शुक्लाफाँटा वन्यजन्तु आरक्षको जग्गा अधिग्रहण र मुआव्जा सम्बन्धी विगत लामो समयदेखि बल्झँदै आएको समस्या समाधान गर्न नेपाल सरकारले हाल सम्म विभिन्न मितिमा ३१ वटा आरक्ष पीडितलाई मुआव्जा दिन सिफारिस गर्ने आयोग/समिति/कार्यदल गठन गरेको भएतापनि अतिक्रमित क्षेत्र खाली हुन सकेको छैन। वि.सं. २०३७ सालदेखि हालसम्म गठित आयोग र समितिहरूको विवरण अनुसूची १४ मा समावेश गरिएको छ।

सवाल

- हात्तीको जैविक मार्गमा अतिक्रमित बस्तीहरू रहेको
- अतिक्रमित क्षेत्र वरिपरी वन पैदावार ओसारपसार तथा वन्यजन्तु चोरी शिकारी हुनु
- समयमा समस्या समाधान नहुँदा थप क्षेत्र अतिक्रमणको खतरा
- लामो समय सम्म पनि समस्या समाधान हुन नसकेको

रणनीति

- अतिक्रमित क्षेत्र खाली गर्ने
- अतिक्रमित क्षेत्रमा वसोवास गरीरहेका व्यक्तिहरूको निकुञ्ज बाहिर क्षेत्रमा न्यायोचित व्यवस्थापन गर्ने
- थप क्षेत्र अतिक्रमण हुन नदिने
- प्रचलित कानुनमा व्यवस्था भए बमोजिम नियन्त्रण गर्ने

कार्यक्रम

- अतिक्रमित क्षेत्र खाली गर्ने
- अतिक्रमित क्षेत्रहरुको डिजिटल नक्सांकन तथा तथ्यांक अद्यावधिक गर्ने
- सरोकारवाला निकायहरूसँग समस्या समाधान गर्न निरन्तर समन्वय गर्ने
- नयाँ क्षेत्रमा अतिक्रमण हुन नदिने

५.३.४ मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन

विद्यमान अवस्था

यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा मुख्यतया हात्ती र बँदेलका कारण अन्नबाली क्षति र चितुवाका कारण पशुधन क्षतिका घटनाहरू हुने गर्दछ। मानवीय क्षतिका घटनाहरू प्राय हात्तीको कारण भएको कार्यालयको रेकर्डबाट पनि देखिन्छ। मानव-वन्यजन्तु द्वन्दको हिसाबमा मानव-हात्ती द्वन्द यस निकुञ्जको मुख्य चुनौती रहेको छ।

सवाल

- हात्तीको जैविक मार्गमा अतिक्रमित बस्तीहरू रहेको
- मानव-वन्यजन्तुको घटनाहरू बढ्दो अवस्थामा रहेको
- पर्याप्त श्रोत साधनको अभावले गर्दा समयमै बस्ति क्षेत्रमा हात्ती पस्दा कर्मचारी/प्राविधिक पुग्न नसकेको
- मध्यवर्ती क्षेत्रमा घरपालुवा चौपाया राख्ने गोठ सुरक्षित र मजबुत सामग्रीले नबनाइएको
- निकुञ्ज-मध्यवर्ती क्षेत्रको सिमानामा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण गर्न निर्माण गरिएका आर.सि.सि. पर्खाल, मेषजाली एवंम् तरबार निकुञ्ज क्षेत्रमा अवैध वन पैदावार संकलन गर्न पस्न र घरपालुवा चौपाया चराउन लान काट्ने, प्वाल बनाउने, र क्षति गर्ने गरिएको
- सडक, राजमार्ग, सिँचाई नहर जस्ता भौतिक पूर्वाधारहरूले गर्दा वासस्थान खण्डिकरण भैरहेको

रणनीति

- मानव-हात्ती द्वन्दका कारण मानवीय क्षति हुन नदिने
- अतिक्रमित क्षेत्रमा बसोवास गरीरहेका व्यक्तिहरूको निकुञ्ज बाहिर क्षेत्रमा न्यायोचित व्यवस्थापन गर्ने
- वन्यजन्तु गाउँ बस्ति क्षेत्रमा प्रवेश गर्दा तत्कालै प्रतिक्रिया जनाउन सक्ने गरी निकुञ्ज कार्यालय र मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरूको श्रोत, साधन र क्षमता अभिवृद्धी गर्ने
- तत्कालै औषधी उपचारको लागि खर्च उपलब्ध गराउने
- निकुञ्ज कार्यालयबाट छिटो छरितो ढंगबाट राहत वितरण हुने व्यवस्था मिलाउने
- मानव-वन्यजन्तु द्वन्द पिडित परिवारहरूलाई आर्थिक एवम् सामाजिक सहयोग गर्ने
- कर्मचारी एवम् उपभोक्तास्तरमा वन्यजन्तुको आनी बानी र वन्यजन्तुको आक्रमणबाट बच्ने उपायहरू सम्बन्धि जनचेतना जगाउने

©मनोज ऐर/शु.रा.नि.

- वन्यजन्तुलाई वस्तिमा प्रवेश गर्न रोक्ने
- वन्यजन्तु कृषि वाली/खेतिमा वा वस्ति पसेको जानकारी दिन पूर्वसुचना प्रणालीको व्यवस्था गर्ने
- निकुञ्ज क्षेत्र भित्र रहेको खण्डिकृत वासस्थानहरू बिचमा वन्यजन्तुको विचरण सहज बनाउने
- कृषि बाली, घर सम्पत्ति तथा पशु बिमा गर्ने व्यवस्था मिलाउने
- द्वन्द सृजना गर्ने वन्यजन्तुको पहिचान एवम् त्यसको आनी बानी र विचरण सम्बन्धि अध्ययन अनुसन्धान गर्ने
- द्वन्द सृजना गर्ने वन्यजन्तुलाई नियन्त्रण तथा व्यवस्थापन गर्ने

कार्यक्रम

- अतिक्रमित क्षेत्र खाली गर्ने
- मानव-हात्ती द्वन्द बढि हुने सिजनमा Elephant Response Team (ERT) परिचालन
- मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि Behaviour Change Campaign, आर.सि.सि. पर्खाल, विद्युतिय तरबार, आर.सि.सि. मेषजाली निर्माण तथा मर्मत
- निकुञ्ज-मध्यवर्ती सिमाना क्षेत्रमा वैकल्पिक कृषिबाली प्रवर्धन
- मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि संवेदनशिल क्षेत्रमा वन्यजन्तु वस्ति पसेको जानकारी दिन पूर्वसुचना प्रणालीको रुपमा मचान निर्माण, साइरन जडान, सोलार बत्ति जडान, CCTV जडान, क्यामेरा ट्याप जडान तथा मर्मत
- वन्यजन्तुको विचरण सहज बनाउन वन्यजन्तु मैत्री पूर्वाधार निर्माण तथा मर्मत
- द्वन्द सृजना गर्ने वन्यजन्तुमा GPS/Satellite Collar जडान
- वन्यजन्तुको उद्धार, नियन्त्रण तथा पालन पोषण गर्ने क्षमता विकास
- वन्यजन्तु नियन्त्रण तथा उद्धार गर्ने उपकरण तथा साधन खरिद
- उद्धार गरिएका वन्यजन्तुलाई राख्न इनक्लोजर निर्माण तथा मर्मत
- कृषि बाली, घर सम्पत्ति तथा पशु बिमा गर्न सहयोग
- कर्मचारी एवम् उपभोक्तास्तरमा वन्यजन्तुको आनी बानी र वन्यजन्तुको आक्रमणबाट बच्ने उपायहरू सम्बन्धि सचेतना तालिम, गोष्ठी र अन्तर्क्रिया संचालन
- सरोकारवाला निकायहरूसँग समस्या समाधान गर्न निरन्तर समन्वय गर्ने
- द्वन्दको दृष्टिकोणबाट संवेदनशिल स्थान पहिचान एवम् नक्सांकन

५.३.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

विद्यमान अवस्था

सन् २००१ देखि २०२० सम्म यस निकुञ्जमा वन डढेलोको १७२८ घटनाहरू घटेको Moderate resolution imaging spectroradiometer (MODIS) satellite सेन्सरको डाटाले देखाउँछ (चित्र नं. २६)। सो अवधिमा वन डढेलोले निकुञ्जको करिब १०५१ वर्ग कि.मि. क्षेत्र जलेको देखिन्छ। लगभग सबै वन डढेलोका घटनाहरु दिनको समयमा घटेको तथ्यांकले देखाउँछ। फाल्गुण-चैत्र (March) महिनामा सबैभन्दा बढी वन डढेलोका घटनाहरू घट्ने र निकुञ्ज क्षेत्र जल्ने गरेको छ (चित्र नं. २७)। बैशाख-जेष्ठ (May) को महिनामा ठूलो साईजको वन डढेलोहरु लाग्ने गरेको छ। यस निकुञ्जमा हरेक वर्ष गर्मीयामको सिजनमा surface fire का घटनाहरू हुने गर्छन्। निकुञ्ज क्षेत्रमा मुख्य गरी घाँसेमैदान व्यवस्थापन, वनपथ सरसफाइ गर्नका लागि निकुञ्ज कार्यालयले र अवैध घाँस दाउरा सँगकन गर्ने जाने व्यक्तिहरूले आगो लगाउने गरेका छन्। वन डढेलोमा जल्ने मुख्य इन्धन घाँस तथा गर्मीयाममा झरेको सालको पातहरू रहेका छन्। वन डढेलोले वन्यजन्तुको वासस्थानमा पारेको नकारात्मक र सकारात्मक असरहरू बारे अध्ययन र अनुसन्धानको कमीले निकुञ्जमा रहेका विभिन्न पारिस्थितिकीय प्रणालीहरूमा वन डढेलोले पारेको असर बारेमा थोरै जानकारी मात्रै उपलब्ध रहेको छ।

सवाल

- वस्ति क्षेत्रसँग निकुञ्ज क्षेत्र जोडिएको भएको हुँदा आगलागिको उच्च जोखिम रहेको
- ठूलो आकारका वन डढेलो लाग्ने गरेको
- वन डढेलोले वन्यजन्तुको वासस्थानमा पारेको नकारात्मक र सकारात्मक असरहरू बारे अध्ययन र अनुसन्धान नभएको



चित्र नं. २६: सन् २००१ देखि २०२० सम्मको निकुञ्ज क्षेत्रमा लागेका वन डढेलोको घटनाहरूको वार्षिक संख्या

- नियन्त्रित वन डढेलो लगाउने योजना नभएको
- वन डढेलो नियन्त्रण गर्ने सामग्री, दक्षता, प्रविधि सिमित रहेको
- वन डढेलो नियन्त्रण सम्बन्धि क्षमता अभिवृद्धि कार्यक्रमहरूको कमी
- वन डढेलो र मिचाहा प्रजातिको फैलावट सम्बन्धि कम जानकारी
- पर्याप्त अग्निरेखाहरू नभएको

रणनीति

- अनियन्त्रित ठूलो आकारको वन डढेलो लाग्न नदिने



चित्र नं. २७: : सन् २००१ देखि २०२० सम्मको निकुञ्ज क्षेत्रमा लागेका वन डढेलोको घटनाहरूको महिना अनुसारको संख्या

- नियन्त्रित वन डढेलो लगाउने व्यवस्था मिलाउने
- वन डढेलोको सिजनका लागि छुट्टै वन डढेलो नियन्त्रण दस्ता तयार गर्ने
- वन डढेलो नियन्त्रणका लागि कार्यालय र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने
- वन डढेलो नियन्त्रणको लागि स्थानीय सुरक्षाकर्मी, स्थानीय तह, अन्य सरोकारवाला निकायसँगको सहकार्य बढाउने र चेतना अभिवृद्धि गर्ने

कार्यक्रम

- वन डढेलो नियन्त्रण तथा सावधानी अपनाउने सम्बन्धि सामग्रीको उत्पादन तथा वितरण
- नियन्त्रित चक्रिय वन डढेलो (Patch Burning) लगाउने कार्ययोजना तयार गर्ने
- वन डढेलो संवेदनशिल क्षेत्रहरुको पहिचान गर्ने
- वन डढेलो लाग्ने सिजन.समयमा विभिन्न संचार माध्यमबाट प्रचार प्रसार गरी जनचेतना फैलाउने
- नयाँ अग्निरेखा निर्माण
- अग्निरेखा सरसफाई
- वन डढेलो नियन्त्रणको सामग्री खरिद
- कर्मचारी, सुरक्षाकर्मी, स्थानीय व्यक्तिहरूलाई वन डढेलो नियन्त्रण सम्बन्धि तालिम प्रशिक्षण दिने
- वन डढेलो नियन्त्रण दस्ता परिचालन
- पानी ट्यांकर खरिद तथा मर्मत र परिचालन
- संवेदनशिल स्थानहरूमा पानी पोखरी निर्माण तथा मर्मत सुधार
- संवेदनशिल तथा सुख्खा क्षेत्रहरूमा रहेका पानी पोखरीहरूमा सोलार जडान
- वन डढेलो सम्बन्धि स्थानीय समुदायमा रहेको परम्परागत ज्ञान तथा सिपको अभिलेखीकरण तथा सो मा आधारित वन डढेलो व्यवस्थापन योजना तयार गर्ने

५.३.६ वन्यजन्तु स्वास्थ्य व्यवस्थापन

विद्यमान अवस्था

यस निकुञ्जको हात्तीसारमा रहेका हात्तीहरूमा केही स्वास्थ्य सम्बन्धि समस्या वा चोटपटक लागेमा हात्तीसारमा कार्यरत पशु चिकित्सकद्वारा चेकजाँच गरी औषधि उपचार गरीन्छ। समय समयमा प्रयोगशालामा हात्तीको नमुना संकलन गरी स्वास्थ्य परीक्षण गरिएको छैन। त्यसै गरी विभिन्न समयमा उद्धार गरी ल्याएको तथा मृत्यु भएका संरक्षित वन्यजन्तुहरू पाटेबाघ, गैँडा, हात्ती, कृष्णसार, बाह्रसिङ्गाको हकमा तत्कालै र अन्य वन्यजन्तुहरूको हकमा शंका लागेमा मात्र शव परीक्षण गरिन्छ। वन्यजन्तुको स्वास्थ्य परीक्षण तथा निकुञ्ज र

मध्यवर्ती क्षेत्रमा पशुहरूमा लाग्ने रोग सम्बन्धी चेकजाँच गर्ने व्यवस्था मिलाउनु अत्यावश्यक रहेको छ।

त्यसै गरी यस निकुञ्ज कार्यालयले मध्यवर्ती क्षेत्र लगायत सुदूरपश्चिमका अन्य जिल्लाहरूमा समेत वन्यजन्तु उद्धारको कार्य गर्दै आइरहेको छ। यसरी उद्धार गरिएका वन्यजन्तुको पालनपोषण तथा प्राकृतिक वासस्थानमा पुनर्स्थापना गर्ने कार्य समेत गर्दै आइरहेको छ। आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म निकुञ्ज कार्यालयबाट जम्मा ६०३ वटा वन्यजन्तु उद्धारको कार्यहरू गरिएको देखिन्छ जसमा सबैभन्दा बढि अजिंगरको (३२५) उद्धार गरिएको देखिन्छ। यसै गरी निकुञ्ज कार्यालयबाट यस अवधिमा बढि संख्यामा उद्धार गरिएका वन्यजन्तुहरूमा चित्तल, मगर गोही, विभिन्न प्रजातिका सर्प, सुन गोहोरो, बँदेल, गिद्ध, कछुवा, गोहोरो, नीलगाई आदी रहेका छन्। त्यस्तै आ.व. २०७१/०७२ देखि २०७८/०७९ सम्म (आ.व. २०७५/०७६ बाहेक) उद्धार गर्ने क्रममा वा मरिसकेको अवस्थामा जम्मा ४१९ वटा वन्यजन्तुको मृत्यु भएको देखिन्छ जसमा सबैभन्दा बढि संख्यामा चित्तलको (२०४) मृत्यु भएको देखिन्छ।

सवाल

- निकुञ्ज-मध्यवर्ती क्षेत्र सिमानामा ठूलो संख्यामा घरपालुवा पशु चौपायाको अत्याधिक चरिचरन
- निकुञ्ज-मध्यवर्ती क्षेत्र सिमानामा भुसिया कुकुरहरुले वन्यजन्तुलाई आक्रमण गर्ने घटनाहरु बढ्दो रहेको
- निकुञ्ज क्षेत्रका पानीका श्रोत तथा सिधैँ चौपायाबाट वन्यजन्तुलाई विभिन्न किसिमका zoonotic diseases सर्न सक्ने
- निकुञ्जमा वन्यजन्तुको स्वास्थ्य चेकजाँच गर्ने प्रयोगशाला, शव परीक्षण गर्ने उपकरण लगायतका सामग्री नभएको
- वन्यजन्तु उद्धारका साधन, सामग्री, ज्ञान र सिपको अभाव

रणनीति

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पशु सम्बन्धी रोगहरूको निरन्तर निगरानी राख्ने

©मनोज ऐर/शु.रा.नि.

- वन्यजन्तुहरूमा घरपालुवा जनावर तथा चौपायाहरू बाट रोग सर्न नदिने
- निकुञ्ज क्षेत्रका पानीका श्रोतहरूको नियमित परीक्षण गर्ने
- निकुञ्जमा वन्यजन्तुको स्वास्थ्य परीक्षण तथा चेक जाँच गर्ने प्रयोगशाला स्थापना गरी आवधिक रूपमा वन्यजन्तुहरूको स्वास्थ्य परीक्षण गर्ने
- कर्मचारी र वन्यजन्तु दुबैको सुरक्षा हुने गरी वन्यजन्तु उद्धार गर्ने व्यवस्था मिलाउने
- घाइते वन्यजन्तुको औषधि उपचार तथा पालनपोषणको व्यवस्था गर्ने

कार्यक्रम

- निकुञ्जमा वन्यजन्तुको स्वास्थ्य परीक्षण तथा चेक जाँच गर्ने प्रयोगशाला स्थापना गर्ने
- आवधिक रूपमा निकुञ्जको स्वस्थ, वृद्ध र अशक्त घरपालुवा हात्ती तथा हिरापुरमा रहेका कृष्णसारहरूको स्वास्थ्य परीक्षण गर्ने
- स्वास्थ्य परीक्षण तथा शव परीक्षण उपकरण तथा सामग्री खरिद गर्ने
- वन्यजन्तुको शव परीक्षण सामग्री खरिद गर्ने
- वन्यजन्तुको औषधि उपचार गर्नको लागि औषधी तथा उपकरण खरिद गर्ने
- उद्धार गरिएका वन्यजन्तुलाई प्राथमिक उपचार गर्ने सामग्री खरिद गर्ने
- निकुञ्ज क्षेत्रका पानीका श्रोतहरूको नियमित परीक्षण गर्ने
- मध्यवर्ती क्षेत्रमा देखा परेका पशु सम्बन्धी रोगहरूको बारेमा अध्ययन गरी रेकर्ड राख्ने
- सुदूरपश्चिम प्रदेश भरीको वन्यजन्तु उद्धार गर्न पूर्वी सेक्टर अर्जुनिमा वन्यजन्तु होल्डिङ्ग सेन्टर बनाउने र उपचार पछि अन्यत्र पठाउने वा प्राकृतिक वासस्थानमा पुनः छोड्ने
- प्रजाति अनुसार उद्धार गरी ल्याइएका वन्यजन्तुहरूलाई राख्ने ईनक्लोजरहरु (Enclosure) निर्माण तथा मर्मत गर्ने
- प्रजाति अनुसार उपयुक्त उद्धार गर्ने उपकरण तथा सामग्री खरिद गर्ने (अजिंगर, विभिन्न प्रजातिको सर्प, गिद्ध, चित्तल इत्यादि)
- वन्यजन्तु एम्बुलेन्स तथा मरेको वन्यजन्तुको शव बोक्ने शव वाहन खरिद र संचालन गर्ने
- घाइते तथा टुहुरा वन्यजन्तुको औषधि उपचार तथा पालनपोषणको लागि आहारा खरिद गर्ने
- वन्यजन्तुको स्वास्थ्य व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्न विभागमा पहल गर्ने
- मध्यवर्ती क्षेत्रका घरपालुवा पशु चौपायाहरूलाई खोप लगाउन स्थानीय तह, प्रदेश सरकार, जिल्ला स्थित पशु सेवा केन्द्रसँग समन्वय र सहकार्य गर्ने
- निकुञ्जको वृद्ध र अशक्त घरपालुवा हात्तीहरूको स्याहारसुसार गर्ने व्यवस्था मिलाउने
- वन्यजन्तुहरूमा घरपालुवा पशु चौपायाहरूबाट रोग सर्न सक्ने संवेदनशील स्थानहरुको पहिचान र महामारी फैलिएमा सोको रोकथाम गर्ने योजना तयारी

५.३.७ हात्तीसार व्यवस्थापन

विद्यमान अवस्था

हाल निकुञ्जमा १० वटा हात्तीको दरबन्दी रहे तापनि जम्मा ८ वटा हात्ती रहेका छन्। वर्षायाम तथा वनपथ नभएका क्षेत्रहरूमा गस्ती गर्न हात्तीहरूको महत्वपूर्ण भूमिका रहेको छ। समय समयमा हुने बाघको आहारा प्रजातिको अनुगमन तथा गैंडाको अनुगमन गर्दा हात्तीको प्रयोग हुने गरेको छ। त्यसै गरी हात्ती सवारी गराउँदा पर्यटक भित्राउन र राजश्व संकलन बढाउन ठूलो सहयोग हुने देखिन्छ। निकुञ्जको ३ वटा पोष्टहरुमा हात्तीसार रहेका छन् (पिपरिया, मालुमेला, शुक्ला) भने हाल संचालनमा रहेका पूर्वी सेक्टर अर्जुनी, बेलडाँडी प्रवेशद्वारमा हात्ती राख्न सकिएको छैन।

सवाल

- हात्तीको दरबन्दी अनुसार संख्या पुरा नहुनु
- हात्तीको हौदा, गद्दाको कमी
- पूर्वी सेक्टरमा हात्तीसारको पोष्ट नहुनु

रणनीति

- दरबन्दी अनुसारको हात्तीको संख्या राखी संरक्षण र पर्यापर्यटनमा सहयोग गर्ने
- पर्यापर्यटनको लागि हात्ती सवारीलाई प्रवर्धन गर्ने
- हात्तीसार पोष्टहरुको विस्तार गर्ने
- हात्तीसारका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने
- हात्तीहरूको स्वास्थ्य राम्रो राख्न गुणस्तरीय रासन र स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने

©मनोज ऐर/शु.रा.नि.

- अशक्त तथा उमेर बढी भएका निकुञ्जको घरपालुवा हात्तीहरूको उचित व्यवस्थापन गर्ने

कार्यक्रम

- अन्य निकुञ्जबाट हात्ती ढुवानी गरी ल्याउने
- हात्तीसार पोष्ट निर्माण तथा मर्मत
- हात्तीको सेडघर निर्माण तथा मर्मत
- हात्तीको लम्पट, डोरी, पटार, गद्दा, हौदा, छुनुवा खरिद तथा मर्मत सुधार
- हात्ती चढ्ने मचान निर्माण तथा मर्मत सुधार
- हात्तीसारका कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम संचालन गर्ने
- बच्चा हात्तीको तालिमको लागि बजेट तथा सामग्रीको व्यवस्थापन
- बच्चा, युवा, अशक्त तथा उमेर बढी भएका हात्तीको आवश्यकता अनुसारको रासन उपलब्ध गराउन विभागमा पहल गर्ने
- निकुञ्जको घरपालुवा हात्तीहरूको आवधिक स्वास्थ्य परीक्षण गर्न उपकरण तथा सामग्री खरिद गर्ने
- अशक्त तथा उमेर बढी भएका हात्तीहरूको स्याहार सुसार तथा पौष्टिक आहारको व्यवस्था गर्ने

५.३.८ भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार

विद्यमान अवस्था

यस यस निकुञ्जको संरक्षण तथा व्यवस्थापनको लागि निकुञ्जको मुख्य कार्यालय सहित २ वटा सेक्टर, ५ वटा रेञ्जपोष्ट,र ८ वटा पोष्ट रहेका छन् भने नेपाली सेनाको मझगाउँ स्थित गण सहित ४ वटा आश्रित गुल्म र १४ सुरक्षा पोष्टहरु रहेका छन्। जम्मा ३५ वटा पोष्ट मध्ये केहि बाहेक अन्य पोष्टहरुको भौतिक पूर्वाधारको अवस्था निकै कमजोर रहेको छ। प्रभावकारी रूपमा कार्य संचालन गर्न तपसिल बमोजिमको पूर्वाधार आवश्यक भएतापनि निकुञ्जको मुख्य कार्यालयको वि.सं. २०३३ मा बनाइएको कार्यालय भवन तथा आवास भवन प्रयोग गरी हाल सम्म कार्य सम्पादन भैरहेको छ।

विगतका वर्षमा प्रमुख संरक्षण अधिकृत आवास, गेमस्काउट आवास, अर्जुनी सेक्टर कार्यालय भवन, सिंहपुर रेन्जपोष्ट भवन, हिरापुर रेन्जपोष्ट भवन, ढक्का रेन्जपोष्ट भवन, पिपरिया रेन्जपोष्ट र दोधारा पोष्ट भवन गरी ७ वटा भवन निर्माण कार्य भएतापनि आधारभूत आवश्यकता बमोजिम निकै कम पूर्वाधार रहेका छन्। मझगाउँ सेक्टरको आवास तथा कार्यालय भवन छुट्टै निर्माण हुन सकेको छैन। त्यसै गरी केहि पोष्टहरुमा बिजुली जडान नहुनु र शुद्ध खानेपानी उपलब्ध नहुनुले कार्यसम्पादनमा ठूलो चुनौती बढाएको छ। विगतमा विभिन्न समयमा बनाइएका काठे पुल र मचानहरूको मर्मत र हाल थप नयाँ स्थानमा निर्माण गर्नुपर्ने कार्य पनि निकुञ्ज संरक्षण र व्यवस्थापनका लागि महत्वपूर्ण रहेको छ। निकुञ्ज क्षेत्रभित्र हाल ३ वटा Reinforced Cement Concrete (RCC) र २३ वटा काठको गरी २६ वटा पुल र ९ वटा RCC र २१ वटा काठको गरी ३० वटा मचान रहेका छन् (चित्र नं.२८)।

सवाल

- आधारभूत पूर्वाधारको कमीले कार्य सम्पादनमा प्रभाव
- कर्मचारीहरूको मनोबल उच्च राख्न नसक्नु

रणनीति

- न्यूनतम आधारभूत पूर्वाधार निर्माण गर्ने
- कार्य सम्पादनलाई छिटो छरितो बनाउने

कार्यक्रम

- मुख्य कार्यालय तथा सेक्टर भवन निर्माण तथा मर्मत सुधार
- परिवारको लागि आवास भवन निर्माण तथा मर्मत सुधार
- अतिथि गृह निर्माण तथा मर्मत सुधार
- पोष्ट भवन निर्माण तथा मर्मत सुधार
- बिजुली जडान: ५ (सिंहपुर रेन्जपोष्ट, हिरापुर रेन्जपोष्ट, तारापुर पोष्ट, शुक्लाफाँटा पोष्ट, र बड्निखेडा पोष्ट)
- खानेपानी जडान:
  - सिंहपुर रेन्जपोष्ट, शुक्लाफाँटा पोष्ट, तारापुर पोष्ट (आर्टिजन बोरिङ)
  - पूर्वी सेक्टर अर्जुनी, ढक्का रेन्जपोष्ट, बेलडाँडी रेन्जपोष्ट, पिपरिया रेन्जपोष्ट, चम्पापुर पोष्ट, दोधरा पोष्ट (खानेपानी पाईप जडान)
  - मंगलशेरा पोष्ट, जोनापुर पोष्ट, राधापुर पोष्ट, बर्कौला पोष्ट, हात्तीथला पोष्ट, मालुमेला पोष्ट, पलिया पोष्ट, (ट्युबवेल जडान)



चित्र नं. २८: निकुञ्ज क्षेत्रभित्र वनपथमा रहेका पुल तथा मचानहरू देखाउने नक्सा

चोरी शिकारी नियन्त्रण तथा वन्यजन्तु अनुगमनका लागि प्रयोग गरिएको क्यामेरा ट्र्यापहरु

अध्याय ६: अध्ययन अनुसन्धान तथा क्षमता विकास

६.१ अध्ययन अनुसन्धानको अवस्था र प्राथमिकता

निकुञ्जमा रहेका वन्यजन्तु तथा तिनको वासस्थान सम्बन्धि निकुञ्ज कार्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC-SCP), विभिन्न स्वदेशी तथा विदेशी विश्वविद्यालयका विद्यार्थी, विभिन्न संघ संस्थाका अनुसन्धानकर्ताहरुद्वारा अध्ययन अनुसन्धान हुने गरेको छ। मुख्यतया विगतमा मानव-वन्यजन्तु द्वन्द, पाटेबाघ, बाह्रसिङ्गा, खर मजुर, लघुकर्ण खरायो सम्बन्धिका विषयमा बढी अध्ययन अनुसन्धान गरिएको पाइन्छ। हरेक वर्ष विभिन्न वन्यजन्तु र तिनको वासस्थान बारेमा हुने अध्ययन अनुसन्धानहरूले निकुञ्जको व्यवस्थापन तथा जैविक विविधता संरक्षणमा सहयोग पुगेको छ।

निकुञ्जमा घाँसेमैदान सम्बन्धि विभिन्न विषयमा केन्द्रित भएर दीर्घकालीन अध्ययन अनुसन्धान गर्न सक्ने प्रचुर अवसर भएतापनि त्यस प्रकृतिका अध्ययन अनुसन्धानको कार्यहरू हाल सम्म भएका छैनन्। अध्ययन अनुसन्धान गर्दा निकुञ्ज कार्यालयबाट संचालन हुने मुख्य व्यवस्थापन कार्यहरू वासस्थान व्यवस्थापन, वन डढेलो व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन, पर्यापर्यटन विकास, जलवायु परिवर्तन (Climate change) र विश्वव्यापी परिवर्तन (Global change) को असर, प्रजाति स्थानान्तरण, वन्यजन्तु र तिनको विचरण तथा वासस्थानको प्रयोग, भौतिक पूर्वाधारहरूले वन्यजन्तुको विचरणमा पारेको असर आदी क्षेत्रलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

अध्ययन अनुसन्धानको कार्यलाई थप व्यवस्थित र उपयोगी बनाउन निकुञ्ज कार्यालय अन्तर्गत सहायक संरक्षण अधिकृतको नेतृत्वमा छुट्टै अध्ययन अनुसन्धान शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ। उक्त शाखालाई निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा आवश्यक अध्ययन अनुसन्धानका विषयहरूको पहिचान गर्ने र उक्त विषयहरूमा स्वयम् र अन्य अध्ययन अनुसन्धान गर्ने निकायहरूसँगको समन्वय र सहकार्यमा निरन्तर अध्ययन अनुसन्धान गर्ने जिम्मेवारी दिनुपर्ने देखिन्छ। यसका साथै सो कार्यका लागि आवश्यक पर्ने उपकरण, प्रविधि, र श्रोत साधनको व्यवस्था पनि गर्नुपर्ने देखिन्छ।

सवाल

- अत्याधुनिक प्रविधि तथा सामग्री सहितको अनुसन्धान केन्द्र नहुनु
- अध्ययन अनुसन्धानका लागि उपकरण तथा श्रोत साधनको अभाव
- प्राय अध्ययन अनुसन्धान निकुञ्जको प्राथमिकता भन्दा सोधपत्र प्रकाशन गर्ने उद्देश्यले बढि गरिने
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन र संरक्षणको हिसाबले प्राथमिकता दिनुपर्ने क्षेत्रमा कमै अध्ययन अनुसन्धान हुनु

रणनीति

- अत्याधुनिक प्रविधि तथा सामग्री सहितको घाँसेमैदान अनुसन्धान केन्द्र स्थापना र संचालन गर्न विभागमा पहल गर्ने
- विश्वविद्यालय तथा संघ संस्थाहरूसँग समन्वय गरी अध्ययन अनुसन्धानको कार्य लाई बढावा दिने
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणबाट महत्वपूर्ण ठानिएका अनुसन्धानका विषयहरूको प्राथमिकीकरण गरी अनुसन्धानको क्षेत्र तय गर्ने
- हाल सम्म निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा गरिएका अध्ययन अनुसन्धान र तिनबाट प्राप्त जानकारी तथा सूचनाहरूको व्यवस्थित डाटाबेस तयार गर्ने

कार्यक्रम

शिर्षक अनुसार निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि सहयोगी हुने प्राथमिक अध्ययन अनुसन्धानका विषयहरू यस प्रकार रहेका छन्:

वासस्थान व्यवस्थापन

- विभिन्न दुर्लभ तथा संरक्षित वन्यजन्तुको वासस्थानको अवस्था र प्रयोग सम्बन्धि
- घाँसेमैदानहरुको बहुउद्देश्यीय व्यवस्थापनका लागि उपयुक्त व्यवस्थापन क्रियाकलापहरू सम्बन्धि

©मनोज ऐर/शु.रा.नि.

- वासस्थान विनाश, क्षयीकरण, खण्डिकरणको अवस्था, कारण, वन्यजन्तुमा यसको असर र पुनर्स्थापना सम्बन्धि
- निकुञ्ज क्षेत्रभित्र निर्माण भएका भौतिक पूर्वाधार निर्माणले वन्यजन्तुको विचरण तथा वासस्थानमा परेको असर र असर न्यूनीकरणका लागि उपयुक्त उपायहरू सम्बन्धि
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका वन वनस्पति सम्बन्धि
- वन डढेलो र यसले वन्यजन्तुको आनी बानी, वासस्थान तथा वनस्पतिको जिवनचक्रमा पारेको सकरात्मक र नकारात्मक प्रभाव सम्बन्धि
- वर्षेनि लाग्ने वन डढेलो र वर्षेनि आउने बाढीले मिचाहा प्रजातिको फैलावटमा परेको असर सम्बन्धि
- घाँसेमैदानहरुमा रहेको घाँसको प्रजाति समिश्रण, अवस्थिति र यसमा आश्रित जीवजन्तुहरूमा अनियन्त्रित चरिचरनको प्रभाव सम्बन्धि
- भू-उपयोगमा भएको परिवर्तन सम्बन्धि
- वन्यजन्तु संरक्षण तथा वासस्थान व्यवस्थापनमा प्रयोग गर्न सकिने नविनतम् प्रविधि तथा उपकरण सम्बन्धि
- वन्यजन्तुका लागि निर्माण गरिएका पानी पोखरीहरूको अवस्था र वन्यजन्तुद्वारा तिनको प्रयोग सम्बन्धि
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र रहेका प्राकृतिक ताल तलैयाहरू सुक्ने तथा पुरिने कारणहरू तथा तिनको पुनर्स्थापना सम्बन्धि
- वन क्षेत्र भित्र रहेका घाँसेमैदानहरु र सिमसारहरूको वन्यजन्तु द्वारा प्रयोग तथा तिनको उपयुक्त व्यवस्थापन सम्बन्धि
- शिकारी तालालाई रामसार सूचिमा समावेश गर्न सम्भाव्यता अध्ययन तथा प्रस्ताव तयारी सम्बन्धि

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रदान गरीरहेको पारिस्थितिकिय सेवा (Ecosystem Services) सम्बन्धि
- चोरी शिकार, वन डढेलो, मानव-वन्यजन्तु द्वन्द, र बाढी तथा नदी कटानको जोखिमका आधारमा संवेदनशिल क्षेत्र पहिचान तथा नक्सांकन,
- मिचाहा प्रजातिको फैलावटको अवस्था, यसले वासस्थानमा पार्ने असर र नियन्त्रणका उपायहरू सम्बन्धि
- वन्यजन्तु मैत्री पूर्वाधार निर्माणका लागि उपयुक्त स्थान प्रकारको पहिचान सम्बन्धि

वन्यजन्तु सम्बन्धि

- मुख्य वन्यजन्तुहरूको आनी बानी, निकुञ्ज र मध्यवर्ती क्षेत्रमा विचरण, र तिनले प्रयोग गर्ने मुख्य क्षेत्रहरू सम्बन्धि
- साना स्तनधारी वन्यजन्तुको अवस्था सम्बन्धि
- वन्यजन्तुको आनुवंशिक अध्ययन अनुसन्धान सम्बन्धि
- भविष्यमा निकुञ्जमा स्थानान्तरण गर्न सकिने विभिन्न प्रजातिको वन्यजन्तु सम्बन्धि
- ड्रोन प्रयोग गरी कृष्णसार र बाह्रसिङ्गा अनुगमन तथा गणना सम्बन्धि
- कृष्णसारलाई पूर्णरुपमा प्राकृतिक वासस्थानमा पुनर्स्थापना गराउने सम्बन्धि
- वन्यजन्तुमा लाग्न सक्ने विभिन्न रोग तथा वन्यजन्तुको स्वास्थ्य व्यवस्थापन सम्बन्धि
- घडियाल गोही स्थानान्तरण सम्भाव्यता अध्ययन

जलवायु परिवर्तन सम्बन्धि

- जलवायु परिवर्तन (Climate change) तथा विश्वव्यापि परिवर्तन (Global change) को कारणले निकुञ्जको पारिस्थितिकीय प्रणालि, जैविक विविधता, दुर्लभ वन्यजन्तुको आनीबानी तथा वासस्थान, मिचाहा प्रजातिको फैलावट र मुख्य नदी नालाहरू (महाकाली, चौधर, र स्याली नदी) मा परेको तथा पर्न सक्ने असर सम्बन्धि
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका वन, जंगल, घाँसेमैदान, सिमसार, र झाडी बुट्यान क्षेत्रले गरेको कार्बन संचिति सम्बन्धि
- वन डढेलो तथा अन्य कारणले निकुञ्ज तथा मध्यवर्ती क्षेत्रबाट हुने कार्बन उत्सर्जन सम्बन्धि

मध्यवर्ती क्षेत्र

- मध्यवर्ती क्षेत्रको आर्थिक-सामाजिक अवस्थाको पहिचान तथा प्रोफाइल तयारी
- मध्यवर्ती क्षेत्रमा हाल सम्म संचालन गरिएका तथा भएका संरक्षण, सामुदायिक विकास, आयआर्जन र जीविकोपार्जन सुधार कार्यक्रमहरूको प्रभावकारिता सम्बन्धि
- मानव-हात्ती द्वन्दको अवस्था, संवेदनशिल क्षेत्र पहिचान, द्वन्द न्यूनीकरणका उपायहरू सम्बन्धि
- दिगोरुपमा नदीजन्य पदार्थ संकलन गर्न उपयुक्त परिमाण तथा क्षेत्रहरूको पहिचान सम्बन्धि

पर्यापर्यटन

- पर्यापर्यटनको अवस्था, सकारात्मक तथा नकरात्मक असर र नकरात्मक असर न्यूनीकरणका उपायहरु सम्बन्धि
- दिगो प्रकृतिमा आधारित पर्यापर्यटनका दिगो क्रियाकलापहरु सम्बन्धि
- उपयुक्त पर्यटक सेवा सुविधा शुल्क निर्धारण सम्बन्धि

संस्थागत

- निकुञ्जको पोष्ट, रेन्जपोष्ट, सेक्टर, र मुख्य कार्यालयमा भूमिगत विद्युत तथा संचार विस्तार सम्बन्धि
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणबाट महत्वपूर्ण अध्ययन अनुसन्धानको क्षेत्र तथा विषयहरुको पहिचान सम्बन्धि
- हाल सम्म निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा गरिएका अध्ययन अनुसन्धान र तिनबाट प्राप्त जानकारी तथा सूचनाहरूको व्यवस्थित डाटाबेस तयार गर्ने

- व्यवस्थापन योजना कार्यान्वयनको मध्यावधि मुल्यांकन सम्बन्धि
- CA/TS को सूचीमा निकुञ्ज दर्ता तथा स्वीकृति सम्बन्धि
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन प्रभावकारिता सम्बन्धि
- अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई प्रकाशन गर्ने

६.२ अनुसन्धान आयोजना

निकुञ्ज कार्यालयले राष्ट्रिय प्रकृति संरक्षण कोष (National Trust For Nature Conservation-NTNC), त्रिभुवन विश्वविद्यालय (Tribhuvan University-TU), कृषि तथा वन विज्ञान विश्वविद्यालय (Agriculture and Forestry University -AFU), काठमाडौँ विश्वविद्यालय (Kathmandu University-KU), वन विज्ञान अध्ययन संस्थान (Institute of Forestry-IOF), काठमाडौँ फोरेस्टि कलेज (Kathmandu Forestry College-KAFCOL), कृषि तथा पशु विज्ञान अध्ययन संस्थान (Institute of Agriculture and Animal Science-IAAS), वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (Forest Research and Training Center-FRTC), वनस्पति विभाग (Department of Plant Resources), Nepal Academy of Science and Technology (NAST), प्राकृतिक विज्ञान संग्रहालय (Natural History Museum), र अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय वैज्ञानिक, शैक्षिक, र अनुसन्धान केन्द्र तथा संघ संस्था र निकायहरू सँग निकुञ्जको अध्ययन अनुसन्धानको आवश्यकता बमोजिम समन्वय र सहकार्य गरी काम गर्नेछ।

यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अध्ययन अनुसन्धान गर्न इच्छुक नेपाली नागरीक वा संस्थालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र निकुञ्ज कार्यालयले र विदेशी नागरिक वा संस्थाको हकमा वन तथा वातावरण मन्त्रालयले अनुमति प्रदान गर्दछ।

६.२.१ घाँसेमैदान अनुसन्धान केन्द्र

नेपालकै ठूलो नदी तटीय घाँसेमैदान भएको, विभिन्न प्रकारका घाँसेमैदानहरु जस्तै नदी तटीय घाँसेमैदान, वन क्षेत्रभित्र रहेका घाँसेमैदानहरुको तथा तराई क्षेत्रमा पाईने घाँसेमैदानहरुको विविधता पनि उच्च रहेकोले घाँसेमैदानहरुको उचित व्यवस्थापन सम्बन्धि सघन दीर्घकालीन अध्ययन अनुसन्धान गर्न घाँसेमैदान सम्बन्धि अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्ने र सो को लागि विभागमा पहल गर्ने कार्य पनि शुरु भइसकेको छ। अनुसन्धान केन्द्र स्थापना तथा संचालनको पूर्व तयारीका कार्यहरू निकुञ्ज कार्यालयले शुरु गरीसकेको छ।

६.३. अनुगमन

आवधिक रूपमा गरिने विभिन्न वन्यजन्तु तथा वासस्थानहरूको अनुगमनले निकुञ्जभित्र र मध्यवर्ती क्षेत्रमा वन्यजन्तुको अवस्था र अवस्थितिबारेमा महत्वपुर्ण सूचना प्रदान गर्ने गरेको छ। उक्त कार्यहरूले दुर्लभ तथा संरक्षित वन्यजन्तुको संख्याको बारेमा जानकारीका साथ साथै मानव-वन्यजन्तु द्वन्दको घटना रोक्न पूर्व सूचना पनि प्रदान गर्दछ।

६.३.१. वन्यजन्तुको संख्या अनुगमन

एक सिंगे गैँडा अनुगमन

- वर्षेनि गैँडाको ID based Monitoring गर्ने
- प्रत्येक ४/५ वर्षको अन्तरालमा राष्ट्रिय गैँडा गणना गर्ने

पाटेबाघ तथा अन्य शिकारी वन्यजन्तु अनुगमन

- पाटेबाघको चिन्ह, scats, pugmarks को निरन्तर अनुगमन गर्ने
- क्यामेरा ट्र्यापिंग (Camera Trapping) प्रविधि प्रयोग गरी पाटेबाघको संख्या अनुगमन गर्ने
- मानव-वन्यजन्तु द्वन्दको घटना घटाउने वा घटाउन सक्ने पाटेबाघको spy camera, CCTV camera र satellite radio collar जडान गरी गतिविधि अनुगमन गर्ने

पाटेबाघको आहारा प्रजातिको अनुगमन

- क्यामेरा ट्र्यापिंग (Camera Trapping), Line transect, र अन्य उपयुक्त वैज्ञानिक विधिहरू प्रयोग गरी आवधिक रूपमा पाटेबाघको आहारा प्रजातिको अनुगमन गर्न

जंगली हात्ती अनुगमन

- प्रत्यक्ष र अप्रत्यक्ष चिन्ह, प्रत्यक्ष अवलोकनद्वारा जंगली हात्तीको अनुगमन गर्ने
- मानव-हात्ती द्वन्दको घटना घटाउने वा घटाउन सक्ने

जंगली हात्तीको spy camera, CCTV camera र satellite radio collar जडान गरी गतिविधि अनुगमन गर्ने

लघुकर्ण खरायो अनुगमन

- प्रत्यक्ष र अप्रत्यक्ष चिन्ह, अवलोकनद्वारा लघुकर्ण खरायोको अनुगमन गर्ने

चरा अनुगमन

- दुर्लभ र संरक्षित चरा प्रजातिहरू जस्तै खर मजुर, सानो खर मजुर, डंगर गिद्ध, सुन गिद्ध, सानो ठुँडे गिद्ध, राज गिद्ध, कालो गरुड, सेतो गरुड, सानो भुँडीफोर, Finns Weaver, आगन्तुक चरा आदीको आवधिक अनुगमन गर्ने
- हिउँदे आगन्तुक चराहरुको आवधिक अनुगमन गर्ने

६.३.२. वासस्थान अनुगमन

- सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा निकुञ्ज क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा रहेका वासस्थानहरूको अवस्थाको आवधिक रूपमा अनुगमन गर्ने

६.३.३. वन्यजन्तु स्वास्थ्य अनुगमन

- निकुञ्जको घरपालुवा हात्ती र हिरापुर क्षेत्रमा रहेका कृष्णसारहरूको निकुञ्ज कार्यालयको पशु चिकित्सकद्वारा आवधिक रूपमा स्वास्थ्य चेक जाँच गर्ने गरिएको छ। निकुञ्जमा वन्यजन्तुहरूको स्वास्थ्यको नियमित अनुगमन गर्न तथा तिनको नमुनाहरूको परीक्षण गर्न वन्यजन्तु स्वास्थ्य केन्द्र र प्रयोगशाला स्थापना गर्नुपर्ने देखिन्छ।
- Foot and Mouth Disease (FMD), African swine fever, र Rabies and brucellosis रोगहरूको आवधिक अनुगमन

६.३.४. मौसम अनुगमन

- जल तथा मौसम विज्ञान विभाग र अन्य सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा निकुञ्ज क्षेत्रको मौसम तथा जलवायुको जानकारी दिने मौसम केन्द्रहरू स्थापना तथा संचालन गरी मौसम तथा हावा पानीको आवधिक र पूर्वानुमान जानकारी संकलन गर्ने

६.३.५. जलस्रोत तथा सिमसारहरूको पानी गुणस्तर अनुगमन

- प्राज्ञिक निकायहरू जस्तै TU, AFU, KU, IOF आदी सँगको समन्वय र सहकार्यमा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा रहेका जलस्रोत तथा सिमसारहरूको आवधिक रूपमा पानीको गुणस्तर अनुगमन गर्ने

६.३.६. वन डढेलो अनुगमन

- वन डढेलो लागेको क्षेत्रको GPS, GIS र web based real time fire data sources को प्रयोग गरी प्रभावित क्षेत्रहरूको रेकर्ड राखी वन डढेलोको अनुगमन गर्ने

६.३.७. पर्यटनको असर अनुगमन

- पर्यटनले पर्यावरणमा परेको असरको पर्यटकीय क्षेत्र र क्रियाकलापको किसिम अनुसारको असर मुल्यांकनको सूचकहरू तय गरी आवधिक अनुगमन गर्ने
- पर्यटन गतिविधिले स्थानीय बासिन्दाको जीविकोपार्जन, कला संस्कृति, र अन्य सामाजिक आयामहरूमा पारेको सकारात्मक र नकारात्मक प्रभावको घरधुरी सर्वेक्षण तथा अन्य प्रभाव मुल्यांकन गर्ने सूचकहरूको विकास गरी पर्यटनको आर्थिक-सामाजिक असरको अनुगमन गर्ने

६.४ संस्थागत व्यवस्था र क्षमता अभिवृद्धि

६.४.१ सांगठनिक संरचना

विद्यमान अवस्था

मिति २०७३/११/१९ मा राष्ट्रिय निकुञ्ज घोषणा भएतापनि हाल सम्म वन्यजन्तु आरक्ष रहँदाको बखतको सांगठनिक संरचना बमोजिम नै कार्य सम्पादन भइरहेको छ। हालको स्वीकृत दरबन्दी बमोजिम हात्तीसार शाखामा ३४ जना र निकुञ्ज प्रशासनमा ९३ जना गरी कुल १२७ जना कर्मचारीको कुल दरबन्दी कायम रहेको छ।

निकुञ्ज कार्यालयको स्थापनाको समयमा सेवा प्रवाहको प्रकृति फरक रहेको र हाल मध्यवर्ती क्षेत्र व्यवस्थापनको लागि प्राविधिक सहयोग समेत उपलब्ध गराउनु पर्ने भएकोले केहि पोष्टहरुको अवस्थिति र दरबन्दी परिवर्तन

तालिका नं. ४: शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयको दरबन्दी तेरिज

सि.न.	पद नाम	श्रेणी	सेवा	समुह/उपसमूह	मौजुदा दरबन्दी
१	प्रमुख संरक्षण अधिकृत	रा.प्र.दितिय	वन	ने.पा.वा.ला.	१
२	सहायक संरक्षण अधिकृत	रा.प.तृतीय	वन	ने.पा.वा.ला.	३
३	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सा.प्र.	१
४	लेखा अधिकृत	रा.प.तृतीय	पप्रशासन	लेखा	१
५	पशु चिकित्सक	रा.प.तृतीय	कृषि	भेटेरिनरी	१
६	रेन्जर	रा.प.अन.प्र.	वन	ने.पा.वा.ला.	१०
७	कम्प्युटर अपरेटर	रा.प.अन.प्र.	विविध	विविध	१
८	नायब सुब्बा	रा.प.अन.प्र.	प्रशासन	सा.प्र.	१
९	नायब सुब्बा (हात्तीसार)	रा.प.अन.प्र.	वन	हात्तीसार	१
१०	खरिदार	रा.प.अन.दि.	प्रशासन	सा.प्र.	४
११	दरोगा	रा.प.अन.दि.	वन	हात्तिसार	१
१२	सिनियर गेमस्काउट	रा.प.अन.दि.	वन	ने.पा.वा.ला.	१७
१३	हलुका सवारी चालक	श्रेणी विहिन	इन्जी.	मेकानिकल	३
१४	गेमस्काउट	श्रेणी विहिन	वन	ने.पा.वा.ला.	५१
१५	फणित	श्रेणी विहिन	वन	ने.पा.वा.ला.	१०
१६	पछुवा	श्रेणी विहिन	वन	ने.पा.वा.ला.	१०
१७	माहुत	श्रेणी विहिन	वन	ने.पा.वा.ला.	१०
१८	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	सा.प्र.	१
	जम्मा	१२७			

गर्नुपर्ने देखिन्छ। मझगाउँ सेक्टर निकुञ्जको संगठन संरचनामा भएतापनि हाल सम्म उक्त सेक्टरको कार्यालय भवन पनि नरहेको अवस्था छ। मुख्य कार्यालय नजिक रहेकोले मझगाउँ सेक्टरको काम पनि मुख्य कार्यालयबाट नै हुँदै आइरहेको छ। यसरी सेक्टर कार्यालयको काम मुख्य कार्यालयबाट सजिलै हुने हुँदा उक्त सेक्टर कार्यालयलाई मझगाउँमा राखेर सेवा प्रवाह गर्न सकिएको छैन। त्यसै गरी सिंहपुर रेन्जपोष्टमा रेन्जरको दरबन्दी रहेको तर रेन्जपोष्ट नजिकको मध्यवर्ती क्षेत्रबाट १२-१५ कि.मि. निकुञ्जको कोर एरिया भित्र रहेकोले प्राविधिक सहयोग उपलब्ध गराउन कठिनाइ भइरहेको छ भने पिपरिया रेन्जपोष्ट पनि मुख्य कार्यालय नजिकै रहेकोले सो रेन्जपोष्टबाट हुने सेवा प्रवाहको सान्दर्भिकता पनि सोच्नुपर्ने आवश्यकता रहेको छ। निकुञ्जको संगठन संरचनामा तारापुर रेन्जपोष्ट भनी उल्लेख भएतापनि उक्त रेन्जपोष्टको सम्पूर्ण काम कार्वाही ढक्कामा रेन्जपोष्ट भवन निर्माण भै सो रेन्जपोष्टबाट भइरहेको छ। यसै गरी निकुञ्जको संगठन संरचनामा कालापानी पोष्ट उल्लेख भएतापनि सो पोष्टको भवन नहुँदा चम्पापुरमा काठको पोष्ट भवन निर्माण भइ उक्त पोष्टको कार्य संचालन गरिएको छ।

तसर्थ समग्रमा निकुञ्ज क्षेत्रको प्रभावकारी व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा छिटो छरितो सेवा प्रवाह तथा मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनको लागि मझगाउँ सेक्टरलाई बेलडाँडी सेक्टर भनि नामकरण गरी निकुञ्जको संगठन संरचनामा बेलडाँडी सेक्टर, पिपरिया रेन्जपोष्टलाई दोधारा रेन्जपोष्ट, तारापुर रेन्जपोष्टलाई ढक्का रेन्जपोष्ट, र सिंहपुर रेन्जपोष्ट लाई मालुमेला रेन्जपोष्ट कायम गर्नुपर्ने देखिन्छ।

सवाल

- कार्यक्षेत्रको अनुपातमा दरबन्दी कम रहेको
- प्राय फिल्डस्तरको कर्मचारीहरूको दरबन्दी खाली रहने गरेको
- कार्यसम्पादनको प्रकृति बमोजिम बिमा तथा अन्य सामाजिक सुरक्षाको व्यवस्था नहुनु
- बदलिँदो चुनौतीहरू बमोजिम रेन्जपोष्ट र सेक्टरको कार्यक्षेत्र अद्यावधिक गर्नु पर्ने

रणनीति

- बदलिँदो चुनौती सँगै सामना गर्न संगठनिक संरचना अद्यावधिक गर्ने

- फिल्डस्तरको कर्मचारीहरूलाई लामो सेवाअवधि काम गर्न प्रोत्साहन गर्ने
- समय सापेक्ष कर्मचारीहरूको बिमा तथा अन्य सामाजिक सुरक्षाको व्यवस्था गर्ने

कार्यक्रम

- मझगाउँ सेक्टरलाई बेलडाँडी सेक्टर कायम गर्ने
- पिपरिया रेन्जपोष्टलाई दोधारा रेन्जपोष्ट कायम गर्ने
- तारापुर रेन्जपोष्टलाई ढक्का रेन्जपोष्ट कायम गर्ने
- सिंहपुर रेन्जपोष्टलाई मालुमेला रेन्जपोष्ट कायम गर्ने
- समय सापेक्ष कर्मचारीहरूको बिमा तथा अन्य सामाजिक सुरक्षाको कानुनी व्यवस्थाको लागि पहल गर्ने
- कार्यक्षेत्रको अनुपातमा दरबन्दी थप गर्न पहल गर्ने

६.४.२ क्षमता अभिवृद्धि

विद्यमान अवस्था

निकुञ्ज कार्यालय तथा अन्य साझेदार संघ संस्थाको सहयोगमा समय-समयमा सबै तहका कर्मचारीहरूलाई आवश्यकता अनुसार तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू संचालन गरिन्छ। राष्ट्रिय निकुञ्ज सम्बन्धी प्रचलित ऐन कानून, संरक्षित वन्यजन्तु, वन्यजन्तु उद्धार, हिंस्रक वन्यजन्तुबाट बच्ने उपाय, चोरी-शिकारी नियन्त्रण, वन डढेलो नियन्त्रण, पुर्नताजगी तालिम, संरक्षण शिक्षा, GIS, GPS, हात्तीसार व्यवस्थापन, सामुदायिक वन श्रोत सर्वेक्षण, मुद्दा अनुसन्धान तथा तहकिकात, घटनास्थलमा प्रमाण संकलन, वासस्थान व्यवस्थापन, मध्यवर्ती क्षेत्र आदी विषयका तालिम तथा प्रशिक्षणहरू संचालन हुँदै आइरहेका छन्। तालिम तथा प्रशिक्षणहरूमा नेपाली सेनाका अग्रपंक्तिमा रहने सिपाहीहरूको पनि सहभागिता रहने गरेको छ। त्यसै गरी बेला बेलामा निकुञ्ज प्रशासन र नेपाली सेनाको युनिटका फिल्डस्तर देखि उच्चस्तरीय अनुभव आदान प्रदान र अन्तरक्रिया कार्यक्रमहरू पनि हुने गर्दछन्। वन तथा वातावरण मंत्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, अन्य साझेदार संघ संस्थाहरूले आयोजना गरेका अवलोकन भ्रमण, तालिम, अन्तरक्रियामा यस निकुञ्जका कर्मचारी तथा स्थानीय उपभोक्ताहरूको सहभागीता रहने गरेको छ।

सवाल

- तालिम सामग्रीको अभाव
- व्यवसायिक श्रोत व्यक्ति तथा विषय विज्ञको कमी
- नयाँ भर्ना भएका गेमस्काउटहरु ४-५ वर्ष मै लोकसेवा पास गरी अन्य सेवामा जाने

रणनीति

- समय सापेक्ष कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने
- नयाँ प्रविधिहरूको प्रयोग गर्न सक्ने क्षमता विकास गर्ने
- व्यावसायिक कार्यसम्पादनलाई बढावा दिने

कार्यक्रम

- अग्रपंक्तिमा रहने कर्मचारी तथा नेपाली सेनाका जवानहरू (Frontline staff)
  - GPS, Compass, Rangefinder, Drone, Camera trap, DSLR camera, Binoculars (Thermal र night vision), spotting scope, vehicle, boat आदीको Setup र प्रयोग सम्बन्धि तालिम
  - वन्यजन्तु उद्धारमा प्रयोग हुने rescue equipment को प्रयोग सम्बन्धि तालिम
  - वन डढेलो नियन्त्रण सामग्रीहरूको प्रयोग सम्बन्धि तालिम
  - घटनास्थलमा प्रमाण संकलन तथा संरक्षण सम्बन्धि तालिम
  - वन्यजन्तुको नमुना संकलन तालिम
  - वन्यजन्तुहरूको चिन्ह छाप पहिचान गर्न सिकाउने तालिम
  - उद्धार गर्दा भिड नियन्त्रण सम्बन्धि तालिम
  - मानव अधिकार, महिला अधिकार, बाल अधिकार सम्बन्धि तालिम
  - कार्य विवरण सम्बन्धि तालिम
  - गस्तीको योजना तयारी तथा संचालन सम्बन्धि तालिम
  - हिंस्रक वन्यजन्तुबाट बच्ने उपाय सम्बन्धि तालिम
  - पुर्नताजगी तालिम
  - मुचुल्का तथा जाहेरी लेखन सम्बन्धि तालिम

- मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन तालिम
- अवलोकन भ्रमण

- रेन्जर
  - मुद्दा तहकिकात तथा अनुसन्धान सम्बन्धि तालिम
  - घटनास्थलको संरक्षण र प्रमाण संकलन तालिम
  - मानव अधिकार, महिला अधिकार, बाल अधिकार सम्बन्धि तालिम
  - चोरी-शिकारी नियन्त्रण सम्बन्धि तालिम
  - वन्यजन्तुको darting, र उद्धार सम्बन्धि तालिम
  - वन्यजन्तुको अनुगमन, गणनाको क्रममा सूचना संकलन सम्बन्धि तालिम
  - वन्यजन्तु संरक्षणमा Geographic Information System (GIS) र remote sensing को प्रयोग सम्बन्धि तालिम
  - R, Q GIS, र Google Earth Engine को प्रयोग सम्बन्धि तालिम
  - डाटाबेस तयारी सम्बन्धि तालिम
  - म.सा.व. हरुको कार्ययोजना तयारी सम्बन्धि तालिम
  - मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन सम्बन्धि तालिम
  - वन श्रोत सर्वेक्षण तथा छपान मुल्यांकन सम्बन्धि तालिम
  - अवलोकन भ्रमण
- सहायक संरक्षण अधिकृत/प्रमुख संरक्षण अधिकृत
  - वन्यजन्तुको darting, र उद्धार सम्बन्धि तालिम
  - व्यवस्थापन योजना तयारी सम्बन्धि तालिम
  - वन्यजन्तुको अनुगमन, गणनाको योजन तयारी तथा संकलित सूचना विश्लेषण सम्बन्धि तालिम
  - वन्यजन्तु संरक्षणमा GIS र Remote sensing को प्रयोग सम्बन्धि तालिम
  - R, Q GIS, Google Earth Engine को प्रयोग सम्बन्धि तालिम
  - रिपोर्ट writing सम्बन्धि तालिम
  - अवलोकन भ्रमण
- निकुञ्ज कार्यालयमा पुस्तकालय स्थापना तथा संचालन
- वेबसाइट संचालन
- निकुञ्ज क्षेत्रमा भए गरेका अध्ययन अनुसन्धानहरू बाट प्राप्त तथ्यांक संकलन तथा डाटाबेस तयारी

©मनोज ऐर/शु.रा.नि.

अध्याय ७: प्रजाति संरक्षण विशेष कार्यक्रम

७.१ बाह्रसिङ्गा

७.१.१ वर्तमान अवस्था

विश्वमा बाह्रसिङ्गा वा Swamp deer (Rucervus duvaucelii) नेपाल र भारतमा मात्र पाईन्छ। नेपालमा बाह्र सिँगाको ३ वटा उप-प्रजातिहरू (Rucervus duvaucelii duvaucelii, Rucervus duvaucelii branderi, Rucervus duvaucelii ranjitsinhi) मध्ये Rucervus duvaucelii duvaucelii मात्र पाईन्छ (Paul et al. 2018)। अन्तर्राष्ट्रिय स्तरमा यसलाई IUCN ले आफ्नो Red List of Threatened Species मा संवेदनशिल (Vulnerable) सुचीमा राखेको छ भने CITIES ले अनुसूची १ मा राखेको छ। राष्ट्रियस्तरमा बाह्रसिङ्गालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारीको सूचिमा राखेको छ। सन् २०२२ को गणना अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा २३१३ वटा र सन् २०१८ को गणना अनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा ७९ वटा गरी नेपालमा जम्मा २३९२ वटा बाह्रसिङ्गा रहेकोले National Red List को संकटापन्न सुचीमा राखिएको छ (Jnawali et.al. 2011)। यस निकुञ्जमा रहेको बाह्रसिङ्गाको संख्या संसारमै सबै भन्दा बढी रहेको छ।

७.१.२ संरक्षणका प्रयासहरू

- वि.सं. २०३३ सालमा बाह्रसिङ्गा र यसको वासस्थान संरक्षणको मुख्य उद्देश्य राखी शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष घोषणा गरिएको
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित स्तनधारीको सुचीमा सुचिकृत गरेको
- प्रत्येक वर्ष वन्यजन्तु सप्ताह वैशाख १-७ मा गणना गर्ने गरिएको
- भिमदत्त नगरपालिकाले नगरको प्रतिकको रुपमा बाह्रसिङ्गालाई घोषणा गरेको
- सिमापार समन्वय बैठक संचालन

७.१.३ सवाल

- वासस्थान विनाश तथा क्षयिकरण
  - मिचाहा प्रजाति
  - सिमल, पलाँस, र अन्य रुख तथा झाडी प्रजातिको शुक्लाफाँटा घाँसेमैदान क्षेत्रमा फैलावट
- महाकाली नदीको कटान
- Zoonotic रोगहरू फैलिन सक्ने
- वन डढेलो

७.१.४ रणनीति

- निकुञ्जको चौधर उपत्यकाको घाँसेमैदान तथा अन्य घाँसेमैदानहरूमा बाह्रसिङ्गाको संख्या बढाउने
- बाह्रसिङ्गाको स्वस्थ संख्या कायम राख्ने
- ऐतिहासिक फैलावट भएका क्षेत्र वा संरक्षित क्षेत्रहरूमा स्थानान्तरण गर्न बिउ जनावर उपलब्ध गराउने
- बाह्रसिङ्गाको लागि स्वस्थ वासस्थान कायम राख्ने

७.१.५ कार्यक्रम

- घाँसेमैदान व्यवस्थापन
- मिचाहा प्रजाति नियन्त्रण
- वार्षिक संख्या अनुगमन र आवधिक गणना
- आवधिक पानीको श्रोत परीक्षण (Zoonotic रोगहरूको लागि)
- Intermixing तथा viable population बनाउन को लागि अन्य स्थानबाट शुक्लाफाँटामा र शुक्लाफाँटाबाट अन्य संरक्षित क्षेत्रहरूमा स्थानान्तरण

७.२ पाटेबाघ

७.२.१ वर्तमान अवस्था

सन् १९६९ मा विश्वव्यापी रूपमा संकटापन्न घोषणा गरिए तापनि विश्वमा अहिले पाटेबाघको संख्या ३,७२६-५,५७८ रहेको छ (Goodrich et al. 2022)। संसारमा ९ प्रजाति पाटेबाघ अस्तित्वमा रहेता पनि ३ प्रजाति विश्वबाट नै लोप भैसकेका छन् भने बाकी ६ प्रजाति १२ देशमा फैलिएका छन्। जसमध्ये बंगाल पाटेबाघ *(Panthera tigris tigris)* हाल नेपाल, भारत, भुटान र बंगलादेशका जंगलहरुमा मात्र पाइन्छ (Goodrich et al. 2022)। अन्तर्राष्ट्रिय स्तरमा यसलाई IUCN ले आफ्नो Endangered सुचीमा राखेको छ भने CITIES ले आफ्नो अनुसूची १ मा राखेको छ। राष्ट्रिय स्तरमा पाटेबाघ लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारीको सूचिमा राखेको छ। त्यस्तै कम संख्या भएकोले National Red List को संकटापन्न सुचीमा राखिएको छ (Jnawali et.al. 2011)।

नेपालमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा (३६ वटा), बर्दिया राष्ट्रिय निकुञ्जमा (१२५ वटा), बाँके राष्ट्रिय निकुञ्जमा (२५ वटा), चितवन राष्ट्रिय निकुञ्जमा (१२८ वटा), र पर्सा राष्ट्रिय निकुञ्जमा (४१ वटा) गरी जम्मा ३५५ वटा पाटेबाघ रेकर्ड भएका छन् (DNPWC and DFSC 2022)। यस निकुञ्जमा पाटेबाघको संख्यामा दोब्बर वृद्धि भएको छ सन् २०१८ मा १६ वटा रेकर्ड भएकोमा सन् २०२२ मा ३६ वटा पाटेबाघ Camera Trap बाट रेकर्ड गरिएका छन्। निकुञ्जको पश्चिमी क्षेत्रमा पाटेबाघको घनत्व बढी रहेको देखिन्छ। त्यसै गरी सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाको तथ्यांक अनुसार तराईका अन्य पाटेबाघ पाईने निकुञ्जहरू मध्ये यस निकुञ्जमा पाटेबाघको आहारा प्रजातिको घनत्व सबैभन्दा बढी रहेको छ (१४६.२ प्रति वर्ग कि.मि.) (DNPWC and DFSC 2022)।

७.२.२ संरक्षणका प्रयासहरू

- नेपालमा पाटेबाघको संरक्षणको प्रयासहरू सन् १९७२ मा चितवन मा Tiger Ecology Project बाट शुरु भएको
- पाटेबाघको संरक्षणको लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज (३०५ वर्ग कि.मि.), बर्दिया राष्ट्रिय निकुञ्ज (९६८ वर्ग कि.मि.), बाँके राष्ट्रिय निकुञ्ज (५५० वर्ग कि.मि.), चितवन राष्ट्रिय निकुञ्ज (९५२ वर्ग कि.मि.), र पर्सा राष्ट्रिय निकुञ्ज (६२७ वर्ग कि.मि.) को स्थापना र व्यवस्थापन
- सन् २००१ बाट पाटेबाघको टुक्रिएको वासस्थानलाई जोड्न तराई भू-परिधि कार्यक्रमको (24,710 वर्ग कि.मि.) शुरुवात
- हरेक चार वर्षमा राष्ट्रिय बाघ गणना र यस निकुञ्जमा हरेक वर्ष पाटेबाघको संख्याको अनुगमन
- Tiger and Prey Base Monitoring Protocol, 2017 निर्माण एवम् लागू
- ५ पटक राष्ट्रिय बाघ गणना सम्पन्न भइसकेको
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ (तेस्रो संशोधन) ले पाटेबाघले गरेको पशुधन क्षति र मानविय क्षतिको राहत पाउने व्यवस्था गरेको
- नोभेम्बर २१-२४, सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्ग शहरमा सम्पन्न भएको बाघ सम्मेलन बमोजिम सन् २०२२ सम्म पाटेबाघको संख्या दोब्बर गर्ने प्रतिबद्धता पुरा गरेको
- Tiger Conservation Action Plan (2008-2012), National Tiger Recovery Programme (2010-2015), र Tiger Conservation Action Plan for Nepal (2016-2020) निर्माण एवम् कार्यान्वयन (DNPWC 2016c)
- प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाघ संरक्षण समिति गठन
- वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति गठन
- केन्द्रीयस्तरको अपराध नियन्त्रण इकाई गठन
- जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन
- South Asia Wildlife Enforcement Network (SAWEN) को काठमाडौंमा सचिवालय स्थापना
- नेपाल सरकारको वार्षिक कार्यक्रममा बाघ संरक्षण विशेष कार्यक्रम थप गरिएको
- २९ जुलाई लाई सन् २०१० देखि हरेक वर्ष बाघ दिवसको रूपमा विश्वभर मनाउँदै आएको
- संरक्षित क्षेत्र बाहिर रहेका राष्ट्रिय वनहरूलाई जैविक मार्गको रूपमा संरक्षित वन क्षेत्रको रुपमा घोषणा र व्यवस्थापन

७.२.३ सवाल

- वावासस्थान विनाश, खण्डिकरण तथा क्षयीकरण
  - पूर्वी सेक्टरमा राजमार्ग, सिँचाई नहर, सडक जस्ता भौतिक पूर्वाधारहरूले गर्दा वासस्थान खण्डिकरण भइरहेको
  - घाँसेमैदानमा मिचाहा प्रजातिको फैलावट
    - *Mikania micrantha, Chromoleana odorata, and Lantana camera, Water hyacinth (Eichornia crassipes), Ageratum conyzoides, Ageratinaadenophora and Parthenium hysterophorus*
  - सिमसारमा जलकुम्भी र अन्य मिचाहा प्रजातिको फैलावट
  - प्राकृतिक तालहरू पुरिने र सुक्ने
  - निकुञ्ज क्षेत्र अतिक्रमण
- Human-Tiger Interface
  - हाल सम्म यस निकुञ्जमा मानव-बाघ द्वन्दको घटनाहरू नभएको भएतापनि भविष्यमा हुन सक्ने देखिन्छ
- निकुञ्ज भित्र र बाहिरका क्षेत्रहरूमा पाटेबाघको आवतजावत सम्बन्धि अध्ययन अनुसन्धानको कमी
- अवैध वन पैदावार संकलन गर्न निकुञ्ज क्षेत्र प्रवेश गर्ने स्थानीयको अत्याधिक चाप
- अवैध वन पैदावार संकलन गर्न जाँदा बाघको आक्रमण भै घटना घट्न सक्ने
- चोरी शिकारी तथा आखेटोपहार व्यापार
- Climate change and Global change impacts
- रोग
  - Canine distemper
  - Distemper or hard pad disease

७.२.४ रणनीति

- पाटेबाघको संख्या वृद्धि गर्ने
- पाटेबाघ र यसको आहारा प्रजातिको स्वस्थ संख्या कायम गर्ने
- पाटेबाघ र यसको वासस्थान सम्बन्धि थप अध्ययन अनुसन्धान गर्ने
- पूर्वी सेक्टरको निकुञ्ज क्षेत्रमा पाटेबाघको विचरण बढाउने
- सचेतनामूलक अभियान संचालन

७.२.५ कार्यक्रम

- निकुञ्जमा कति संख्यामा पाटेबाघ बस्न सक्छन् भन्ने सम्बन्धि अध्ययन अनुसन्धान
- पूर्वी सेक्टरको निकुञ्ज क्षेत्रमा पाटेबाघको न्यून विचरण हुनुको कारक तत्वहरुको पहिचान
- वार्षिक पाटेबाघ तथा आहारा प्रजातिको अनुगमन
- सिमापार तथा निकुञ्ज क्षेत्रको प्रयोग सम्बन्धि रेडियो Collar जडान गरी अध्ययन अनुसन्धान
- विश्व बाघ दिवस २९ जुलाईमा मनाउने
- निकुञ्ज क्षेत्रभित्र रहेका राजमार्गहरूमा पाटेबाघ सम्बन्धि चिन्ह तथा सूचना राख्ने
- मध्यवर्ती क्षेत्रमा आय आर्जनको कार्यक्रम संचालन गर्ने
- मध्यवर्ती क्षेत्रमा पाटेबाघ संरक्षण, आनी बानी र आक्रमणबाट बच्ने उपायहरू सम्बन्धि जनचेतनाको कार्यक्रम
- मिचाहा प्रजाति नियन्त्रण
- गस्ती परिचालन
- गस्ती सामग्री खरिद तथा वितरण
- घाँसेमैदान र सिमसार व्यवस्थापन
- समुदायस्तरको तत्काल सम्बोधन गर्ने वन्यजन्तु राहत कोष स्थापना तथा संचालन
- पूर्वाधारले गर्दा भएको वासस्थान खण्डिकरण सम्बन्धि अध्ययन अनुसन्धान
- राजमार्ग र सिँचाई नहरहरूमा वन्यजन्तु मैत्री पूर्वाधार निर्माणमा पहल गर्ने

७.३ कृष्णसार

७.३.१ वर्तमान अवस्था

कृष्णसार *(Antilope cervicapra)* को चार वटा उपप्रजाति मध्ये *Antilope cervicapra cervicapra* कुनै समयमा भारतीय उपमहादेश भरी नै पाइन्थ्यो तर आज यो प्रजाति बंगलादेश र पाकिस्तानबाट लोप भइसकेको छ भने नेपाल र भारतका केहि स्थानहरूमा मात्र जीवित रहेको छ (DNPWC 2016b)।

नेपालमा बर्दिया जिल्लाको खैरापुरमा रहेको कृष्णसार संरक्षण क्षेत्रमा १६६ (२८ फाल्गुन, २०७९) वटा र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुरफाँटामा २५१ वटा (चैत्र ०३, २०७९ सम्म) गरी हाल जम्मा ४०३ वटा कृष्णसार रहेका छन्। अन्तर्राष्ट्रियस्तरमा IUCN ले Least Concern सुचीमा राखेको छ भने CITIES को अनुसूची ३ मा राखिएको छ (IUCN 2017)। राष्ट्रियस्तरमा कृष्णसार लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारीको सुचीमा राखेको छ। त्यस्तै निकै कम संख्या भएकोले National Red List को अति संकटापन्न सुचीमा राखिएको छ (Jnawali et.al. 2011)।

७.३.२ संरक्षणका प्रयासहरू

- सन् १९७० सम्म नेपालबाट कृष्णसार लोप भइसकेको अनुमान गरिएको थियो
- सेप्टेम्बर ५ सन् १९७५ मा खैरापुरमा वार्डेन कृष्णमान श्रेष्ठ, अनुसन्धानकर्ता डा. एरिक डिनरस्टिन र गेमस्काउट गगन सिंह चुनाराले कृष्णसार देखेर रिपोर्ट गरे पश्च्यात अक्टोबर २ सन् १९७५ मा १ जना कर्मचारी र ४ जना सुरक्षा गार्ड गरी जम्मा ५ जनाको टोलीलाई कृष्णसारको सुरक्षा गर्न खटाइयो
- तत् पश्च्यात सन् २००९ सम्म जिल्ला वन कार्यालय र बर्दिया राष्ट्रिय निकुञ्जको संयुक्त जिम्मेवारीमा यस क्षेत्रको संरक्षण र व्यवस्थापन गरीयो
- सन् १९७७-१९७९ सम्म १६ वटा कृष्णसारहरू चिडियाखानाबाट बर्दिया राष्ट्रिय निकुञ्जको बगौराफाँटामा स्थानान्तरण गरीयो
- सन् १९८५-१९८८ सम्म थप ४ वटा कृष्णसारहरू कृष्णसार संरक्षण क्षेत्रबाट बर्दिया राष्ट्रिय निकुञ्जको बगौराफाँटामा स्थानान्तरण गरीयो
- सन् १९८६ मा कृष्णसार संरक्षण क्षेत्रमा रहेका वस्तिबाट ३६ घरधुरीहरुको स्थानान्तरण गरीयो
- सन् १९८८ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कृष्णसार संरक्षण योजना तयार गर्यो
- सन् १९८९ मा बगौराफाँटामा जम्मा १७ वटा कृष्णसार गणना गरीयो
- डिसेम्बर ५ सन् १९९२ मा २६ वटा कृष्णसारहरू चिडियाखानाबाट बर्दिया राष्ट्रिय निकुञ्जको बगौराफाँटामा स्थानान्तरण गरियो
- मार्च १६ सन् २००९ मा गुलरिया नगरपालिका अन्तर्गतको १६.९६ वर्ग कि.मि. क्षेत्रलाई कृष्णसार संरक्षण क्षेत्र घोषणा गरियो
- सन् २०१२ मा २२ वटा नेपालगंज Mini Zoo र ६ वटा सदर चिडियाखानाबाट गरी जम्मा २८ वटा कृष्णसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर फाँटामा स्थानान्तरण गरियो
- जुलाई सन् २०१५ मा १४ वटा थप कृष्णसारहरु कृष्णसार संरक्षण क्षेत्रबाट यस निकुञ्जको हिरापुर फाँटामा स्थानान्तरण गरियो
- सन् २०१२ मा शुरु गर्दा जम्मा ७.५ हेक्टर क्षेत्रमा तरबार गरिएकोमा हाल शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हिरापुर फाँटाको ५८.८ हेक्टर क्षेत्रमा (२०१३:४.५, २०१५: ५, २०१६: १७, २०१७: १७, २०१९: ७.८) तरबार गरी कृष्णसारको वासस्थान विस्तार गरिएको छ
- सन् २०१६ Site Specific Conservation Action Plan for Blackbuck in Shuklaphanta Wildlife Reserve, Nepal (2016-2020) को तयारी तथा कार्यान्वयन

७.३.३ सवाल

- सानो टुक्रिएको जनसंख्या
- घरपालुवा चौपायाबाट रोग सर्न सक्ने
- संख्या छिटो बढी रहेकोले तारबार गरेको क्षेत्र कम हुन सक्ने
- जलवायु परिवर्तनको असर
- अन्य दुर्लभ वन्यजन्तुको तुलनामा कृष्णसार संरक्षणमा ध्यानाकर्षण नभएको
- प्रजाति संरक्षण योजनाको म्याद सकिएको

७.३.४ रणनीति

- Genetically स्वस्थ संख्या कायम राख्ने
- निरन्तर संख्यामा वृद्धि गर्ने
- पुनः प्राकृतिक पुनर्स्थापना गर्ने
- स्थानान्तरण गरी अन्य क्षेत्रमा पनि viable population बनाउन सहयोग गर्ने
- कृष्णसार र यसको वासस्थानमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण
- तरबार र त्यसभित्र रहेका कृष्णसारको सुरक्षाको लागि नविनतम प्रविधि प्रयोग गर्ने

७.३.५ कार्यक्रम

- निरन्तर संख्याको अनुगमन तथा निरीक्षण
- कृष्णसारको प्राकृतिक पुनर्स्थापनाको लागि उचित वासस्थान क्षेत्र छनौट
- कृष्णसारलाई उचित प्राकृतिक वासस्थान क्षेत्रमा पुनर्स्थापना गर्ने radio collar जडान गरी छोड्ने
- अन्य क्षेत्रबाट र अन्य क्षेत्रमा कृष्णसारको Genetic swamping रोक्न स्थानान्तरण गर्ने
- छाडा घरपालुवा चौपाया नियन्त्रण
- कृष्णसार राखिएको तरबार क्षेत्रको वासस्थान व्यवस्थापन
- बढ्दो संख्याको व्यवस्थापन गर्न तरबार क्षेत्र विस्तार
- आवधिक रुपमा स्वास्थ्य चेकजाँच गर्ने
- संख्या, वासस्थान र आनुवंशिक जानकारी संकलन र डाटाबेस तयार गर्ने
- तरबार क्षेत्र वरिपरि CCTV जडान
- तरबार मर्मत
- गल्छी बनेको स्थानमा check dam निर्माण
- हिरापुर र खैरापुरमा रहेका कृष्णसारहरूको comparative अध्ययन अनुसन्धान गर्ने
- भुसिया कुकुर नियन्त्रण
- ड्रोनबाट अनुगमन तथा गणना गर्ने

७.४ गैँडा

७.४.१ वर्तमान अवस्था

विश्वमा पाइने पाँच किसिमको गैँडाको प्रजाति मध्येको गैँडा *(Rhinoceros unicornis)* उत्तर भारत र दक्षिण नेपालको नदी तटीय वन र घाँसेमैदानहरूमा पाइन्छन्। सन् १९८० को दशक देखि सन् २०२२ सम्म आउँदा विश्वमा गैँडा *(Rhinoceros unicornis)* को संख्यामा १६७% ले वृद्धि भइ ४०१४ पुगेको छ। नेपालमा सन् २०२१ मा गरिएको राष्ट्रिय गैँडा गणना अनुसार चितवन राष्ट्रिय निकुञ्जमा ६९४, पर्सा राष्ट्रिय निकुञ्जमा ३, बर्दिया राष्ट्रिय निकुञ्जमा ३८, र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा १७ वटा गरी जम्मा ७५२ वटा गैँडा *(Rhinoceros unicornis)* रहेका छन्। अन्तर्राष्ट्रिय स्तरमा गैँडा *(Rhinoceros unicornis)* लाई IUCN को Vulnerable सुचीमा राखेको छ भने CITIES ले आफ्नो अनुसूची १ मा राखिएको छ (IUCN 2008)। राष्ट्रिय स्तरमा कृष्णसार लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारीको सूचिमा राखेको छ। त्यस्तै कम संख्या भएकोले National Red List को संकटापन्न सुचीमा राखिएको छ (Jnawali et.al. 2011)।

७.४.२ संरक्षणका प्रयासहरू

- सन् १९५७ (वि.सं. २०१५) मा जारी जंगली जीवजन्तु संरक्षण ऐन, २०१५ मा गैँडा र यसको वासस्थानलाई संरक्षण गर्ने व्यवस्था गरेको
- सन् १९६० मा चितवन उपत्यकाको पश्चिमी किनारा र राप्ती नदीको दक्षिणी भागलाई गैँडा कुञ्ज घोषणा
- सन् १९६१ मा गैँडा गस्तीको शुरुवात
- सन् १९७३ मा चितवन राष्ट्रिय निकुञ्जको स्थापना (पहिले ५४४ वर्ग कि.मि. पछि सन् १९७७ मा ९३२ वर्ग कि.मि. मा विस्तार र सन् २०१७ मा ९५२.६३ वर्ग कि.मि. मा विस्तार)
- सन् १९७३ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी र एक सिङ्गे गैँडालाई उक्त ऐनको संरक्षित स्तनधारीको सुचीमा राखिएको
- सन् १९७५ मा वन्यजन्तु संरक्षणको लागि नेपाली सेना परिचालन
- सन् १९८६ देखि सन् २००३ सम्म ८७ वटा गैँडा चितवन उपत्यका बाट बर्दिया राष्ट्रिय निकुञ्जमा स्थानान्तरण
- सन् २००३ मा ५ वटा गैँडा चितवन राष्ट्रिय निकुञ्जबाट शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा स्थानान्तरण
- प्रत्येक ४-५ वर्षमा राष्ट्रिय गैँडा गणना संचालन
- Rhinoceros Conservation Action Plan (2006-2011), The Greater One-horned Rhinoceros Conservation Action Plan for Nepal (2017-2021) तयारी तथा कार्यान्वयन

७.४.३ सवाल

- चोरी शिकारी तथा आखेटोपहार तस्करी
- वासस्थान विनाश, क्षयीकरण र खण्डिकरण
- मानव-गैँडा द्वन्द
- जलवायु परिवर्तन (Climate change) तथा विश्वव्यापि परिवर्तन (Global change) को प्रभाव
- सानो जनसंख्या (small population)
- रोग र महामारी

७.४.५ रणनीति

- चोरी शिकारी तथा आखेटोपहारको अवैध व्यापार नियन्त्रण
- वासस्थान व्यवस्थापन र पुनर्स्थापना
- मानव-गैँडा सह-अस्तित्व प्रवर्धन
- आनुवंशिक (Genetically) रुपमा स्वास्थ्य संख्या कायम राख्ने
- निरन्तर संख्यामा वृद्धि गर्ने

७.४.५ कार्यक्रम

- चोरी शिकारी नियन्त्रण तथा गस्ती सामग्री खरिद
- संवेदनशिल क्षेत्रमा पोष्ट भवन निर्माण
- गस्तीका लागि आवश्यक पूर्वाधार निर्माण एवम् मर्मत
- सिमापार तथा सरोकारवालाहरूसँग समन्वय बैठक
- घाँसेमैदान तथा सिमसार क्षेत्र व्यवस्थापन र मिचाहा प्रजाति नियन्त्रण
- वन डढेलो व्यवस्थापन
- मेषजाली निर्माण तथा मर्मत
- मध्यवर्ती क्षेत्रमा आयआर्जन तथा चेतनामूलक कार्यक्रम
- समुदायस्तरको वन्यजन्तु राहत कोष स्थापना तथा संचालन
- पूर्वाधारले गर्दा भएको वासस्थान खण्डिकरण सम्बन्धि अध्ययन अनुसन्धान
- राजमार्ग र सिँचाई नहरहरूमा वन्यजन्तु मैत्री पूर्वाधार निर्माण
- प्रत्येक वर्ष हरेकको पहिचान सहितको अनुगमन (ID based monitoring) कार्यक्रम संचालन
- निकुञ्ज छेउ छाउका पानी पोखरीहरूको पानीको आवधिक परीक्षण (गुणस्तर तथा रोग पत्ता लगाउन)
- चितवन राष्ट्रिय निकुञ्जबाट गैँडा स्थानान्तरण
- मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह र समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (CBAPU) परिचालन

७.५ खर मजुर

७.५.१ विद्यमान अवस्था

विश्वमा जम्मा २ वटा प्रजातिको खर मजुर पाइन्छन् जसमा कम्बोडियामा *Houbaropsis bengalensis blandini* उप-प्रजाति पाइन्छ भने भारत र नेपालमा *Houbaropsis bengalensis bengalensis* उप-प्रजाति पाइन्छ। संसारमा हाल खर मजुरको संख्या १००० भन्दा कम र नेपालमा यसको संख्या १०० भन्दा कम रहेको आंकलन गरिएको छ (Inskipp et al. 2016)।

विगतमा नेपालमा खर मजुर चितवन राष्ट्रिय निकुञ्जमा, बर्दिया राष्ट्रिय निकुञ्जमा, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षबाट रेकर्ड गरिएका छन् (DNPWC 2016a)। अन्तर्राष्ट्रिय स्तरमा खर मजुर *Houbaropsis bengalensis* (J. F. Gmelin, 1789) लाई IUCN ले Critically Endangered सुचीमा राखेको छ भने CITIES ले आफ्नो अनुसूची १ मा राखिएको छ (Inskipp et al. 2016)। राष्ट्रिय स्तरमा खर मजुर *Houbaropsis bengalensis* लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित चरा प्रजातिको सूचिमा राखेको छ। त्यस्तै निकै कम संख्या भएकोले National Red List को अति संकटापन्न सुचीमा राखिएको छ (Inskipp et al. 2016)।

७.५.२ संरक्षणका प्रयासहरु

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित चरा प्रजातिको सूचिमा राखिएको
- खरमजुर संरक्षण कार्ययोजना सन् २०१६-२०२० (Bengal Florican Conservation Action Plan 2016-2020)
- नेपाल पंक्षी संरक्षण संघ (Bird Conservation Nepal-BCN) द्वारा आवधिक रुपमा गणना
- नेपाल पंक्षी संरक्षण संघ द्वारा सन् २०१३ देखि २०१६ सम्म Darwin Initiative funded project को आर्थिक सहयोगमा satellite telemetry जडान गरी खर मजुरको distribution, movements, and survival सम्बन्धि अध्ययन

७.५.३ सवाल

- घाँसेमैदान वासस्थान विनाश, क्षयीकरण र खण्डिकरण
- निकुञ्ज कोर क्षेत्र बाहिर न्यून सुरक्षा
- घाँसेमैदानमा लगाइने वन डढेलो
- मिचाहा प्रजाति
- प्राकृतिक predators को संख्यामा वृद्धि

७.५.४ रणनीति

- लोप हुन बाट रोक्ने
- संख्या वृद्धि गर्ने
- वासस्थानको उचित व्यवस्थापन
- खर मजुर संरक्षण बारेमा सचेतना बढाउने

७.५.५ कार्यक्रम

- खर मजुरको ecology लाई मध्यनजर राखी घाँसेमैदान व्यवस्थापनको योजना तयार गर्ने
- मध्यवर्ती क्षेत्रमा खर मजुर संरक्षण बारेमा सचेतना तथा संरक्षण शिक्षा
- खर मजुरको breeding and non-breeding sites को पहिचान गर्ने र नक्सांकन गर्ने
- खर मजुरको संख्याको आवधिक अनुगमन र गणना
- खर मजुर अनुगमन सम्बन्धि क्षमता अभिवृद्धि तालिम
- सिमापार र सरोकारवालाहरू सँग समन्वय र सहकार्य
- खर मजुर सम्बन्धि थप अध्ययन अनुसन्धान

७.६ लघुकर्ण खरायो

७.६.१ वर्तमान अवस्था

लघुकर्ण खरायो Hispid Hare *(Caprolagus hispidus)* नेपाल, भारत र भुटानका तराईका घाँसेमैदानहरूमा मात्र पाईन्छ (Khadka et al. 2017)। विगतमा नेपालमा खर मजुर चितवन राष्ट्रिय निकुञ्जमा, बर्दिया राष्ट्रिय निकुञ्जमा, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षबाट रेकर्ड गरिएका छन् (Aryal et al. 2012; Khadka et al. 2017; P et al. 2013)। अन्तर्राष्ट्रिय स्तरमा लघुकर्ण खरायो *Caprolagus hispidus* लाई IUCN ले Endangered सुचीमा राखेको छ भने CITIES ले आफ्नो अनुसूची १ मा राखिएको छ (Aryal and Yadav 2019)। राष्ट्रियस्तरमा लघुकर्ण खरायो *Caprolagus hispidus* लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारी प्रजातिको सूचिमा राखेको छ। त्यस्तै निकै कम संख्या भएकोले National Red List को संकटापन्न सुचीमा राखिएको छ (Jnawali et.al. 2011)।

७.६.२ संरक्षणका प्रयासहरू

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित स्तनधारी प्रजातिको सूचिमा राखेको
- केही अध्ययन अनुसन्धान भएको

७.६.३ सवाल

- घाँसेमैदान वासस्थान विनाश, क्षयिकरण र खण्डिकरण
- घाँसेमैदानमा लगाइने वन डढेलो
- मिचाहा प्रजाति
- न्यून अध्ययन अनुसन्धान

७.६.४ रणनीति

- लोप हुन बाट रोक्ने
- संख्या वृद्धि गर्ने
- वासस्थानको उचित व्यवस्थापन
- लघुकर्ण खरायो संरक्षण बारेमा सचेतना बढाउने

७.६.५ कार्यक्रम

- लघुकर्ण खरायोको ecology लाई मध्यनजर राखी घासे मैदान व्यवस्थापनको योजना तयार गर्ने
- लघुकर्ण खरायोको संरक्षण बारेमा सचेतना तथा संरक्षण शिक्षा
- लघुकर्ण खरायोको breeding and non-breeding sites को पहिचान गर्ने र नक्सांकन गर्ने
- लघुकर्ण खरायोको संख्याको आवधिक अनुगमन र गणना
- लघुकर्ण खरायोको अनुगमन सम्बन्धि क्षमता अभिवृद्धि तालिम
- सिमापार र सरोकारवालाहरु संग समन्वय र सहकार्य
- मिचाहा प्रजाति नियन्त्रण
- लघुकर्ण खरायो सम्बन्धि थप अध्ययन अनुसन्धान

अध्याय ८: पर्यापर्यटन विकास

८.१ पर्यटनको विद्यमान अवस्था

यस निकुञ्जमा पर्यटकहरू मुख्यतया सबैभन्दा ठूलो घाँसेमैदान शुक्लाफाँटा र यसमा देखिने संसारकै ठूलो बाह्रसिङ्गाको झुण्ड अवलोकन गर्न आउने गर्दछन्। यसका साथै निकुञ्ज क्षेत्रमा रहेको रानी ताल, कालिकिच ताल, बाबा ताल, सलगौडी ताल, हिरापुर फाँटा, सिंहपाल बाबा, र मध्यवर्ती क्षेत्रमा रहेको राना थारु होमस्टे र दोधारा चाँदनी झुलुंगे पुल पर्यटकीय आकर्षणका रूपमा रहेका छन्।

८.२ पर्यटनको पूर्वाधार

पर्यटन प्रवर्धनका लागि मुख्यतया बर्षेनी मचान, काठेपुल, र वन पथ निर्माण एवम् मर्मत गर्ने गरीन्छ। हाल निकुञ्जको पिपरिया रेन्जपोष्ट र अर्जुनी सेक्टरमा पर्यटक सूचना केन्द्रको भवन निर्माण गरिएको छ। पर्यटकीय पूर्वाधारको संख्या र घनत्व पश्चिमी सेक्टरमा बढी रहेको छ।

८.३ सवाल

- निकुञ्जमा घुम्न आउने विदेशी र सार्क पर्यटकको संख्या न्यून
- पर्यटकीय सुविधाको लागि सिमित होटल.लज
- पर्यटनका लागि आवश्यक पूर्वाधारको कमी
- पर्यटक द्वारा सृजना हुने प्लास्टिक जन्य फोहोर मैला
- जंगल सफारी बाहेक अन्य फरक किसिमको पर्यटकीय गतिविधिहरू नहुनु

८.४ रणनीति

- विदेशी र सार्क मुलुकका पर्यटकको संख्या वृद्धि गर्ने
- पर्यटन प्रवर्धनका लागि आवश्यक पूर्वाधार निर्माण तथा मर्मत गर्ने
- पर्यटक द्वारा सृजना हुने प्लास्टिक जन्य तथा अन्य फोहोर मैला व्यवस्थापन गर्ने
- जंगल सफारी बाहेक अन्य फरक किसिमको पर्यटकीय गतिविधिहरूको सम्भाव्यता अध्ययन गर्ने
- निकुञ्ज सम्बन्धि प्रचार प्रसार गर्ने

८.५ कार्यक्रम

- पर्यापर्यटन प्रवर्धन तथा व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन
- पर्यटक सूचना केन्द्र निर्माण तथा संचालन
- वनपथ पानी पिच
- पर्यटनपथ निर्माण तथा मर्मत
- मचान निर्माण तथा मर्मत
- शौचालय निर्माण तथा मर्मत
- टिकट काउन्टर निर्माण
- वन्यजन्तु सम्बन्धि संग्रहालय तथा पर्यटक विश्रामस्थल निर्माण
- होमस्टे संचालन सहयोग
- निकुञ्जका वन्यजन्तु सम्बन्धि जानकारी दिने पकेट बुक तयारी
- निकुञ्ज सम्बन्धि श्रब्यदृश्य सामग्री तयारी तथा प्रसारण
- साईन बोर्ड निर्माण तथा मर्मत
- नेचर गाइड तालिम
- प्लास्टिकजन्य पदार्थ निकुञ्ज भित्र लैजान रोक लगाउने
- प्लास्टिकजन्य तथा अन्य किसिमको फोहोर मैलाको आवधिक सरसफाई
- कुचिकार यन्त्र (Waste collector) खरिद
- फोहोर फाल्ने खाल्डो निर्माण तथा डस्टबिन खरिद
- बाहुनी नालामा डुंगा सफारी, महाकाली नदीमा राफ्टिंग, र जंगल वाक को सम्भाव्यता अध्ययन
- हिरापुर स्याली नदीमा झुलुंगे पुल निर्माण
- हात्तीथला महाकाली सिचाई आयोजनाको नहर खण्डमा canopy bridge निर्माणको सम्भाव्यता अध्ययन
- अन्य स्थानहरूमा प्रवेशद्वारको सम्भाव्यता अध्ययन

अध्याय ९: मध्यवर्ती क्षेत्र व्यवस्थापन

९.१ परिचय

वि.सं. २०५० मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को चौथो संशोधनबाट स्थानीय बासिन्दाको संरक्षणमा सहभागिता बढाउन मध्यवर्ती क्षेत्र सम्बन्धि प्रावधान ल्याइएको थियो। मिति २०६१/०२/०९ गतेका दिन नेपाल राजपत्र भाग ३ मा नेपाल सरकारले सूचना प्रकाशित गरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको वरिपरि रहेको २४३.५. वर्ग कि.मि. क्षेत्रफल रहेको क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो। तत् पश्च्यात मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ मा भएको प्रावधान बमोजिम मध्यवर्ती क्षेत्र व्यवस्थापनको कार्य हुँदै आएको छ। मध्यवर्ती क्षेत्रले ५ वटा नगरपालिका र २ वटा गाउँपालिकाको गरी जम्मा ४८ वटा वडा समेटेको छ। यस निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तर्गत ९ वटा मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र ३८४ मध्यवर्ती क्षेत्र समूह रहेका छन् (चित्र नं. २९)। यसै गरी ४२ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरू निकुञ्ज कार्यालयमा दर्ता रहेका छन्। ।

९.१.१ सामाजिक अवस्था

वि.सं. २०६८ को जनगणना अनुसार मध्यवर्ती क्षेत्रमा आबद्ध २८० वटा वस्तिहरूमा २२,४१३ घरधुरी रहेका छन् भने र जम्मा जनसंख्या १,४३,३९५ जना रहेको छ। मध्यवर्ती क्षेत्रमा मुख्य गरी १९५० को दशकमा औलो रोग उन्मूलन भए पश्च्यात बसाई सराई गरी आएका पहाडी मुलका समुदाय र यसै क्षेत्रमा परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी समुदायको मिश्रित बसोबास रहेको छ। पहाडी मूलका समुदायमा ब्राह्मण, क्षेत्री र दलित जातीको बाहुल्यता छ भने आदिवासी समुदायमा राना, थारु र सोनाहा जातीको बाहुल्यता रहेको छ। मध्यवर्ती क्षेत्रका अधिकतम् बासिन्दाहरू हिन्दु धर्म मान्ने गर्छन् भने



चित्र नं. २९: मध्यवर्ती उपभोक्ता समितिहरुको कार्य क्षेत्र देखाउने नक्सा

इशाई र बौद्ध धर्म मान्नेको संख्या न्यून रहेको छ। यहाँ बोलिने मुख्य भाषामा डोटेली, राना, थारू, नेपाली रहेका छन्।

९.१.२ आर्थिक अवस्था

यहाँको बासिन्दाको मुख्य पेशा कृषि रहेको छ। वैदेशिक रोजगारमा जानेको संख्या पनि धेरै रहेको छ। मध्यवर्ती क्षेत्रमा वन क्षेत्र केही स्थानहरूमा मात्र भएकोले स्थानीय बासिन्दाको वन पैदावारमा निर्भरता उच्च रहेको छ।

पशुपालन र तरकारी खेति पनि केहि क्षेत्रहरूमा गर्ने गरीन्छ। निकुञ्जको कुल वार्षिक संकलित राजस्वको ३०%-५०% रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति मार्फत मध्यवर्ती क्षेत्रमा विभिन्न संरक्षण, सामुदायिक विकास, सिप विकास तथा आय-आर्जन, संरक्षण शिक्षाका कार्यक्रमहरू गरी खर्च गरिने गर्दछ। यसरी रकम खर्च गर्दा संरक्षण (३०%), सामुदायिक विकास (30%), सिप विकास तथा आय-आर्जन (२०%), संरक्षण शिक्षा (१०%) र प्रशासनिक खर्च (१०%) हुने गरी खर्च गरीन्छ।

९.१.३ भू-उपयोग

मध्यवर्ती क्षेत्रको करिब ५८% क्षेत्रमा खेती योग्य जमिन रहेको छ भने करिब २२% क्षेत्र वनले ढाकेको छ। साल वन क्षेत्र मुख्यतया बेदकोट मध्यवर्ती उपभोक्ता समिति, सुनदेवी मध्यवर्ती उपभोक्ता समिति, शोभाताल मध्यवर्ती उपभोक्ता समिति, र कालिकिच मध्यवर्ती उपभोक्ता समिति अन्तर्गतको क्षेत्रमा मात्र रहेको छ। हिमालय मध्यवर्ती र सगरमाथा मध्यवर्ती क्षेत्रमा महाकाली नदी तटीय सिसम खयरको वन रहेको छ।

९.२ मध्यवर्ती क्षेत्रको विगत र वर्तमान व्यवस्थापकीय पद्धति

विगतमा मध्यवर्ती क्षेत्रको व्यवस्थापनको मुख्य उद्देश्य वन्यजन्तु तथा तिनको वासस्थानको संरक्षण रहेको थियो भने हाल पर्यटन विकास, समुदायको जीविकोपार्जनमा सुधार, र मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्ने रहेको छ।

९.२.१ वन क्षेत्र व्यवस्थापन

मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वन क्षेत्र व्यवस्थापनका लागि selection felling पद्धति अपनाइएको छ। मध्यवर्ती सामुदायिक वनको पाँच वर्षीय कार्ययोजना निकुञ्जको प्राविधिक सहयोगमा तयार गरी उक्त योजनामा उल्लेख भए बमोजिम वन सम्बर्धनका क्रियाकलापहरू संचालन गरिएको छ। निकुञ्ज कार्यालयमा हाल सम्म ४२ वटा मध्यवर्ती सामुदायिक वन र ३ वटा निजी वन दर्ता भएका छन् भने १ वटा मध्यवर्ती धार्मिक वन र २ वटा मध्यवर्ती सामुदायिक वन प्रस्तावित रहेका छन्। हस्तान्तरित ४२ वटा मध्यवर्ती सामुदायिक वनहरूले २६०७.४ हेक्टर वन क्षेत्र ओगटेको छ भने १०७१७ घरधुरी आबद्ध रहेका छन्। मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरूमा ३०,१७८ पुरुष र २९२२६ महिला सहभागी रहेका छन्। मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरूको कार्यसमितिमा ३१७ जना पुरुष र २२३ जना महिला गरी जम्मा ५४० जना पदाधिकारीहरू रहेका छन्।

९.२.२ मध्यवर्ती क्षेत्रको प्रशासनिक संरचना

मध्यवर्ती क्षेत्र व्यवस्थापनको मुख्य भूमिका मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति को रहेको छ। ३८४ मध्यवर्ती क्षेत्र समूह बाट ९ वटा मध्यवर्ती उपभोक्ता समितिका पदाधिकारीहरू चयन हुने गर्दछन् भने ९ वटा मध्यवर्ती उपभोक्ता समितिका अध्यक्षहरू मध्ये बाट १ जना मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको अध्यक्ष चयन हुने गर्दछ र ९ वटै समितिको अध्यक्ष सम्मिलित मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठन हुने गर्दछ। यस व्यवस्थापन समितिमा प्रमुख संरक्षण अधिकृत सदस्य-सचिव र जि.वि.स. (जि.स.स.) को प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था रहेको छ।

९.३ मध्यवर्ती क्षेत्र व्यवस्थापन रणनीति

९.३.१. चुनौती

- मध्यवर्ती क्षेत्रमा जनसंख्याको अनुपातमा वन क्षेत्र वन पैदावारको माग पुरा गर्न अपर्याप्त रहेको
- मध्यवर्ती क्षेत्रका बासिन्दाको वन पैदावारमा निर्भरता उच्च रहेको
- मानव-वन्यजन्तु द्वन्दका घटनाहरू बढी रहेको
- वन क्षेत्रको अतिक्रमण
- मध्यवर्ती क्षेत्रका नदी नालाहरू बाट ढुंगा, गिट्टी, बालुवा संकलनको अत्याधिक चाप रहेको
- न्यून संख्यामा विदेशी पर्यटक आउने हुँदा स्थानीयहरूले पर्यटनबाट अपेक्षाकृत फाइदा नपाएको
- मध्यवर्ती क्षेत्र व्यवस्थापनको लागि वार्षिक प्राप्त हुने राजस्वको ५०% रकम न्यून रहेको
- समन्वयको अभावमा एकै प्रकृतिका कार्यक्रमहरू विभिन्न तह, निकाय, संघ, संस्था द्वारा दोहोरो संचालन गरिने गरेको

- साक्षरता न्यून र बेरोजगारी उच्च रहेको

९.३.२ रणनीति

- मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण
- छिटो छरितो तवरले राहत उपलब्ध गराउने
- वन क्षेत्रको अतिक्रमण हुन नदिने र भएको स्थानहरूबाट हटाउने
- मध्यवर्ती कार्यक्रम तथा समिति पदाधिकारीमा Gender Equality and Social Inclusion (GESI) Strategy 2021-2023 बमोजिम महिला, सिमान्तकृत समुदायको समावेशिता र सहभागिता बढाउने
- समुदायमा आधारित पर्यापर्यटनको विकास गर्ने
- समुदायमा आधारित चोरी शिकार नियन्त्रण गर्ने
- नदी बगर क्षेत्रमा वृक्षारोपण र Green belt क्षेत्रको रूपमा व्यवस्थापन
- सहभागितामुलक जैविक विविधता संरक्षणको प्रवर्धन
- वन पैदावारको माग बमोजिम आपूर्तिको व्यवस्था

९.३.३ क्षेत्र विभाजन

मध्यवर्ती क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि यस क्षेत्रलाई थप संरक्षण जोन (Conservation Zone), दिगो प्रयोग जोन (Sustainable Use Zone), र सघन प्रयोग जोन (Intensive Use Zone) गरी तिन वटा क्षेत्रहरूमा विभाजन गरिएको छ।

९.३.३.१ संरक्षण जोन (Conservation Zone)

सामुदायिक वनको हैसियतमा हस्तान्तरण गरिएका बाहेकका मध्यवर्ती क्षेत्रमा रहेका वन क्षेत्रहरू वन्यजन्तुहरूको लागि तराई बाट चुरे तथा सिमापार आवतजावत गर्ने जैविक मार्गको रूपमा महत्वपूर्ण क्षेत्रको रूपमा रहेका छन्। तसर्थ यी क्षेत्रहरू मुख्य रूपमा वन्यजन्तु तथा तिनको वासस्थान संरक्षण गर्ने उद्देश्यले संरक्षण र व्यवस्थापन गरिने छन्। यस क्षेत्रबाट कुनै किसिमको वन पैदावार संकलन तथा विक्री वितरण गरिने छैन र दिगो पर्यापर्यटनका क्रियाकलापहरू प्रभावकारी नियमन गरी संचालन गरिनेछन्। यस क्षेत्र भित्र पर्ने महाकाली, चौधर, स्याली र अन्य जलस्रोतहरूको खण्डहरूबाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्न र माछा मार्न पाईने छैन।

९.३.३.२ दिगो प्रयोग जोन (Sustainable Use Zone)

मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती क्षेत्र सामुदायिक वन समूहहरूलाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गरिएका मध्यवर्ती सामुदायिक वनहरू यस जोनमा पर्दछन्। यस जोनमा स्थानीय बासिन्दाको वन पैदावारको माग पुरा गर्ने, disperse भएका वन्यजन्तुलाई आश्रय दिने, र दिगो पर्यापर्यटनका क्रियाकलापहरू संचालन गर्ने उद्देश्यले विभिन्न क्रियाकलापहरू संचालन गर्न सकिने छ। यस क्षेत्रमा रहेका नदि नालाहरूबाट दिगोरुपमा ढुंगा, गिट्टी, बालुवा संकलन गर्न निकुञ्ज कार्यालयबाट अनुमति प्रदान गर्न सकिनेछ।

९.३.३.३ सघन प्रयोग जोन (Intensive Use Zone)

यस जोनले मध्यवर्ती क्षेत्रमा रहेका माथि उल्लेखित बाहेकका सम्पूर्ण बस्ती क्षेत्र, र निजी घर तथा खेती योग्य जमिनलाई समेट्दछ। यस क्षेत्रमा वातावरण मैत्री तथा वन्यजन्तु मैत्री सामुदायिक विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरू संचालन गर्न सकिनेछ। यस जोनलाई व्यवस्थापन गर्नुको मुख्य उद्देश्य वन पैदावारका लागि निकुञ्ज क्षेत्रमा स्थानीय बासिन्दाको निर्भरता घटाउने र संरक्षण शिक्षाका कार्यक्रमहरू संचालन गरी जैविक विविधता संरक्षण तिनको सक्रिय सहभागिता बढाउने रहेको छ। यस क्षेत्रमा कार्यक्रम संचालनको लागि प्राथमिकता निर्धारण गर्दा थप मानव-वन्यजन्तु द्वन्दको अवस्था, स्थानीयको वन पैदावारमा निर्भरता, र सम्पन्नता स्तरीकरणको अवस्थालाई समेत ध्यान दिइ गरिनेछ।

९.३.४ जैविक विविधता संरक्षण

बेदकोट मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत रहेको बैजनाथ मध्यवर्ती सामुदायिक वन र सुनदेवी मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत रहेको वातावरण मध्यवर्ती सामुदायिक वनहरू वन्यजन्तुको तराईबाट चुरे पहाड सम्म विचरणका लागि एकदमै महत्वपूर्ण रहेका छन्। वातावरण मध्यवर्ती सामुदायिक वनमा बिजयसाल संरक्षणको कार्यक्रमहरू गरीदैं आइएकोमा त्यस कार्यक्रमलाई निरन्तरता दिइनेछ। त्यसै गरी शोभाताल मध्यवर्ती उपभोक्ता समिति र कालिकिच मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत रहेका मध्यवर्ती सामुदायिक वनहरू हात्तीको जैविक मार्गको रूपमा महत्वपूर्ण रहेका छन्। त्यस्तै मध्यवर्ती क्षेत्रमा प्रत्येक मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत उप-समितिको रूपमा

गठन गरिएको समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाई (CBAPU) वन्यजन्तु उद्धार, चोरी शिकारी तथा आखेटोपहार तस्करी सम्बन्धि सूचना संकलन, र जैविक विविधता सम्बन्धि जनचेतना जगाउन अहम भूमिका रहेको छ। संरक्षणको कार्यक्रम गर्नको लागि छुट्याईने ३०% रकम मध्यवर्ती क्षेत्रमा समुदायमा आधारित वन व्यवस्थापन र जैविक विविधता संरक्षणमा खर्च गरिनेछ।

९.३.५ सामुदायिक विकास

गरिबी उन्मूलन गर्न र स्थानीय बासिन्दाको जीविकोपार्जन सुधार गर्न आवश्यकता र स्थान विशेष अनुसार सामुदायिक विकासका योजनाहरू जस्तै सडक निर्माण, सडक मर्मत, पाटीपौवा निर्माण, खानेपानी निर्माण, विद्यालय सहयोग, सामुदायिक भवन निर्माण, होमस्टे निर्माण तथा संचालन सहयोग, होम पाइप जडान, शौचालय निर्माण इत्यादि कार्यहरूमा सामुदायिक विकासका लागि छुट्टाइएको ३०% रकम खर्च गरिने छ। कार्यक्रम छनौट गर्दा धेरै घरधुरी लाभान्वित हुने र सानो लागत भएको आधारमा छनौट गरिने छ। सामुदायिक विकासको कार्यक्रम संचालनका लागि आवश्यक पर्ने आर्थिक श्रोतका लागि स्थानीय तह, प्रदेश सरकारका निकायसँग निरन्तर समन्वय गरिनेछ।

९.३.६ पर्यापर्यटन

दिगो पर्यापर्यटन विकासका लागि मध्यवर्ती क्षेत्रमा स्थापना गरिएका होमस्टेहरुलाई संचालनमा ल्याइने छ। साथै स्थानीय समुदायको कला संस्कृतिको संरक्षण तथा प्रवर्धन हुने र मध्यवर्ती क्षेत्रका युवाहरूलाई नेचर गाइड तालिम प्रदान गर्दा रोजगारीको अवसरको सृजना समेत हुनेछ। दोधारा चाँदनीको झुलुंगे पुल, मध्यवर्ती क्षेत्रमा रहेका होमस्टेहरु मुख्य आकर्षणको रूपमा रहेका छन्। अन्य दिगो पर्यापर्यटन विकासका लागि अध्याय ८ मा उल्लेख गरे बमोजिम गरिनेछ।

९.३.७ सिप विकास र आयआर्जन

वन पैदावारमा निर्भरता हटाउन विपन्न वर्ग तथा सिमान्तकृत समुदायका घरधुरी र सदस्यहरू लाई बजारको आवश्यकता अनुसार विभिन्न आयआर्जन र सिप विकासका तालिमहरू प्रदान गरिनेछ।

९.३.८ क्षमता विकास

कार्यसमितिका पदाधिकारी, समूह सदस्य, समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाई (CBAPU) का पदाधिकारी, स्थानीय युवाहरु लाई वन्यजन्तु उद्धार, चोरी शिकारी नियन्त्रण, जैविक विविधता संरक्षण, नेतृत्व विकास, रेकर्ड किपिंग, कार्यालय व्यवस्थापन, सहभागितामुलक योजना तयारी, कार्यन्वयन र अनुगमन सम्बन्धि क्षमता विकासका तालिम तथा प्रशिक्षण प्रदान गरिने छ।

९.३.९ मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण

हात्ती-मानव द्वन्द न्यूनीकरणका लागि विद्युतीय तारवार र आर.सि.सि. वाल निर्माण गर्ने र तत्कालै हात्ती आएको सूचना दिन सोलार साइरन जडान, सोलार बत्ति जडान, मचान निर्माण, टर्च लाईट, आवज दिने हात्ती भगाउने उपकरण वितरण गर्ने कार्य गरिनेछ। समय-समयमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा वन्यजन्तुको आनी बानी सम्बन्धि सचेतना र अभिमुखीकरण तालिम उपभोक्ता स्तर र कर्मचारी स्तरमा संचालन गरिनेछ। मध्यवर्ती क्षेत्रमा गठन गरिएका ९ वटा Elephant Response Teams (ERT) लाई परिचालन पनि गरिनेछ।

निलगाई, चित्तल, बँदेलबाट हुने अन्नबाली क्षति नियन्त्रणका लागि प्रभावित क्षेत्रमा PCC सहितको मेषजाली, र काँडे तरबार निर्माण तथा मर्मत गरिनेछ।

मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत वन्यजन्तुले गरेको क्षति बापत तत्काल राहत उपलब्ध गराउन प्रत्येक मध्यवर्ती उपभोक्ता समितिमा वन्यजन्तु बाट भएको क्षतिको तत्काल राहत कोष स्थापना तथा संचालन गरिनेछ। यसका साथै निकुञ्ज कार्यालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन,. २०७५) बमोजिम वन्यजन्तुबाट भएका क्षति बापतको राहत रकम छिटो छरितो उपलब्ध गराइनेछ।

९.३.१० संरक्षण शिक्षा

जैविक विविधता संरक्षण तर्फ सकारात्मक सोच विकास गर्न कार्यसमिति पदाधिकारी, सदस्य, विद्यार्थी, आमा समूह, र युवाहरूलाई लक्षित संरक्षण सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ।

९.३.११ वन पैदावारको आपूर्ति

९.३.११.१. वन पैदावार

वन पैदावारको माग तथा आपूर्ति मुख्य रूपमा मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वनहरूबाट हुने गरेको छ तर सीमित मध्यवर्ती क्षेत्रमा मात्र वन क्षेत्र रहेकोले वन

क्षेत्र नभएको मध्यवर्ती क्षेत्रमा वन पैदावारको माग पुरा गर्न अन्य वैकल्पिक आपूर्तिको श्रोत र उपायहरूको व्यवस्था गरी वन पैदावारको न्यूनतम आवश्यकता पुरा हुने अवस्था सृजना गर्ने प्रयास गरिनेछ। त्यसै गरी सार्वजनिक स्थान र बस्ती बीचमा रहेका जोखिमयुक्त सुकेको, ढलेको, मरेको सालका रूखहरू हटाउन समेत सम्बन्धित निकायमा पहल गरिनेछ। निजी वन विकासलाई प्रोत्साहन गरिनेछ र मध्यवर्ती क्षेत्रमा रहेका खाली चौर, नदी बगरहरूमा वृक्षारोपण गरिनेछ।

९.३.११.२ नदिजन्य पदार्थ संकलन (ढुंगा, गिट्टी, बालुवा)

नदिजन्य पदार्थ संकलनको चाप निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका नदी नालाहरूमा अत्याधिक रहेको छ। साना देखि ठुला भौतिक पूर्वाधार निर्माण गर्दा ढुंगा, गिट्टी, बालुवा निर्माण सामग्रीको रुपमा आवश्यक पर्दछन्। विगत केहि बर्ष देखि विकास निर्माण कार्यमा भौतिक पूर्वाधार निर्माणको कार्य बढ्न थाले संगै अव्यवस्थित र अनियन्त्रित नदी जन्य पदार्थ संकलन कार्यले देश भरिनै नदीको बहाब परिवर्तन हुने, नदीको bed elevate हुने र संकलन गरिएको स्थान तल र माथी कटान हुने गर्दछ। यति मात्र नभई flash floods र floodplain inundation को frequency र intensity बढ्न गई मानवीय र भौतिक पूर्वाधारहरूको क्षति समेत हुने गर्दछ। यसै गरी विभिन्न दुर्लभ र संकटापन्न वन्यजन्तुको वासस्थान पनि विनाश हुने गर्दछ।

निकुञ्जको कोर क्षेत्रबाट नदिजन्य पदार्थ संकलन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले निषेध गरेको छ र वातावरण ऐन, २०७६ र वातावरण नियमावली, २०७६ मा वातावरणीय अध्ययन गरेर मात्र संकलन गर्न सकिने प्रावधान रहेको छ। मध्यवर्ती क्षेत्रमा नदिजन्य पदार्थ संकलनको नियमन र व्यवस्थापनको जिम्मेवारी निकुञ्ज कार्यालयको रहने व्यवस्था रहेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका र नगरपालिकालाई आ-आफ्नो क्षेत्र भित्र रहेका नदी नाला बाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने व्यवस्था मिलाउने जिम्मेवारी दिएको भएतापनि विकास निर्माण कार्यमा ढुंगा, गिट्टी, बालुवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व संकलनलाई व्यवस्थित गर्न तथा गाउँपालिका व नगरपालिकालाई ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रि गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ जारी गरिएकोमा उक्त मापदण्डको दफा नं ६ (वन तथा चुरे क्षेत्र सम्बन्धि व्यवस्था) को उपदफा नं ७ मा "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा संकलन सम्बन्धि व्यवस्था प्रचलित संघिय कानुन बमोजिम हुनेछ" भनि उल्लेख गरिएको छ।

मध्यवर्ती क्षेत्रमा रहेका नदी नालाहरू बाट मध्यवर्ती समितिले संचालन गरेको सामुदायिक विकास कार्यका लागि मात्र ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्न दिने प्रचलन रहेको छ। साथै मध्यवर्ती क्षेत्र भित्रका स्थानीय तह द्वारा संचालित साना आयोजनाहरूलाई चाहिने ढुंगा, गिट्टी, बालुवा उपलब्ध गराउँदै आएको छ। सो बापतको नेपाल सरकार द्वारा तोकिएको राजस्व बुझाए पछि मात्र ढुंगा, गिट्टी, बालुवा संकलन अनुमति जारी हुने गर्दछ। यसरी उत्खनन् अनुमति वर्षको केही महिनामा र मध्यवर्ती क्षेत्रको नदीको केही खण्डको लागि मात्र प्रदान गरिन्छ। जुनसुकै अवस्थामा यस प्रक्रियाबाट संकलन गरिएको ढुंगा, गिट्टी, बालुवा मध्यवर्ती क्षेत्र बाहिर लगी प्रयोग गर्न पाईदैन। संकलन कार्य निकुञ्ज प्रशासनको प्रत्यक्ष निगरानीमा हुने गर्दछ। निकुञ्ज प्रशासनको अनुमतिको आधारमा संकलन गर्न मेसिनको प्रयोग पनि गर्न सकिन्छ।

यस प्रक्रियाबाट मध्यवर्ती क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा संकलन गर्न सम्बन्धित मध्यवर्ती उपभोक्ता समितिले निकुञ्ज कार्यालयको प्राविधिक सहयोगमा जैविक विविधता संरक्षणमा असर नपर्ने गरी आफ्नो क्षेत्रमा रहेको प्राकृतिक श्रोतहरूको व्यवस्थापन गर्न व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका नदीबाट संकलन गर्न सकिने ढुंगा, गिट्टी, बालुवाको परिमाण अनुसूची १५ मा राखिएको छ। प्रत्येक मध्यवर्ती उपभोक्ता समितिले बार्षिक संकलन परिमाणको ४०% वालुवा, ४०% गिट्टी र २०% ढुंगा मात्र संकलन गर्न पाउनेछन्। प्रत्येक वर्ष संकलन गर्न सकिने ढुंगा, गिट्टी, वालुवाको परिमाण हरेक बर्ष संकलन गरिएको परिमाणको मात्राको आधारमा पुनरावलोकन गर्न सकिनेछ।

नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) संकलनका लागि सम्बन्धित मध्यवर्ती क्षेत्र सामुदायिक वन उपभोक्ता समूहले उपभोक्ताहरू बाट माग संकलन गरी हुन् आउने

जम्मा परिमाणको वार्षिक संकलन परिमाण भन्दा बढि नहुने गरी सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति, रेन्जपोष्ट तथा सेक्टर कार्यालयको सिफारिसमा निकुञ्ज कार्यालयबाट अनुमति प्राप्त गरे पश्च्यात मात्र संकलन गर्न पाईनेछ। संकलन/उत्खनन् स्थानहरूको निकुञ्ज कार्यालयबाट आवधिक अनुगमनको व्यवस्था गरिनेछ। मध्यवर्ती क्षेत्र भित्र मध्यवर्ती उपभोक्ता समितिले संचालन गरेका सामुदायिक विकास कार्यहरूका लागि पनि निकुञ्ज कार्यालयले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) संकलन अनुमति दिन सक्नेछ। तर मध्यवर्ती क्षेत्र भित्र संचालन हुने स्थानीय तह वा अन्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूलाई आवश्यक नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को आपूर्ति मध्यवर्ती क्षेत्रबाट हुने गरी लागत अनुमानमा समावेश गरिएको अवस्थामा मात्र मध्यवर्ती क्षेत्रबाट आवश्यक नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) र वन पैदावार संकलनका लागि निकुञ्ज कार्यालयले संकलन अनुमति दिन सक्नेछ।

नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को संकलन/उत्खनन् यस योजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरु भित्र रही गर्नुपर्नेछ।

९.३.१२ वन क्षेत्रको अतिक्रमण

मध्यवर्ती क्षेत्रको कालिकिच मध्यवर्ती क्षेत्र उपभोक्ता समिति अन्तर्गतको अजयपाल मध्यवर्ती सामुदायिक वनको करिब ७.९१ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा रहेको छ।

९.४ कार्यक्रम कार्यान्वयन रणनीति

- सम्पूर्ण कार्यक्रम मध्यवर्ती उपभोक्ता समिति मार्फत संचालन गरिनेछन्
- सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ
- साझेदार संघ संस्थाहरू सँगको समन्वय र सहकार्यका आधार कार्यक्रम छनौट तथा कार्यान्वयन गरिनेछ
- मध्यवर्ती क्षेत्रमा रहेका खाली स्थान र नदी बगरहरूमा वृक्षारोपण गरिनेछ
- मध्यवर्ती क्षेत्रमा रहेका सिमसारहरूको पुनर्स्थापना गरिनेछ
- वन्यजन्तु मैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ
- सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ
- कार्यक्रम सम्बन्धि गुनासो दर्ता गराउने व्यवस्था गरिनेछ
- दिगो नदिजन्य पदार्थको संकलनको व्यवस्था गरिनेछ

सम्पूर्ण कार्यक्रमहरु कार्यन्वयन गर्दा मुख्य रणनीति वन्यजन्तु र तिनको वासस्थानको संरक्षण, वन्यजन्तुको विभिन्न प्रजातिको अनुगमन, वन पैदावार संकलन र चरिचरणको नियमन, मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण र वन्यजन्तुबाट हुने क्षतिको राहत उपलब्ध गराउने हुनेछन्।

कार्यक्रम

- ४२ वटा कार्ययोजना नवीकरण सहयोग
- ३ वटा प्रस्तावित मा.सा.व.उ.स. दर्ता गर्ने
- वन व्यवस्थापन तालिम
- मध्यवर्ती क्षेत्रको घाँसेमैदान तथा सिमसार व्यवस्थापन
- नर्सरी निर्माण
- वृक्षारोपण
- सुधारिएको चुलो वितरण १०० घरधुरी लाई
- सडक मर्मत
- वैकल्पिक कृषि बाली खेति तालिम
- उन्नत जातको पशु बोका वितरण
- उन्नत जातको घाँस, डालेघाँसको बिउ वितरण
- नेतृत्व विकास तालिम
- श्रेस्ता तथा रेकर्ड कीपिंग तालिम
- सहकारी व्यवस्थापन तालिम
- अध्ययन अवलोकन भ्रमण
- वन्यजन्तुले गरेको क्षति वापत तत्काल राहत उपलब्ध गराउन प्रत्येक मध्यवर्ती उपभोक्ता समितिमा वन्यजन्तुबाट भएको क्षतिको तत्काल राहत कोष स्थापना तथा संचालन
- Ecoclub गठन तथा संचालन
- CBAPU लाई सहयोग तथा संचालन
- जैविक विविधता संरक्षण सम्बन्धि स्कूलहरूमा कक्षा संचालन
- प्रचलित वन्यजन्तु संरक्षण तथा मध्यवर्ती क्षेत्र सम्बन्धि ऐन कानून सम्बन्धि सचेतना तालिम
- Elephant Response Teams (ERT) परिचालन
- मानव-वन्यजन्तु द्वन्द बाट प्रभावित परिवारलाई Improved Coral सहयोग
- मानव-वन्यजन्तु द्वन्द बाट प्रभावित परिवारको बच्चालाई छात्रवृती प्रदान

अध्याय १०: निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सम्बन्धि विशेष कार्यक्रम

१०.१ जलवायु परिवर्तन र जैविक विविधता संरक्षण

जलवायु परिवर्तनको कारणले नेपालको तराई क्षेत्र देखि हिमाल सम्मको औसत तापक्रम बढेको देखिन्छ (GoN/MoFE 2021)। Berkeley Earth Dataset को तथ्यांक अनुसार सन् १९००-१९१७ र २०००-२०१७ को समयावधिमा क्रमशः १.० डिग्री सेल्सियस र १.३ डिग्री सेल्सियस तापक्रम बढेको देखिन्छ भने सन् १९७१ देखि २०१४ सम्म प्रति बर्ष ०.०५६ डिग्री सेल्सियसले बढेको देखिन्छ। सन् १९७१ देखि २०१४ सम्म सबै सिजनमा वार्षिक वर्षाको परिमाण घटेको देखिन्छ भने precipitation extremes बढेको देखिन्छ (GoN/MoFE 2021)। (MoFE 2019) ले नेपालको छोटो समयावधि र लामो समयावधिको लागि जलवायु परिवर्तनको तापक्रम र वर्षामा असरबारेमा गरेको प्रक्षेपण अनुसार नेपालको सबै भौगोलिक क्षेत्रमा तापक्रम र वर्षा बढ्ने अनुमान गरिएको छ। Protected Area Management Strategy 2022-2030 (DNPWC 2022) ले "Climate resilient ecosystems and self-sustaining protected area systems by 2030" लाई मुख्य लक्ष्यको रूपमा लिएको छ र "Climate resilient and adaptive management" लाई मार्गदर्शक सिद्धान्तको रूपमा राखेको छ।

जलवायु परिवर्तनले वन्यजन्तुको आनीबानी र तिनको वासस्थानमा असर त पार्छ नै साथ साथै वन डढेलो, बाढी पहिरोको dynamics मा पनि असर पार्दछ। यसका साथै सिमसारहरूमा रहने पानीको मात्रा, नदीहरूको बहाव, नदिजन्य पदार्थको परिमाण, नदी कटान आदिमा पनि असर पर्न जान्छ। यस निकुञ्जमा रहेका सिमसार र नदीहरू: महाकाली, चौधर, स्याली जलवायु परिवर्तनबाट प्रभावित हुने उच्च जोखिम रहेका छन्।




महाकाली नदीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कटान गरेको क्षेत्र देखाउने
सन् २०००/०२/२९ को Landsat_7_ETM+_L2_True_Color नक्सा
डडेल्धुरा
भारत
भारत
तयार गर्ने:
सं.अ. मनोज ऐर/श.रा.नि.
0 5 10 km
Source: Sentinel hub, Landsat_7_ETM+_L2, Dept. of Survey (1994/98), MoFAGA and ShNP/DNPWC, GoN, Field Survey 2079
निकुञ्ज क्षेत्र
मध्यवर्ती क्षेत्र
नेपाल-भारत सिमाना
शुक्लाफाँटा घाँसेमैदान
महाकाली नदि कटान क्षेत्र


महाकाली नदीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कटान गरेको क्षेत्र देखाउने
सन् २०११/०२/१९ को Landsat_4-5_TM_L2_True_color नक्सा
डडेल्धुरा
भारत
भारत
तयार गर्ने:
सं.अ. मनोज ऐर/श.रा.नि.
0 5 10 km
Source: Sentinel hub, Landsat_4-5_TM_L2, Dept. of Survey (1994/98), MoFAGA and ShNP/DNPWC, GoN, Field Survey 2079
निकुञ्ज क्षेत्र
मध्यवर्ती क्षेत्र
नेपाल-भारत सिमाना
शुक्लाफाँटा घाँसेमैदान
महाकाली नदि कटान क्षेत्र



मुख्यतया महाकाली नदीको Landsat satellite को सन् १९८९ देखि सन् २०२० सम्मको Satelllite Image को visual analysis गर्दा महाकाली नदीको बहाव निकुञ्जको झाला तथा ढकनाघाट क्षेत्र तिर सरेको र करिब ३.४२ वर्ग कि.मि. वन क्षेत्र कटान गरीसकेको र थप क्षेत्र कटान भै शुक्लाफाँटा घाँसेमैदानमा समेत कटानको उच्च जोखिममा रहेको देखिन्छ।

१०.१.१ सवाल

- महाकाली नदीको बहाब निकुञ्ज क्षेत्र तिर बढेको र भविष्यमा शुक्लाफाँटा घाँसेमैदानलाई असर गर्न सक्ने
- Pre-monsoon मा सिमसार तथा पानी पोखरीहरू सुक्ने
- Flash floods र मानव वस्ती र घाँसेमैदानमा Inundation हुन सक्ने
- वन डढेलोको जोखिम उच्च हुने
- खडेरी र सुख्खायाम ले गर्दा पानीको श्रोत सुक्ने

१०.१.२ रणनीति

- जलवायु परिवर्तनले पार्न सक्ने सम्भावित असरको विश्लेशण: हाल सम्ममा निकुञ्जको जलवायुमा भएको परिवर्तनको अवस्था र भविष्यमा जलवायु परिवर्तनले जैविक विविधता, वन्यजन्तुको व्यवहार, वासस्थान, परिस्थितिकिय प्रणाली, भौतिक पूर्वाधार, वन डढेलो, बाढी पहिरोको dynamics र स्थानीय जीविकोपार्जनमा पर्न सक्ने असर बारेमा आकलन र प्रक्षेपण गर्ने।
- संवेदनशिल क्षेत्रहरूको पहिचान: प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, हावाहुरी को जोखिममा रहेका क्षेत्रहरूको पहिचान तथा तापक्रम र वर्षाको परिमाणमा हुने परिवर्तनले निकुञ्जको परिस्थितिकीय प्रणालीमा असर पर्न सक्ने क्षेत्रहरूको पहिचान गर्ने।
- जलवायु परिवर्तन अनुकूलन व्यवस्थापन कार्यहरू गर्ने: जलवायु परिवर्तन अनुकूल भौतिक पूर्वाधार निर्माण, घाँसेमैदान व्यवस्थापन, सिमसार पुनर्स्थापना र व्यवस्थापन, वासस्थान पुनर्स्थापना, वन डढेलो व्यवस्थापन, दिगो पर्यापर्यटन व्यवस्थापन, मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन, ।
- खडेरी र अन्य पानीको कमि सम्बन्धी प्रभावहरू कम गर्न वर्षाको पानी संकलन, भूमिगत पानी रिचार्ज र पानी भण्डारण गर्ने।

- हरित गृह ग्याँस उत्सर्जन घटाउने: विद्युतीय साधनको प्रयोग बढाउने, हरित गृह ग्याँस उत्सर्जन कम हुने पर्यापर्यटनका गतिविधिहरू (Electric safari vehicle, Jungle Walk, Boating) लाई प्रोत्साहन गर्ने।
- सम्पूर्ण सरोकारवालाहरूको आपसी समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकुल कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने र आवश्यकता अनुसार योजना अद्यावधिक गर्ने।
- मध्यवर्ती क्षेत्रका बासिन्दाहरूको जीविकोपार्जनमा विविधीकरण, वैकल्पिक ऊर्जाको प्रयोगमा प्रोत्साहन, जलवायु परिवर्तन र अनुकूलन सम्बन्धि अभिमुखीकरण।
- जलवायु परिवर्तनले तापक्रम तथा वर्षामा पारेको असरको निरन्तर रेकर्ड राख्ने।
- निकुञ्ज प्रशासन, नेपाली सेना र मध्यवर्ती क्षेत्रका बासिन्दाको जलवायु परिवर्तन सँग जुध्न सक्ने गरी क्षमता विकास गर्ने
- समुदायमा आधारित प्राकृतिक प्रकोप व्यवस्थापन र जलवायु अनुकूलनका कार्यक्रमहरू संचालन गर्ने
- जलवायु मैत्री साधन र प्रविधिको प्रयोग बढाउने
- दिगो वासस्थान व्यवस्थापन गरी कार्बन संचिति बढाउने
- Carbon neutral संरक्षित क्षेत्र बनाउन तर्फ केन्द्रित हुने

१०.१.३ कार्यक्रम

- समुदायमा आधारित प्राकृतिक प्रकोप व्यवस्थापन र जलवायु अनुकूलन योजना तयारी र कार्यान्वयन
- जलवायु परिवर्तनले वन्यजन्तुको आनीबानी र तिनको वासस्थान, वन डढेलो, बाढी पहिरोको dynamics मा पार्ने असर बारेमा अध्ययन अनुसन्धान गर्ने
- जलवायु परिवर्तनको जोखिम मापन
- बाढीबाट प्रभावित हुन सक्ने बस्ती तथा पूर्वाधारहरूको नक्सांकन
- स्थानीय तहहरूमा प्राकृतिक प्रकोप व्यवस्थापन र जलवायु अनुकूलन योजना तयारी र कार्यान्वयन
- बाढीको उच्च जोखिममा रहेका स्थानमा पूर्व सूचना प्रणाली जडान
- वन्यजन्तुहरूको लागि भिषण बाढी तथा वन डढेलोको समयमा बच्न उपयुक्त स्थान पहिचान गरी climate refugia निर्माण गर्ने
- नदी बगरमा वृक्षारोपण
- महाकाली, चौधर, स्याली नदीमा तटबन्ध निर्माण
- Hydro-Meteorological stations हरु स्थापना गर्ने
- आवधिक कार्बन संचिति मापन तथा सर्वेक्षण गर्ने
- विद्युतीय साधनको प्रयोग गर्ने
- हरित गृह ग्याँस उत्सर्जन कम हुने पर्यापर्यटनका गतिविधिहरू (Electric safari vehicle, Jungle Walk, Boating) लाई प्रोत्साहन गर्ने

१०.२ फोहोरमैला व्यवस्थापन

१०.२.१. विद्यमान अवस्था

